A N N U A L R E P O R T

# ANNUAL REPORT



## FISCAL YEAR 2081/2082

Tribhuvan University

# TERHATHUM MULTIPLE CAMPUS

Aathrai 6 Chuhandada Tehrathum.




https:temc.tu.edu.np

# वार्षिक प्रतिवेदन

# Annual Report

## २०८१/०८२

त्रिभुवन विश्वविद्यालय

## तेह्रथुम बहुमुखी क्याम्पस

आठराई गाउँपालिका ६, चुहानडाँडा, तेह्रथुम

प्रकाशकः तेह्रथुम बहुमुखी क्याम्पस, आठराई-६,चुहानडाँडा, तेह्रथुम ।
फोन नं. : ९८५२६६६६७०
इमेल : info@temc.tu.edu.np/chief@ temc.tu.edu.np
वेवसाइट : www.temc.tu.edu.np
सल्लाहकारः श्री पोष्टराज लामिछाने, क्याम्पस प्रमुख
वार्षिक प्रतिवेदन निर्माण समिति संयोजक : श्री गणेश विमली
सदस्य : श्री योगेश काफ्ले
सदस्य :कृष्णप्रसाद निरौला

प्रकाशित मिति : २०८२/०८/१४

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY

# तेह्रथुम बहुमुखी क्याम्पस

TERHATHUM MULTIPLE CAMPUS
*क्याम्पस प्रमुखको कार्यालय*

च.नं. आठराई-६ चुहानडाँडा, तेह्रथुम कोशी
प.सं. ०८२ /०८३ मितिः २०८२/०८/१२

## क्याम्पस प्रमुखको सन्देश

तेह्रथुम बहुमुखी क्याम्पसले आथिक वर्ष २०८१/०८२ मा कार्यसम्पादन गरेका सम्पूर्ण गतिविधिलाई समेटेर तयार पारिएको वार्षिक प्रतिवेदन २०८१/०८२ प्रकाशन गर्न पाउँदा म अत्यन्त हर्षित भएको छु। क्याम्पसको बृहत्तर विकासको यात्रामा शिक्षक-कर्मचारीहरूकोको समर्पण, विद्यार्थीहरूको लगाव, सक्रियता, र सम्पूर्ण सरोकारवालाहरूको अभूतपूर्व सहयोग तथा साझेदार संस्थाहरूको विश्वासबाट निरन्तर प्रगतिपथमा अघि बढिरहेको छ । शैक्षिक वर्ष २०८१/८२ मा हामीले Strategic Plan २०२३-२०२७ र वार्षिक नीति तथा कार्यक्रम अनुसार पूर्वाधार विकास, शैक्षिक गुणस्तर सुधार ,डिजीटाइजेसन, अनुसन्धान तथा प्रकाशन, क्षमता विकास र विद्यार्थी सहयोग केन्द्रित क्रियाकलपहरूमा महत्वपूर्ण प्रगति हाँसिल गरेका छौं । QAA certified प्रक्रिया, ICT–Integrated कक्षाहरू, विषयगत सिपमूलक तालिम तथा सेमिनार, नन क्रेडिट कोर्स सञ्चालन, EMIS प्रणाली र एकेडेमिक सुधार योजना कार्यान्यन आदिले शिक्षण-सिकाइ प्रक्रियामा प्रभावकारिता ल्याएको छ ।

पूर्वाधार र शैक्षिक वातावरण सुधारको क्षेत्रमा क्याम्पसले नयाँ शिक्षण भवन निर्माण सम्पन्न, पुराना भौतिक संरचनाको मर्मत संभार तथा रंगरोगन र हरित तथा सुरक्षित क्याम्पस निर्माणमा ठोस कदम चाल्यो । सुशासन र पारदर्शिताका लागि ऐन नियम कार्यबिधि र निर्देशिकाको निर्माण र नियमित अनुगमन, लेखापरीक्षण र विद्यार्थी-सुविधा प्रणालीको कार्यान्वयनले क्याम्पसलाई उत्तरदायी र व्यवस्थित बनाएको छ । समुदायसँगको सहकार्य अन्तर्गत संस्थाहरूसँग पारस्परिक सम्झौता,शिक्षक प्रशिक्षण, उद्यमशीलता सहयोग, सचेतना कार्यक्रम र सामाजिक उत्तदायित्वका कार्यक्रमहरू सञ्चालन गरिनु, र विद्यार्थीहरूको सांस्कृतिक, खेलकुद लगायतका अतिरिक्त क्रियकलापहरू र नेतृत्व विकास सम्बन्धी गतिविधिहरूमा विद्यार्थीहरूको सक्रिय सहभागिताले क्याम्पसको पहिचानलाई अझ उजागर गरेको छ ।

आगामी २०८२/०८३ वर्षमा क्याम्पसले QAA प्रमाणीकरणको मान्यता UGC बाट प्राप्त गर्ने, शिक्षण सिकाइलाई थप व्यवस्थित गर्दै डिजिटल प्रविधिहरूसँग एकीकृत गर्दै लैजाने, पूर्वाधारको विकास, विद्यार्थी उर्तीणदर वृद्धि तथा गुणस्तर सुधार, प्रशासनिक सेवा प्रवाहलाई थप चुस्त दुरूस्त पारदर्शी र जवाफदेही बनाउने,बजारमुखी र सिपमूलक कार्यक्रम विस्तार, अनुसन्धान तथा डिजिटल सेवा सुदृढीकरण, र समुदाय र सरोकारवालाहरू बिचको साझेदारीलाई दिगो बनाउने कार्यमा विशेष ध्यान दिनेछ । हामी सामूहिक प्रयास र पूर्णप्रतिबद्धताका माध्यमबाट तेह्रथुम बहुमुखी क्याम्पसलाई यस क्षेत्रको उत्कृष्ट क्याम्पसको रुपमा स्थापित हुनेछ भन्ने कुरामा विश्वास गर्दछौं। सबै शिक्षक-कर्मचारी, विद्यार्थी, अभिभावक लगायत सरोकारवालाहरूको भावी दिनमा थप सहयोगको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

क्याम्पस प्रमुख
पोष्टराज लामिछाने

# ACKNOWLEDGMENT

We express our sincere appreciation to everyone who played a part in the preparation of this Annual Report. We are grateful to the faculty, department heads, hostel wardens, library staff, section leaders, and the Terhathum Multiple Campus administration for their timely cooperation and for providing the information needed throughout the process. We offer special thanks to Mr Postaraj Lamichhane, Campus Chief, whose consistent support and thoughtful guidance greatly enriched the quality of this report.

We also acknowledge the dedication of both teaching and non teaching staff whose steady collaboration made this work possible. We are thankful for the insights shared by various experts, which strengthened the clarity and depth of the final document. In addition, we recognize the important roles played by the QAA Section, the By Laws Formulation Cell, the Infrastructure Construction and Management Cell, and the Extra Curricular Activities Management Cell in supporting campus initiatives and policies.

We appreciate the effective coordination of the Internal Examination Management Cell, the Hostel Management Cell, and the Stakeholder Relation Cell. We value the contributions of the Student Council and Employment Cell, the Tracer Study Cell, and the Instructional Plan Management Cell for their work in enhancing student participation and academic planning. The continued support of the Library Management Cell, the Campus Sanitation Management Cell, and the Procurement Cell has been vital to sustaining essential campus services.

We further acknowledge the commitment of the Grievance Redressal Mechanism Cell, the Academic Audit Cell, and the Internal Quality Assurance Cell for maintaining standards and addressing institutional needs. We extend our gratitude to the Construction Committee and the EMIES team for their role in campus development and data management.

Finally, we thank the Student Welfare Committee for safeguarding the well being of our students. Above all, we appreciate the engagement of the entire campus community. Their collective effort has enabled us to present an accurate and meaningful account of the campus journey and achievements. This report would not have been possible without their shared commitment.

**Annual Report Preparation Team**
**Coordinator**: Ganesh Bimali
**Members**: Yogesh Kafle
**Members**: Krishna Prasad Niroula

# विषय सूची

## Table of Contents


तेह्रथुम बहुमुखी क्याम्पसको ऐतिहासिक विकासक्रम ........ 8

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम ........ 11

Report of Self-Assessment Team (SAT) ........ 18

Research Management Committee (RMC) Annual Report ........ 20

त्रि.वि. प्राध्यापक संघ क्याम्पस एकाइ समिति ........ 23

Department of English ........ 28

स्टेकहोल्डर सम्बन्ध सेल )एसआरसी( ........ 30

नेपाली विभाग तथा अर्थशास्त्र विभाग ........ 32

Academic Audit Report ........ 37

Campus Sanitation Management Cell ........ 40

Tracer Study Report ........ 42

शिक्षण अभ्यास विभागको प्रतिवेदन ........ 46

Population Department ........ 51

Instructional Plan Management Cell ........ 54

पूर्वाधार निर्माण तथा व्यवस्थापन समिति ........ 55

पुरुष छात्रवासको प्रतिवेदन ........ 60

उद्यमशीलता सहयोग कार्यक्रम ........ 63

कम्प्युटर ननक्रेडिट कोर्सको ........ 66

आन्तरिक परीक्षा व्यवस्थापन सेल ........ 67

महिला छात्रावास प्रतिवेदन ........ 70

Internal Quality Assurence Cell (IQAC) ........ 74

Department of Political Science, Mathematics ........ 77

शैक्षिक सूचना व्यावस्थापन प्रणाली EMIS ........ 79

By–laws Cell ........ 82

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) वार्षिक प्रतिवेदन ........ 84

विद्यार्थी कल्याण शाखा ........ 87

छात्रवृत्ति छनौट समितिको वार्षिक प्रतिवेदन ........ 90

SchoaLarship Provided from the Campus ........ 91

विद्यार्थी गुणस्तर सर्कल (Student Quality Circle – SQC) ........ 93

गुनासो सुनुवाइ समिति ........ 95

खरीद समिति ........ 97

पुस्तकालय शाखाको वार्षिक प्रतिवेदन ........ 99

Community Outreach Program Report ........ 104

विद्यार्थी परामर्श तथा रोजगार सेल ........ 106

Details of Teaching Staff ........ 110

Details of Administrative Staff ........ 111

Campus Building (Old and New) ........ 111

# तेह्रथुम बहुमुखी क्याम्पसको ऐतिहासिक विकासक्रम

तेह्रथुम जिल्लाको उत्तर-पश्चिम भेगमा अवस्थित आठराई क्षेत्र ऐतिहासिक, सांस्कृतिक, राजनैतिक र शैक्षिक पहिचानले सम्पन्न स्थानका रूपमा परिचित छ । यही क्षेत्रका स्थानीयवासी तथा शिक्षा-प्रेमीहरूको संयुक्त पहलमा, यस क्षेत्रको केन्द्रस्थल चुहानडाँडामा वि.सं. २०१७ साल जेष्ठ २१ गते एक उच्च शिक्षालय स्थापना भयो । सुरुवाती दिनहरूमा 'वीरेन्द्र इन्टर कलेज' नामबाट सञ्चालन भएको यो संस्था अहिले 'तेह्रथुम बहुमुखी क्याम्पस' नामले चिनिन्छ । भारतका दार्जिलिङ तथा बनारस जस्ता स्थानमा गएर उच्च शिक्षा हासिल गर्नुको सट्टा, आफ्नै गाउँठाउँमै शैक्षिक अवसर सिर्जना गर्न सकिने हो भने स्थानीय विकासमा ठूलो टेवा पुग्छ भन्ने सोचले कलेज स्थापना गर्ने कल्पना पलाएको थियो। त्यसै सोचको परिणामस्वरूप पदमप्रसाद उप्रेती, हरिचरण सिटौला, हरिप्रसाद थपलिया, लक्ष्मीप्रसाद उप्रेती, चन्द्रमान कन्दङ्वा, शिवकुमार श्रेष्ठ, लक्ष्मीप्रसाद थपलिया लगायतका अभिभावकहरूको सक्रियता तथा विशेषगरी पदमप्रसाद उप्रेतीको नेतृत्वमा वि.सं. २०१७ साल जेष्ठ १० गते धनकुटाका तत्कालीन बडाहाकिम मकरबहादुर वान्तवाले कलेज उद्घाटन गरेका थिए । दार्जिलिङबाट अंग्रेजीमा एम.ए. गरेका राजनारायण प्रधानलाई कलेजको पहिलो प्राचार्य नियुक्त गरिएको थियो ।

वि.सं. २०१८ सालमा कलेजले शिक्षा मन्त्रालयबाट अस्थायी स्वीकृति प्राप्त गर्यो भने वि. सं २०२२ सालमा स्थायी स्वीकृति पायो । कलेजका आरम्भिक कक्षाहरू श्री शारदा हाइस्कुलका दुईवटा कोठामा सञ्चालन गरिन्थे । कलेजलाई थप व्यवस्थित रूप दिन, वि.सं. २०२५ साल वैशाख ४ गते बसेको व्यवस्थापन समितिको बैठकले चुहानडाँडाको 'उच्च टाहार' नामक स्थानमा रहेको श्रीप्रसाद सिंह खवास भुजेलको ५२-९-२ क्षेत्रफलको जग्गा चन्दा उठाई जम्मा भएको रु. १४,७५२ अक्षेरेपि चौध हजार सात सय बाउन्नमा खरिद गर्ने निर्णय गर्यो । अनुमानित रु. १ लाख ४० हजार लागतमा भवन निर्माण गर्ने योजना बनाइयो, जसको आधा रकम स्थानीय जनसहभागिताबाट र बाँकी आधा रकम सरकारबाट प्राप्त गर्ने उद्देश्य थियो । २०२५ साल वैशाखमा द्रोणाचार्य सिटौलाद्वारा भवनको शिलान्यास गरियो र तत्कालीन श्री ५ को सरकारबाट प्राप्त रु. ३०,००० सहित स्थानीयले श्रमदान र आर्थिक सहयोग संकलन गरी २०२६ साल असारतिर १५० फिट लामो, २३ फिट चौडाइ र दुईतले १६ कोठे खरको छानो भएको भवन निर्माण सम्पन्न गरियो । २०२७ साल असारमा क्याम्पस व्यवस्थापन समितिले नवनिर्मित भवन उपयोगका लागि तयार भइसकेको जनाउँदै कलेजलाई छिट्टै स्थानान्तरण गरी दिवा कक्षा सञ्चालन गर्ने निर्णय गर्यो । यस क्याम्पसको विकास यात्रा केवल भौतिक पूर्वाधारमै सीमित नभई शैक्षिक विस्तारको दृष्टिले पनि महत्वपूर्ण रहँदै आएको छ । स्थानीय समुदाय, विद्यार्थी, पूर्वविद्यार्थी र सप्रेम सहयोगी अभिभावकहरूको निरन्तर प्रयत्नका कारण क्याम्पसले आफ्नो शैक्षिक गुणस्तर विस्तार गर्दै समयानुकूल विषयहरू थप गर्दै आएको छ । प्रदेश तथा केन्द्र सरकारको समन्वय, स्थानीय तहको समर्थन र समुदायको निरन्तर सहभागिताले आज यो क्याम्पस आठराई क्षेत्रकै मात्र नभई सम्पूर्ण जिल्लाको शैक्षिक विकासको आधारस्तम्भका रूपमा स्थापित भएको छ ।

त्रि.वि. को आङ्गिक क्याम्पसको रूपमा मानविकीतर्फ चार वर्षे स्नातक (वि.ए.) र जनसङ्ख्या अध्ययन विषयमा स्नातकोत्तर (एम.ए.) एवम् शिक्षाशास्त्रतर्फ चार वर्षे स्नातक (वि.एड.) को अध्ययन अध्यापन हुने यस क्याम्पसमा १९ जना प्राध्यापक, ९ जना कर्मचारी र करिब ३०० विद्यार्थी रहेका छन् । मानविकीतर्फ अङ्ग्रेजी, नेपाली, गणित, जनसङ्ख्या, राजनीतिशास्त्र, अर्थशास्त्र र इतिहास विषयहरू अध्ययन अध्यापन भइ रहेका छन् भने शिक्षाशास्त्रतर्फ विशिष्टीकरण विषयको रूपमा चारवर्षे वि.एड. तहमा अङ्ग्रेजी शिक्षा, नेपाली शिक्षा, गणित शिक्षा र जनसङ्ख्या शिक्षा र व्यबस्थापन संकाय रहेका छन् । हाल स्नातक र स्नातकोत्तर तहसम्म अध्ययन अध्यापन

हुने यस क्याम्पसमा सरकारी पक्ष, त्रि.वि., स्थानीय शुभचिन्तकहरूको सहयोग र सद्भाव पाएमा अझ गुणस्तरीयता थप्दै थप विषय, विभिन्न सङ्काय र विषयहरूको पढाइ सञ्चालन गरी उच्चस्तरीय जनशक्ति उत्पादन गरेर समाज एवम् राष्ट्र निर्माणमा योगदान गर्ने यस क्याम्पसको भावी लक्ष्य रहेको छ ।

यस क्याम्पसको नाममा वि.सं. २०२४ सालमा श्रीप्रसाद सिंह खवाससँग र २०४० सालमा टेकबहादुर खड्का तथा रत्नबहादुर डाँगीसँग थप जग्गा खरिद गरी हाल ९२ रोपनी ११ आना ३ पैसा (९२-११-३) जमिन क्याम्पस भएकै स्थानको सेरोफेरोमा भोग चलनमा रहेको छ ।

## क्याम्पस कार्यसमिति

| | |
|---|---|
| १. पोष्टराज लामिछाने | अध्यक्ष |
| २. लोकेन्द्र सीटौला | सदस्य |
| ३. जीवन पौडेल | सदस्य |
| ४. सोमनाथ घिमिरे | सदस्य |
| ५ दिपक राज उप्रेती | सदस्य सचिव |

## क्याम्पस व्यवस्थापन समिति

| **क्र.स.** | | **नाम** | **पद** |
|---|---|---|---|
| **१** | क्याम्पस प्रमुख | श्री पोष्टराज लामिछाने | **अध्यक्ष** |
| **२** | विभागीय प्रमुख | निधिरत्न न्यौपाने | सदस्य |
| **३** | विभागीय प्रमुख | गोविन्दकुमार सुवेदी | सदस्य |
| **४** | विभागीय प्रमुख | श्री जीवन पौडेल | सदस्य |
| **५** | शिक्षक प्रतिनिधि | श्री सोमनाथ घिमिरे | सदस्य |
| **६** | शिक्षक प्रतिनिधि | श्री लोकेन्द्र सिटौला | सदस्य |
| **७** | वडा अध्यक्ष | श्री कृष्णप्रसाद बाँस्कोटा | सदस्य |
| **८** | अभिभावक | श्री यादव फोम्बो | सदस्य |
| **९** | अभिभावक | श्री रत्नमणि ओली | सदस्य |
| **१०** | चन्दादाता | श्री भिष्मप्रसाद थपलिया | सदस्य |
| **११** | शिक्षाप्रेमी | श्री चन्द्रबहादुर कन्दङ्वा | सदस्य |
| **१२** | त्रि.वि. प्रा. संघ क्या. एकाइ सभापति | श्री गणेश विमली | सदस्य |
| **१३** | त्रि.वि. क.संघ क्या.एकाइ सभापति | श्री महेन्द्र कटुवाल | सदस्य |
| **१४** | स्ववियु सभापति | श्री मिलन बुढाथोकी | सदस्य |
| **१५** | प्रशासन प्रमुख | श्री नारद आङबुहाङ | सदस्य |
| **१६** | लेखा प्रमुख | श्री नरेश पाल | सदस्य |
| **१७** | सहायक क्याम्पस प्रमुख | श्री दीपकराज उप्रेती | **सदस्य सचिव** |

## २. क्याम्पसको मूलमन्त्र, दूरदृष्टि, ध्येय र लक्ष्य तथा उद्देश्यहरू

**Vision:**

Tehrathum Multiple Campus is about-to take a leap towards academic Excellency.

**Mission:**

Tehrathum Multiple Campus attains in academic Excellency focuses teaching, learning, research and administration.

**Goal:**

To improve the quality of existing academic program, economic, physical infrastructure, institutional governance, human resource in teaching, learning and research.

**Objectives:**

- To digitalize administrative operations and classroom activities through advanced networking systems.
- To establish a modern e-library and a dedicated Research, Development, and Innovation (RDI) center.
- To introduce academically rigorous programs aligned with contemporary market needs.
- To develop student-centered, inclusive, and safe learning infrastructures.
- To implement an integrated software system for seamless academic and administrative management.
- To upgrade institutional journals into fully functional online publications.
- To ensure transparent, accountable, and effective institutional governance.
- To create a comprehensive student support framework and strengthen student welfare initiatives.
- To develop skilled, competitive, and professionally competent human resources.
- To provide community outreach services and promote knowledge dissemination for societal benefit.

# तेह्रथुम बहुमुखी क्याम्पस
## आठराई -६ चुहानडाँडाको

## आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

**पृष्ठभूमि :**

आठराई चुहानडाँडाका तत्कालीन शिक्षाप्रेमी तथा समाजसेवी महानुभावहरूको उच्च शिक्षाप्रतिको तीव्र उत्साह ,आकांक्षा तथा उहाँहरूको सक्रिय प्रयासबाट तत्कालीन सरकारबाट स्वीकृत लिई विधिवत रूपमा वि. सं २०१७ जेठ २१ गते वीरेन्द्रइन्टर कलेजको नाममा स्थापना भई औपचारिक रूपमा प्रवीणता प्रमाणपत्र तहको पठनपाठन सुरूवात भएको थियो । यसको विकासक्रमसँगै वि. सं .२०३७ सालदेखि तेह्रथुम क्याम्पसको नाममा परिणत भएको थियो भने वि. स.२०६३ कार्तिक २६ गतेदेखि हालसम्म तेह्रथुम बहुमुखी क्याम्पसको नामबाट सञ्चालित छ । त्रिभुवन विश्वविद्यालयबाट २०६९ सालदेखि यो क्याम्पस, विधिवत रूपमा विकेन्द्रीकरण प्राप्त गरे पश्चात, २०६३ सालबाट शिक्षाशास्त्र सङ्कायको शैक्षिक कार्यक्रम सञ्चालन भएको हो । वि. सं. २०८० सालदेखि व्यवस्थापन संकायको स्वीकृति लिई विविएस् शैक्षिक कार्यक्रम सञ्चालन भइरहेको छ । त्यस्तै क्याम्पसले यही वर्षमा अन्तराष्ट्रिय गुणस्तर मापदण्डको QAA -Quality Assurance and Accreditation प्राप्त गर्ने प्रक्रियाको लागि आशय पत्र LOI पेस गरी स्वीकृति भएर **SSR** पेस गरी UGC बाट प्राप्त सुझावका आधारमा कार्य अघि बढाईएको छ । हाल यो क्याम्पस सुदुरपूर्वी पहाडी क्षेत्रको उच्च शिक्षाको केन्द्रको रूपमा स्थापित भएको छ । हाल मानविकी शिक्षाशास्त्र र व्यवस्थापन संकाय गरी तीन ओटा संकायमा स्नातक तहका शैक्षिक कार्यक्रम सञ्चालित छन भने मानविकी संकायमा जनसंख्या अध्ययन विषयमा स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम सञ्चालन भइरहेको छ, भने करिब ३०० विद्यार्थीहरूले उच्चशिक्षा हाँसिल गरिरहेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको वर्तमान आवश्यकता परिपूर्ति गर्ने लक्ष्य लिएर बजारमुखी, प्रतिस्पर्धी, तुलनात्मक लाभ हुने र आयआर्जन गर्न सक्ने देशैभरबाट विद्यार्थीहरू आएर पढ्न सक्ने शैक्षिक कार्यक्रमहरू तथा अनुसन्धान केन्द्रसञ्चालन गर्न क्याम्पस प्रशासनले सम्बन्धित निकायमा आवश्यक पहल समेत गरिरहेको छ । विद्यार्थीहरूको साझा संस्था स्वतन्त्र विद्यार्थी युनियनको चुनाव २०८१ चैत्र १९ गते सम्पन्न भई ११ सदस्य स्ववियु हाल क्रियाशील रहेको छ ।

**क्याम्पसको वर्तमान अवस्था**

**१.१ भौतिक पूर्वाधार तथा सम्पत्तिहरू**

स्थापना कालमा चुहानडाँडा स्थित शारदा हाई स्कुलबाट पठनपाठन सुरू भएको यस क्याम्पसको, हाल जग्गा जमिनमा क्याम्पस परिसरमा ९२ रोपनी जग्गा रहेको छ । भवनतर्फ पक्की १ ब्लक , कच्ची भवन ७ वटा ,क्याम्पस शिक्षक कर्मचारी आवास १० ब्लक, महिला छात्रावास १ र पुरुष छात्रावास १ भवन रहेको छ । त्यस्तै ५ वटा डेस्कटप कम्प्युटर सहित ICT कक्ष, १० थान कार्यालय प्रयोजनका कम्प्युटर ,३ थान प्रोजेक्टर ५, थान प्रिन्टर, १२ थान ल्यापटप, पुस्तकालयमा करिब ९५०० पाठ्यपुस्तक तथा सन्दर्भ ग्रन्थहरू रहेका छन् । त्यस्तै क्याम्पस परिसरभित्र २ वटा पक्की शौचालय, ७० जोर डेस्क बेन्च, १५० वटा टेबलकम चेयर, स्टिल टेबल २४

थान, राउन्ड टेबल २, काठको दराज २८, काठको बक्स टेबल १२,टेबल सादा ४३, टि टेबल १९, सोफा सेट कुर्सी १५, काठको कुर्सी ४० थान, लेक्चर टेबल ११, प्लाष्टिक कुर्सी ८० थान, अफिस कुर्सी २५ , पलङ २ थान ,१०० थान खाट,१२ वटा कक्षाकोठा , ३ वटा विश्राम कक्ष (हावा घर) ,१ भलिवल कोर्ट, १ फूटबल ग्राउन्ड ,चमेनागृह १, ३ किलोवाटको ब्याकअप , दुईवटा इलेक्ट्रोनिक हाजिरी मेशिन,१ थान स्मार्ट बोर्ड , १ थान A3 फोटोकपी मेसिन, २ बेड सहितको गेस्ट हाउस, २५ थान स्टिल दराज ,१ खानेपानी फिल्टर स्टेशन, एकिकृत सफ्टवेयर १, मोबाइल Apps १, खानेपानी डिस्पेनसर लगायतका आदि भौतिक पूर्वाधार तथा सम्पत्तिहरू रहेका छन्।

## १.२ शैक्षिक कार्यक्रम र विद्यार्थीको अवस्था

वि. स. २०१७ सालमा प्रवीणता प्रमाणपत्र तह शैक्षिक कार्यक्रम र ५ जना विद्यार्थीहरूबाट सुरूभएको क्याम्पसमा हाल स्नातक तह मानविकी, शिक्षाशास्त्र, व्यवस्थापन संकाय गरी तीनवटा संकायहरू सञ्चालित छन् भने स्नातकोत्तर तह मानविकीतर्फ जनसंख्या अध्ययन विषय सञ्चालन हुँदै आएको छ । मानविकी संकायमा स्नातकतहमा ४१ जना विद्यार्थीहरू रहेका छन् भने स्नातकोत्तर १७ जना रहेका छन् त्यस्तै व्यवस्थापन संकाय शैक्षिक कार्यक्रममा १२ जना विद्यार्थीहरू रहेका छन् भने शिक्षाशास्त्र संकायमा, स्नातक तहमा १३९ जना विद्यार्थी रहेका छन् । यस क्याम्पसबाट अध्ययन पूरा गरेका विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत समग्रमा २९ प्रतिशत रहेको छ ।

## १.३ मानवीय संसाधनको अवस्था

यस क्याम्पसमा प्राध्यापक तथा कर्मचारीहरू २८ जना मानवीय संसाधनहरू क्रियाशील रहेका छन् , जसमा क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, विद्यार्थी कल्याण प्रमुख विभागीय प्रमुखहरू ४ जना छन् । प्राध्यापकहरूमध्ये सह प्राध्यापक करार १ जना, उप प्राध्यापक ३ जना, शिक्षण सहायक १० जना, शिक्षण सहायकले पाए सरह तलब पाउने शिक्षक ३ जना र आंशिक शिक्षक ३ जना प्राध्यापनरत छन् । प्रशासनिक कर्मचारीतर्फ मुख्य कार्यालय सहायक वा सो सरह ३ जना, प्राविधिक सहायक १ जना, कार्यालय सहयोगी ३ जना, २ जना कार्यालय सहायक कार्यरत छन् त्यस्तै क्याम्पसमा एमफिल् उपाधि प्राप्त गरेका शिक्षकहरूको संख्या ३ जना रहेका छन् त्यस्तै पि. एच. डी अध्ययनरत २ जना प्राध्यापकहरू रहेका छन् ।

## १.४ आर्थिक तथा वित्तीय अवस्था

यस क्याम्पसको नियमित आम्दानीको स्रोतहरूमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयको तलब भत्ताबापत रकम, आन्तरिकतर्फ समतामा आधारित अनुदान ,कार्यसम्पादनमा आधारित विश्वविद्यालय अनुदान आयोग अन्तर्गत त्रि.वि. योजना निर्देशनालयबाट सञ्चालित **Nurturing Excellence in higher education program** बाट प्राप्त हुने रकम र उद्यमशीलता सहयोग कार्यक्रमबाट प्राप्त रकम मुख्य आर्थिक तथा आम्दानीका स्रोतहरू रहेका छन् । यस क्याम्पसमा विभिन्न शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूबाट गत आर्थिक वर्षमा रू १५ लाख १४ हजार १ सय पन्ध्र त्रि.वि. केन्द्रीय कार्यालयबाट तलब र भत्ताबापतको रु. १ करोड ७५लाख ४४ हजार

नियमित र विश्वविद्यालय अनुदान आयोगको NEHEP अन्तर्गत समतामा आधारित अनुदानबाट प्राप्त रू ८ लाख रकम प्राप्त भएको थियो । त्रि.वि. केन्द्रीय कार्यालयबाट यस क्याम्पसमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरूको नियमित तलब, भत्ता,ग्रेड, सञ्चयकोष अनुदान, उपदानकोष अनुदान वापतको रकम निकासा गरेता पनि अस्थायी तथा करार सेवामा कार्यरत शिक्षक तथा कर्मचारीहरूको नियमित तलब भत्ता निकासा भइरहेको भएता पनि ग्रेड रकम लामो समयदेखि निकासा नभएको, अघिल्लो आर्थिक वर्ष २०७९/८० करिब २५ लाख,शिक्षण सहायक सोसरह पारिश्रमिक पाउने तीन जना शिक्षकहरूको चालू आर्थिक वर्षको तलब समेत निकासा भएको छैन पूर्णकालीन र आंशिक शिक्षकहरूको अतिरिक्त कक्षाको पारिश्रमिक समेत सीमित रकम मात्र निकासा भइरहेकोले आगामी वर्षहरूमा शिक्षक तथा कर्मचारीहरूलाई नियमित तलब भत्ता खुवाउन समेत समस्या हुने सक्ने देखिन्छ। सिमित रकममात्र निकासा भइरहेकोले दैनिक प्रशासनिक खर्च र तलबभत्तामा समेत आन्तरिक स्रोतबाट खर्च गर्नुपर्ने अवस्था रहेकोले पूर्वाधार विकास तथा अत्यावश्यक मर्मत सम्भारमा समेत समस्या उत्पन्न भएको छ । यो समस्याको बारेमा केन्द्रीय कार्यालयका पदाधिकारी,विश्वविद्यालय अनुदान आयोगलाई पटकपटक क्याम्पस प्रसाशनको तर्फबाट लिखित तथा मौखिक रुपमा ध्यानाकर्षण समेत गराइएको छ। गत दुई आर्थिक वर्ष अगाडिदेखि त्रि.वि. केन्द्रीय कार्यालयबाट पूँजीगत सुधार शीर्षकमा २ तले शिक्षण भवन निर्माणका लागि निकासा भएको रु २ करोडको बजेटबाट ठेक्का लागि निर्माण कार्य भइरहेको छ । आठराई गाउँपालिका र कोशी प्रदेश सरकारको समपूरक अनुदानमा दुई तले ३ कोठा भएको प्रशासनिक भवन समेत ठेक्का प्रक्रियामा गई निर्माणको कार्य भइरहेको छ त्यस्तै कोशी प्रदेश सरकारको ५ /५ लाखको सहयोगमा पहिरो नियन्त्रण पर्खाल र खानेपानी ट्याङ्की निर्माणको कार्य समेत चालु आर्थिक वर्षमा निर्माण कार्य भइरहेको छ । क्याम्पसको आन्तरिक बजेट र समतामा आधारित बजेटबाट त्तब्ब ऋभचतषष्अबतष्यल प्रक्रिया लागि आवश्यक मापदण्ड पूरा गर्न बगैंचा निर्माण, खानेपानी फिल्टर जडान,डिस्पेनसर जडान, कक्षाकोठा रंगरोग, महिला तथा पुरूष छात्रवास मर्मत सम्भार तथा रंगरोगन, महिला छात्राबासको किचन ढलान, ट्वाइलेटसम्म जाने बाटो निर्माण, चमेना गृहको ट्वाइलेट मर्मत सम्भार,बेसिङ राख्ने कार्य, चमेना गृहसम्म जानेबाटो, पुरानो शैक्षिक भवन मर्मत सम्भार तथा रंगरोगन कार्यहरू चालु आर्थिक वर्षमा सम्पन्न भएका छन्।

## १.५ अनुसन्धान अभिलेखीकरण र प्रकाशन

यस क्याम्पसको प्राज्ञिक उन्नयन र विकासमा अनुसन्धान र प्रकाशनले महत्वपूर्ण भूमिका खेलेको छ । अनुसन्धान एकाइको गठन भई त्यसको कार्य सञ्चालन निर्देशिका समेत निर्माण गरी त्यसै बमोजिम नियमित अनुसन्धानका कार्यहरू भइरहेका छन्, वार्षिकरुपमा अनुसन्धान एकाइले अनुसन्धान जर्नल (peer reviewed journal) प्रकाशित गर्ने गर्दछ। क्याम्पसले वार्षिक गतिविधि समेटेर वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गर्दछ यस्तै त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघले वार्षिकरूपमा प्रणयन अनुसन्धान मूलक जर्नल प्रकाशित गर्ने गर्दछ। त्यसको अलवा विश्वविद्यालय अनुदान आयोगबाट सञ्चालन हुने अनुदान आधारित अनुसन्धानात्मक क्रियाकलापहरूमा समेत सहभागी हुने, क्याम्पसका नियमित गतिविधिलाई क्याम्पसको फेसबुक पेज र वेबसाइटमार्फत समेत नियमित रुपमा सार्वजनिकीकरण गर्ने गरिन्छ।

## १.६ समितिहरू

यस क्याम्पसको सर्वोच्च निकायको रूपमा त्रिभुवन विश्वविद्यालय विकेन्द्रीकरण सम्बन्धी नियम २०५५ बमोजिमका क्याम्पस व्यवस्थापन समिति गठन भई क्रियाशील छ भने क्याम्पसका दैनिक काम कारवाहीहरू गर्न क्याम्पस कार्य समिति गठन भई कार्य गरिरहेको छ । यसका अतिरिक्त आन्तरिक कामकारबाहीलाई व्यवस्थित र पारदर्शी बनाउनको लागि ३ सदस्यीय खरिद समिति, QAA Certification प्रक्रियाको लागि ७ सदस्यीय IQAC समिति, तीन सदस्य रहेको SAT समिति ३ सदस्य रहेको लाइब्रेरी व्यवस्थापन समिति, ३ सदस्य रहेको सम्पत्ति सम्परीक्षण समिति , अनलाइन कक्षा व्यवस्थापनको लागि ३ सदस्य रहेको एडमिन समिति,३ सदस्य रहेको खरिद मूल्याङ्कन समिति, ५ सदस्यीय निर्माण अनुगमन समिति, ३ सदस्य रहेको EMIS समिति, ३ सदस्य रहेको विद्यार्थी सहयोग तथा परामर्श समिति, ५ सदस्य रहेको अनुसन्धान एकाइ समिति ,३ सदस्य रहेको गुनासो सुनुवाई तथा व्यवस्थापन,३ सदस्य रहेको विद्यार्थी छात्रावास व्यवस्थापन समिति, ३ सदस्य ट्रेसर समिति, ४ सदस्य सरसफाई समिति, ३ सदस्य शैक्षिक योजना व्यवस्थापन समिति, क्याम्पस अल्मुनाइ एसोसिएसन १५ सदस्य, झापा, मोरङ, सुनसरी अल्मुनाइ एसोसिएसन १५ सदस्य, सम्पर्क समिति आदि जस्ता समितिहरू गठन भई हाल क्रियाशील रहेका छन् ।

### १.७ संस्थागत विकास, सुशासन तथा सम्बन्ध

क्याम्पसको संस्थागत विकास तथा सुशासन लागि सञ्चालन गर्ने नियमित शैक्षिक, प्रशासनिक, प्राज्ञिक, अनुसन्धानात्मक क्रियाकलापहरूलाई व्यवस्थित, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन सरोकावालाहरूको अपेक्षाअनुसार नियमित सेवा प्रवाह गरी समुदायसँग समुधुर सम्बन्ध स्थापना गर्नका लागि क्याम्पसले विभिन्न नियम, कार्यविधि र निर्देशिकाहरू निर्माण गरी त्यसै अनुरुप कामकारवाहीहरू गर्दै आएको छ । २०७९ फागुन १ गतेदेखि पूर्णरुपमा शिक्षक कर्मचारीको विद्युतीय हाजिरी कार्यान्वयन गरिएको छ । त्यस्तै वेभ साइट जडान, एकीकृत सफ्टबेयरमार्फत EMIS, पुस्तकालयका पुस्तकहरू सफ्टवेयरमा इन्ट्री कार्य, लेखामा बिल काटने तयारी समेत सुरूवात गरिएको छ । क्याम्पसका सरोकारवालाहरूको गुनासो सुनुवाई गर्न गुनासो पेटिका, गुनासो सुनुवाई समिति, सूचना अधिकारी, क्याम्पस बडापत्र समेत व्यवस्था गरिएको छ । विभिन्न निर्देशिका तथा कार्यविधिहरूमा शिक्षक तथा कर्मचारी नियुक्ति कार्यविधि, आन्तरिक परीक्षा सञ्चालन निर्देशिका, शिक्षक तथा कर्मचारी कार्यसम्पादन मूल्याङ्कन निर्देशिका, पुस्तकालय व्यवस्थापन तथा सञ्चालन कार्यविधि,QAA सञ्चालन कार्यविधि, अनुसन्धान सञ्चालन निर्देशिका, EMIS सञ्चालन सम्बन्धी निर्देशिका, विद्यार्थी कल्याण सम्बन्धी निर्देशिका, गुनासो सुनुवाई तथा व्यवस्थापन कार्यविधि, निर्माण भई लागू भइसकेका छन् । विद्यार्थीहरूलाई सहुलियतपूर्ण उपचार गर्नका लागि विद्यार्थी कल्याण निर्देशनालय ,क्याम्पस र पाँचथर अस्पताल बीच विद्यार्थी स्वास्थ्य विमाका विषयमा पारस्पारिक सम्झौता MOU भएको छ । आठराई गाउँपालिका मा रहेका ३ ओटा माध्यमिक विद्यालय, प्राथमिक स्वास्थ्य केन्द्र,२ ओटा बैंकसँग पारस्पारिक सम्झौता MOU गरी सरोकावालाहरूसँगको सम्बन्धलाई समेत थप मजबुत बनाइएको छ । त्यस्तै शैक्षिक क्यालेण्डर निर्माण गरी लागु गरिएको छ । विभिन्न पालिकाभित्र तथा बाहिरका +२ पढाइ हुने संस्थागत तथा सामुदायिक विद्यालयहरू, गाउँपालिकाहरू, उद्योग वाणिज्य संघ, सहकारी, वित्तीय संघ संस्थाहरू साथै अभिभावकहरूसँग भेट्घाट अन्तरक्रिया, छलफल, बैठक अन्य Out Reach Program निरन्तर गरी यस क्याम्पसको समुदाय र सरोकारवालाहरूसँगको सम्बन्धलाई समेत स्थापित गरिएको छ । क्याम्पसको रणनीतिक योजनामा उल्लेख

भएका भौतिक पूर्वाधार विकास ,शैक्षिक कार्यक्रमको विकास, मानव संसाधन विकास, अनुसन्धान प्रकाशन तथा प्राज्ञिक विकास, आर्थिक क्षमतामा अभिवृद्धि, संस्था संस्थागत विकास तथा सुशासन, Digitization student support system जस्ता प्राथमिकता क्षेत्रहरू राखिएको छ । रणनीतिक योजना (२०२३-२७) किटान गरेको प्राज्ञिक उत्कृष्टताको साथै समग्र गुणस्तरीयता हाँसिल गर्ने Vision, mission, Goals, objectives / Strategy अनुसार किटान गरिएका कार्यक्रमहरूलाई प्राथमिकतामा राखी क्याम्पसले कार्य गरिरहेको छ । आगामी आर्थिक वर्षहरूमा नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा रणनीतिक योजनाका प्राथमिकतालाई आधार बनाइने छ ।

### १.८ विद्यार्थी सहयोग प्रणाली

यस क्याम्पसका विभिन्न संकायमा र तहमा अध्ययनरत विद्यार्थीहरूको क्षमतालाई थप विकास गरी बजारमा प्रतिस्पर्धी गर्न सक्षम बनाउनका लागि क्याम्पसले नि:शुल्क निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्र परीक्षाको तयारी कक्षा सञ्चालन, उद्घोषण कला सम्बन्धी कार्यक्रम गेष्ट लेक्चरद्वारा कक्षा सञ्चालन तथा ( Carrer counseling ) कार्यक्रम साइबर अपराध सम्बन्धी सचेतना मूलक कार्यक्रम यसै आर्थिक वर्षमा सञ्चालन भएको छ । विद्यार्थीहरूलाई वार्षिक परीक्षामा उत्तीर्ण प्रतिशत बृद्धि गराउनका लागि आन्तरिक परीक्षाहरूको समेत व्यवस्था मिलाई विद्यार्थी हरूलाई क्याम्पसले सहयोग गर्दै आएको छ ।

### १.९ रणनीतिक योजना २०२३-२७

क्याम्पसको रणनीतिक योजनामा उल्लेख भएका भौतिक पूर्वाधार विकास, शैक्षिक कार्यक्रमको विकास, मानव संसाधन विकास, अनुसन्धान प्रकाशन तथा प्राज्ञिक विकास, आर्थिक क्षमतामा अभिवृद्धि, संस्था संस्थागत विकास तथा सुशासन, student support system जस्ता प्राथमिकता क्षेत्रहरू राखिएको छ । रणनीतिक योजना (२०२३-२७) किटान गरेको प्राज्ञिक उत्कृष्टताको साथै समग्र गुणस्तरीयता हाँसिल गर्ने Vision अनुसारको mission, Goals, objectives र Strategy अनुसार किटान गरिएका कार्यक्रमहरूलाई प्राथमिकतामा राखी क्याम्पसले कार्य गरिरहेको छ । आगामी आर्थिक वर्षहरूमा नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा रणनीतिक योजनाका प्राथमिकतालाई आधार बनाइने छ ।

## २. २०८१/०८२ को नीति तथा कार्यक्रम

यस क्याम्पसको रणनीतिक योजना २०२३-२७ मा भएको क्याम्पसलाई शिक्षण, सिकाइ र अनुसन्धानको प्राज्ञिक उत्कृष्टताको नेतृत्वदायी उच्च शिक्षाको केन्द्रको रूपमा विकास गर्ने परिकल्पनाको आधारमा तय गरिएका दुरदृष्टि, अभियान र लक्ष्यलाई समेत पूरा गर्ने उदेश्यले खर्च कटौती, आर्थिक पारदर्शिता र मितव्ययिता, आत्मनिर्भर शैक्षिक कार्यक्रम तथा अनुसन्धानकेन्› सञ्चालनमा जोड, आर्थिक स्रोत पहिचान र व्यवस्थापन, तीनै तहका सरकारहरूसँग समन्वय एवं सहकार्य, विद्यार्थी भर्ना दर, उत्तीर्ण दर र गुणस्तर वृद्धि, संस्थागत सुशासन, विकास र पारदर्शिता जस्ता नीति तथा सिद्धान्तलाई प्राथमिकतामा राखी त्रिभुवन विश्वविद्यालयबाट प्राप्त हुने तलब भत्ताको रकम, आन्तरिक शैक्षिक कार्यक्रमबाट हुने आम्दानी, विश्वविद्यालय अनुदान आयोग अन्तर्गत त्रि.वि. योजना निर्देशनालयबाट सञ्चालित कार्यसम्पादनमा आधारित Nurturing Excellence in higher

education program बाट प्राप्त हुने अनुदान, QAA प्रमाणीकरणबाट प्राप्त हुने रकम, संघीय, तथा प्रदेश र स्थानीय सरकारहरूबाट प्राप्त हुने सहयोग, क्याम्पस जगेडा कोष, व्याज आदि बाट प्राप्त हुने अनुमानित आयका आधारमा क्याम्पसको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमहरू तय गरी पूँजीगत खर्च शीर्षक र सञ्चालन खर्च शीर्षकमा अनुमानित आय र ब्यय विवरण सहितको क्याम्पस प्रशासनले निर्माण गरी नीति तथा कार्यक्रम र बजेट निर्माण गरी छलफल र स्वीकृतिको लागि यस गरिमामय क्याम्पस व्यवस्थापन समितिको बैठकमा पेस गर्दछु । आगामी आर्थिक वर्षमा तपसिलका कार्यक्रमहरू प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको छ ।

### २.१ पूर्वाधार निर्माण

क्याम्पसले आगामी आर्थिक वर्ष २०८०/८१ मा पूर्वाधार निर्माणका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ, ८ कोठा भएको नयाँ शिक्षण भवन निर्माण सम्पन्न गर्न त्रि.वि. केन्द्रीय कार्यालयको पूँजीगत सुधार शीर्षक अन्तर्गत, आइसिटी ल्याव स्थापना गर्न प्रदेश सरकारको अनुदान तथा उच्चशिक्षामा विशिष्टता प्रर्वद्धन कार्यक्रम, डिजिटाइजेसन अन्तर्गत बजेट अनुमान गरिएको छ । नयाँ शिक्षण भवनको कक्षाकोठालाई आवश्यक पर्ने डेस्क बेन्च, नयाँ शिक्षण भवनसम्म जाने बाटो र कम्पाउण्डको लागि र कक्षा कोठा Digitization, क्याम्पस गेट निर्माणको लागि आवश्यक पर्ने बजेट समेत त्रि.वि. केनद्रीय कार्यालयको पूँजीगत सुधार शीर्षक अन्तर्गत अनुमान गरिएको छ । क्याम्पसको महिला तथा पुरूष छात्रवास पुन जीणोद्धार गर्न प्रदेश सरकार र स्थानीय सरकारको बजेटबाट खर्च अनुमान गरिएको छ । त्यस्तै क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू आवत जावतका लागि क्याम्पस बस भारतीय दुतावासबाट अनुदानमा प्राप्त हुने अनुमान गरिएको छ । क्याम्पसको मूल शिक्षण भवनको छाना फेर्न Retrofiting को लागि प्रदेश सरकार तथा स्थानीय सरकार तथा सम्भावित चन्दादाता संघ सस्थाको बजेट अनुदानबाट अनुमान गरिएको छ । पुरानो शिक्षण भवन अग्रभागमा बगैंचा निर्माण लगायत अन्य निर्माणलाई प्राथमिकतामा राखी आवश्यक रकम विनियोजन गरिएको छ ।

### २.२ शैक्षिक तथा प्रशासनिक कार्यक्रम

शैक्षिक तथा प्रशासनिक कार्यमा संलग्न शिक्षक र कर्मचारीहरूको नियमित तलब भत्ता, निवृत्तिभरण, उपदानकोष,अतिरिक्त तलब शिक्षण र सञ्चयकोष अनुदानको लागि रकम विनियोजन गरिएको छ । क्याम्पसको आय आर्जन क्षमतालाई अभिवृद्धि गर्नको लागि समाज र बजारको मागअनुसार देशैभरीबाट विद्यार्थी आएर पढन सक्ने शैक्षिक कार्यक्रम तथा अनुसन्धान केन्द्र सञ्चालनको लागि त्रि. वि. केन्द्रीय कार्यालयमा आवश्यक पहल गरिनेछ । निर्माणधीन ८ कोठा भएको शिक्षण भवन तथा प्रशासनिक भवनको फर्निचर निर्माण, कक्षा कोठामा White Board फेर्ने, लाइब्रेरीमा पुस्तक राख्ने र्याक, कक्षाकोठा व्यवस्थापन र प्रशासनिक आवश्यक बजेट विनियोजन गरिएको छ । हाल सञ्चालन भइरहेका स्नातकका शैक्षिक कार्यक्रमका कक्षाहरूलाई उच्च प्रविधियुक्त बनाउन,आवश्यकता अनुसार पाठ्यपुस्तक खरिदको लागि आवश्यक रकम विनियोजन गरिएको छ । क्याम्पसका विभिन्न संकाय शैक्षिक कार्यक्रमको प्रचारप्रसारको लागि समेत बजेट विनियोजन गरिएको छ । प्रशासनिक काम कार्वाहीहरूलाई चुस्त दुरूस्त छिटो छरितो ढंगले सम्पादन गर्न कर्मचारीहरूको क्षमतामा वृद्धि गर्दै सेवा प्रवाह शाखाहरूलाई थप व्यवस्थित गर्दै लैजान आवश्यक बजेटको अनुमान गरिएको छ ।

## २.३ संस्थागत विकास, सुशासन र अनुसन्धान

हाम्रो क्याम्पस, राम्रो क्याम्पस र उत्कृष्ट शैक्षिक गुणस्तरको दीर्घकालीन लक्ष्य हाँसिल गर्नका लागि दीगो गुणस्तरयुक्त भौतिक विकास, अनुसन्धान, प्रकाशन तथा प्राज्ञिक विकास, छिटो छरितो सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायी र जवाफदेहीतालाई केन्द्रमा राखी प्रशासनिक तथा शैक्षिक कार्यहरू सम्पन्न गरिनेछ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयबाट विभिन्न समयमा क्याम्पसको संस्थागत विकास तथा सुशासन लागि गरिएका परिपत्रहरू पालना गर्दै, परीक्षा सञ्चालन गर्ने कोठाहरू र प्रशासनिक कार्यकक्षलाई समेत अद्यावधिक र स्तरीकृत गर्न, क्याम्पसलाई आवश्यक कार्यालय उपकरण, वैज्ञानिक शैक्षिक उपकरण खरिदका लागि, विद्यार्थी कल्याण र स्वतन्त्र विद्यार्थी युनियनले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप, छात्रवृत्ति, एकीकृत सफ्टवेयर प्रणाली मार्फत सबै प्रशासनिक कार्यहरूलाई सञ्चालन गर्न, वार्षिक खरिद योजना निर्माण गरी आन्तरिक खरिदलाई थप व्यवस्थित बनाउन, शिक्षक कर्मचारीको ज्ञान सीप क्षमता अभिवृद्धिको लागि अभिमुखीकरण कार्यक्रम, कार्यशाला, गोष्ठी.अनुसन्धान एकाइबाट गरिने अनुसन्धान जर्नल प्रकाशन, अनुसन्धान कार्यशाला, अनुसन्धान एकाइबाट प्रकाशन गरिने जर्नललाई Nepjol मा स्तरीकृत गर्न, QAA को Certification का लागि, पुस्तकालयलाई Automation मा लैजान क्याम्पसको मास्टर प्लान बनाउने, प्रचारप्रसार तथा Outreach कार्यक्रमको साथै क्याम्पसको प्रशासनिक तथा शैक्षिक क्षमता बृद्धि गर्नका लागि यथोचित रकम विनियोजन गरिएको छ ।

## २.४ मर्मत सम्भार तथा अन्य कार्य र खरिद

क्याम्पस परिसरभित्र नियमित र QAA Certification प्रक्रियाका आवश्यक मापदण्डहरूलाई समेत पूरा गर्न शिक्षण विभागहरूलाई थप व्यवस्थित गर्न, शिक्षक कर्मचारी आवासहरू मर्मत तथा रंगरोगन गर्न, स्वविवु भवनको मर्मत सम्भार, विद्यार्थी छात्रावाससम्म जाने बाटो स्तरउन्नति गर्न र सेमिनार हलको कोठालाई फर्निसिङ्ग गर्न, पुस्तकालय भवन मर्मत तथा रंगरोगन गर्न, महिला छात्रावास र पुरूष छात्रवासको मर्मत सम्भार, फर्निचर मर्मत तथा निर्माण, क्यान्टिन मर्मत, क्याम्पस कम्पाउण्ड वाल मर्मत, डेस्कटप कम्प्युटर खरिद, प्रिन्टर खरिद, क्याम्पसलाई आवश्यक पर्ने अन्य थप डेस्क बेन्च निर्माण, कार्यालय फर्निचर खरिद, जीर्ण अवस्थामा रहेका फर्निचर मर्मत, सोधपुछ कक्ष व्यवस्थापन गर्ने, **first Aid sIf, Dressing room** को व्यवस्थापन गर्न, विज्ञापन, पत्रपत्रिका, छपाइ तथा मसलन्द, पानी, धारा जडानहरूलाई थप गरी आवश्यकताअनुसार आपूर्ति गर्न लगायत अन्य कार्यालय सामग्री खरिदको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । अन्त्यमा यस क्याम्पसले ६४औं वसन्त पार गरी सकेको छ । यो क्याम्पस विकास, विस्तार हुँदै वर्तमान अवस्थामा आइपुगेको यस क्याम्पसलाई सुदुर पूर्वी पहाडी क्षेत्र, कोशी प्रदेश र सिंगो राष्ट्रलाई विविध क्षेत्रमा आवश्यक पर्ने उच्च गुणस्तरयुक्त जनशक्ति उत्पादन गर्ने गरी उत्कृष्ट क्याम्पसको रूपमा विकास गर्ने रणनीतिक योजनाको परिकल्पनालाई साकार पार्न क्याम्पसका सम्पूर्ण शैक्षिक,प्रशासनिक,प्राज्ञिक, अनुसन्धानात्मक, पूर्वाधार विकास, Digitization, student support system स्थागत सुशासन तथा विकास आदि क्रियाकलापहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दै क्याम्पस प्रशासनले निर्माण गरी पेस गरिएको, आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटलाई छलफल गरी स्वीकृत गरिदिनुहुन समेत यस सम्मानित क्याम्पस व्यवस्थापन समितिको बैठक सामु सादर निवेदन गर्दछु ।

( क्याम्पस प्रशासनको तर्फबाट क्याम्पस व्यवस्थापन समितिको बैठकमा पेस गरिएको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम)

**मिति २०८० चैत्र १५ गते रोज ५ शुभम्**

# Report of Self-Assessment Team (SAT)

Terhathum Multiple Campus (TEMC), operating under Tribhuvan University, is actively pursuing Quality Assurance and Accreditation (QAA) to ensure continuous enhancement of its academic and institutional standards.

The journey towards QAA commenced with the submission of a Letter of Intent (LoI) for certification. To effectively pursue this goal, various committees were established, each with defined Job Descriptions (JD) and Terms of Reference (ToR).

**Role and Work of the Self-Assessment Team (SAT)**

- The Self-Assessment Team (SAT) was formally constituted on 2080/04/28. Its primary mandate (JD/ToR) was the preparation of the Self-Study Report (SSR), a crucial document for the QAA process. The SAT was responsible for managing and overseeing the entire SSR preparation.
- The preparation of the SSR started shortly after the SAT's formation.
- The team worked in collaboration with the campus administration to gather all necessary supporting documents that provide evidence of TEMC's capabilities, processes, and achievements.
- The SAT followed a structured guideline, conducting regular meetings and addressing questions across the report's different sections. Each section was substantiated with detailed explanations, data, and relevant documents, which were organized into annexes.

**Completion and Submission of the SSR**

The dedicated work of the SAT culminated in the completion of the first draft of the SSR by the end of 2080.This report comprised the main document and eight annexes containing evidence and detailed supporting information.

The titles of the annexes are:

- ❖ Institutional Profile
- ❖ Policy and procedure
- ❖ Curricular Aspect
- ❖ Teaching Learning and Evaluation

- Research Consultancy and Extension
- Infrastructure and Learning Resources
- Student Support and Guidance
- Information System
- Publication Information

These annexes were vital in demonstrating TEMC's adherence to the quality standards established by the University Grants Commission (UGC) and the Tribhuvan University Quality Assurance and Accreditation Division (TUQAAD). In 2081 Baishak, TEMC submitted the SSR to TUQAAD for evaluation and feedback.
TUQAAD reviewed the report and provided expert recommendations for its further improvement. The SAT subsequently made the required corrections and refinements based on the expert feedback. The revised SSR was then resubmitted to both TUQAAD and UGC for final evaluation.
To make the report accessible, it was uploaded to the TEMC website (https://temc.tu.edu.np/) on 2081/02/16, though it was password-protected for security, limiting access to authorized personnel.

**Final Steps and Awaiting Accreditation**

The Peer Review Team (PRT), formed by the UGC for the accreditation process, studied the report and suggested some changes to both the report and the data. Based on these suggestions, the SAT finalized the report and submitted it to the UGC again in October, 2025.
Currently, TEMC is awaiting the final evaluation from the UGC. The successful achievement of accreditation will not only strengthen the institution's reputation but also enhance the quality of education and services offered to the community and its students.
The cooperation between the campus administration and the dedicated efforts of the SAT have significantly advanced TEMC in its QAA process. The campus now anticipates the final evaluation, which will represent a key milestone in its commitment to institutional development and academic excellence.

**Self-Assessment Team (SAT)**

Nabaraj Oli (Coordinator)
YogeshKafle (Member)
Nirmala Devi Limbu (Member)

# Research Management Committee (RMC)

## Annual Report

### Introduction

Terhathum Multiple Campus established the Research Management Committee (RMC) in 2017 for the first time under the leadership of Dr. Nabin Kumar Sharma as Coordinator. This initiative aimed to strengthen the campus's academic environment and support the university's broader goals. The RMC has been actively working to enhance faculty research capacity, academic writing, journal publication, and research-related training. To date, it has successfully published two volumes of the *TMC Research Journal*, with upcoming publications planned through NepJOL.
The present committee members are:

- **Coordinator:** Mr. Manoj Kumar Chaudhary
- **Member:** Mr. Gobinda Kumar Subedi
- **Member:** Mr. Ishowary Prasad Dangi

### Objectives

**The major objectives of the RMC include:**

a. Preparing the Annual Budget: Drafting and submitting the annual budget for approval by campus administration.
b. Organizing Programs: Conducting research-related workshops, training sessions, orientations, collaboration research and publishing research journals, to promote a research culture.
c. Calling for Proposals: Soliciting mini-research proposals, facilitating their completion, and supporting their publication.
d. Other Responsibilities: Carrying out additional tasks as required by the campus.

### Activities of RMC in Terhathum Multiple Campus

- ❖ Formulation of research rules and policies
- ❖ Formulation of research Plan 2082-83
- ❖ Publication of the research journal online in NepJol
- ❖ Publication of the research journal in Print
- ❖ Forming a research idea exchange forum and establishing contact with other institutions

- Preparing guidelines for journal writing
- Preparing guidelines for Mini research writing
- Develop thesis writing guidelines
- Conducting thesis writing orientations for M.A students
- Conducting two days workshop on capacity building for faculties and staff
- Conducting two days workshop for enhancing research skill and academic writing
- 
- Preparing guidelines for mini-research
- Conducted two Mini research form faculties
- Call for 3 mini research from faculties

**Our Publication**

| S.N. | Journal Name | Vol. | Publish Date | Remarks |
|---|---|---|---|---|
| 1 | Terhathum Multiple Campus Research Journal | 1 | 2017 | Print |
| 2 | Terhathum Multiple Campus Research Journal | 2 | 2018 | Print |
| 3 | Terhathum Multiple Campus Research Journal | 3 | | Print |
| 4 | Mini research (Two) | | 2025 | Print |

**Strengths**

- Enhances faculty research skills, knowledge, and professional growth
- Encourages participation of all faculty members in writing and sharing ideas
- Facilitates knowledge dissemination through mini-research journal publications
- Organizes academic writing, thesis writing, and data analysis workshops

**Threats**

- Insufficient budget for full implementation of planned activities
- Limited interest in writing, participation, and sharing among some individuals
- Lack of self-motivation toward learning and researc

- Inadequate cooperation between faculty and administrative staff
- Difficulty in managing the cost of resource persons

**Future Plans of RMC**

- Update comprehensive guidelines for research papers and mini-research publication
- Continuing to publish the research journal online through NepJOL
- Announce calls for mini-research project proposals
- Continuing to conduct thesis and report writing orientations for students
- Seek research grants from various institutions (GoN, NGOs, INGOs, financial institutions, and local organizations)
- Organize sharing sessions, article-writing workshops, and data analysis facilitation programs
- Collaborate with other institutions on research initiatives
- Conduct mini-research projects

## त्रि.वि. प्राध्यापक संघ क्याम्पस एकाइ समिति
## संक्षिप्त गतिविधि

**गणेश विमली**
**सभापति,**
**त्रि.वि.प्राध्यापक संघ, क्याम्पस एकाइ समिति**

त्रि.वि. प्राध्यापक संघ त्रिभुवन विश्वविद्यालयमा कार्यरत सम्पूर्ण प्राध्यापकहरूको हक-हित संरक्षण तथा प्राI क उन्नयनमा योगदान पुर्याउने उद्देश्यले वि.सं. २०५८ मा स्थापना गरिएको हो। स्थापना भएदेखि नै यस संघले त्रि.वि.का प्राध्यापकहरूको आधिकारिक पेशागत संग7नको रुपमा कार्य गर्दै आयो। प्राध्यापक संघमार्फत प्राध्यापकहरूको पेशागत हित, अधिकार र विकासका लागि आवश्यक गतिविधिहरू सञ्चालन र प्रवर्4न गरिँदै आएको छ।

यस क्याम्पसको एकाइ समितिले भने वि.सं. २०३७ देखि नै प्राध्यापकहरूको हक-हितको संरक्ष0ा र पेशागत प्रगतिका लागि निरन्तर पहल गर्दै आएको छ । विभिन्न समितिहरू र क्रियाकलापहरूको माध्यमबा6 सं3ले प्राध्यापकहरूको पेशागत जीवनमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले विविध कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यी कार्यक्रमहरूले शिक्षण र अनुसन्धानमा सुधार, सामूहिक संवाद, विचार-विमर्शका अवसरहरू सिर्जना गर्दै प्राध्यापकहरूको क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान दिएका छन्। संघको मूल उ2]श्य प्राध्यापकहरूको शैक्षिक तथा प्राज्ञिक उन्नयनमा निरन्तर सहयोग पुर्याउँदै उनीहरूलाई आफ्ना-आफ्ना विषय क्षेत्रमा अझ दक्ष बनाउनु हो। साथै, संघले प्राध्यापकहरूको समस्याहरू पहिचान गरी तिनको समाधानका लागि सक्रिय रुपमा आवाज उठाउने भूमिकासमेत निर्वाह गर्दै आएको छ।

यस प्रकार, त्रि.वि. प्राध्यापक संघले प्राध्यापकहरूको व्यक्तिगत तथा पेशागत विकासमा मात्र योगदान गर्दैन, सम्पूर्ण त्रिभुवन विश्वविद्यालयको शैक्षिक वातावरणको गुणस्तर उकास्न पनि महत्वपूर्ण भूमिका खेल्दछ ।. यसको निरन्तर गतिविधिहरू प्राज्ञिक विकास र पेशागत सुदृढीकरणतर्फ अग्रसर भएका उल्लेखनीय कदम हुन् ।

### Name of Teachers of TEMC

| S.N. | Name | Designation | Teaching Subject |
|---|---|---|---|
| 1 | Post Raj Lamichhane | Campus Chief | Account |
| 2 | Dipak Raj Upreti | Ass. Campus Chief | Economics |
| 3 | Lokendra Sitaula | Student Welfare Head | Poltical science |
| 4 | Manoj Kumar Chaudari | Reader | English |

| | | | |
|---|---|---|---|
| 5 | Nidhi Ratna Neupane | Teaching Assistant | Nepali |
| 6 | Ishwori Prasad Dangi | Teaching Assistant | Economics |
| 7 | Punya Prasad Siwakoti | Teaching Assistant | Population Studies |
| 8 | Chakra Pani Bhattarai | Teaching Assistant | Population Studies |
| 9 | Dharma Raj Gautam | Teaching Assistant | Nepali |
| 10 | Jiban Paudel | Teaching Assistant | Population Studies |
| 11 | Govinda Kumar Subedi | Teaching Assistant | Political Science |
| 12 | Ganesh Bimali | Teaching Assistant | Population Studies |
| 13 | Som Nath Ghimire | Teaching Assistant | Nepali |
| 14 | Yogesh Kafle | Teaching Assistant | Nepali Education |
| 15 | Purna Kumari Roka | Teaching Assistant | Nepali |
| 16 | Nabaraj Oli | Teaching Assistant | English Education |
| 17 | Saraswati Thapa | Part time | English |
| 18 | Krishna Prasad Niraula | Part time | English Education |
| 19 | Durga Devi | Part time | Curriculum |

**Research Documentation and Publication of Tribhuvan University**

**TeacherAssociation (TUTA) Campus Committee, TMC.**

| S.N. | Publication | Years (B.S.) | Issue | Publisher |
|---|---|---|---|---|
| 1 | Prayas | 2017 | 1 | Birendra Inter-Collage, Chuhandanda, Terhathum |
| 2 | Pranayan (Smarika) | 2055 | 1 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 3 | Pranayan (Yearly) | 2056 | 2 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 4 | Pranayan (Yearly) | 2059 | 3 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 5 | Pranayan (Yearly) | 2070 | 4 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee. |
| 6 | Pranayan (Yearly) | 2074 | 5 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 7 | Pranayan (Yearly) | 2079 | 6 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 8 | Pranayan (Yearly) | 2081 | 7 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, |

| | | | | |
|---|---|---|---|---|
| | | | | TMC. |
| 9 | Pranayan (Yearly) | 2082 | 8 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |
| 10 | Pranayan (Yearly) NepJol | 2082 | 8 | Tribhuvan University Teachers Association (TUTA) Campus Committee, TMC. |

**Name and elected year of Presidents of (TUTA)**

| S.N. | Nane of Presidents | Elected year |
|---|---|---|
| 1 | Basantakaji Budhathoki | 2037 |
| 2 | Basantakaji Budhathoki | 2040 |
| 3 | Basantakaji Budhathoki | 2041 |
| 4 | Basantakaji Budhathoki | 2044 |
| 5 | Basantakaji Budhathoki | 2046 |
| 6 | Damodar Dhakal | 2048 |
| 7 | Damodar Dhakal | 2050 |
| 8 | CholaRaj Dahal | 2053 |
| 9 | ShailendrNarayan Mallik | 2054 |
| 10 | ShailendrNarayan Mallik | 2056 |
| 11 | Dipak Raj Upraty | 2060 |
| 12 | Dipak Raj Upraty | 2063 |

| | | |
|---|---|---|
| 13 | Bishal Karki | 2068 |
| 14 | Gobinda Kumar Subedi | 2071 |
| 15 | Dharma Raj Gautam | 2075 |
| 16 | Ganesh Bimali | 2079 |
| 17 | Ganesh Bimali | 2081 |

**Current Working Committee of (TUTA)**

| **S.N.** | **Name of Committee Member** | **Position** |
|---|---|---|
| 1 | Ganesh Bimali | President |
| 2 | Manoj Kumar Chaudhary | Vice- President |
| 3 | Nidhi Ratna Neupane | Secretary |
| 4 | Som Nath Ghimire | Treasurer |
| 5 | Purna Kumari Roka | Member |

**प्राध्यापकहरूको हक, हितकालागि भएका पहलहरूः**

- अनुसन्धान पद्धतीका गोष्ठी, तालिम सञ्चालन
- कार्यालय व्यवस्थापन, विभिन्न नियुक्तिहरू, तलबभत्ता, आदि विषयहरू समेटी प्रशासन समक्ष आवश्यक पहलकदमी गर्दै आएको
- नेपालीको महानचाडदशै, तिहार तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमगरिदै आएको
- करार शिक्षकहरूको पेशालाई स्थायी, सुरक्षित, मर्यादित बनाउँन दवाव दिन केन्द्रको निर्देशानुसार काम गरेको।
- क्याम्पसमा कार्यरत प्राध्यापकहरूद्वारा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई स्वर्ण महोत्सव छात्रवृत्ति प्रदान गरेको
- निरन्तर प्रणयन पत्रिका प्रकाशन गर्दै आएको
- प्रणयन पत्रिका प्रकाशन ल्भउव्यf मा प्रकाशन गरिएको

# Department of English

## Annual Report

**Manoj Kumar Choudhary**
HOD
Department of English

## Introduction

As we know English is an international language that's why we have to study Compulsory English in B.A.,BBS and B.Ed levels. Students can opt Major English also for their bright future in B.A.andB.Ed levels. It is our duty to teach them honestly. By doing the hard labour the students can achieve their goal.By the completion of BBS the students can get the jobs in the banking sector or start their own business.

## Academic Programmes

There are three faculties being run for the Bachelor Levels-Faculty of Humanities and Social Sciences and Faculty of Education and Faculty of Commerce in our campus.There are only four teachers in the Department of English.

### The Faculty Members of the Department

1. Mr.Manoj Kumar Choudhary
2. Mr. Nabaraj Oli
3. Mrs. Saraswati Thapa
4. Mr. Krishna Prasad Niroula

### Major Activities

We organized three staff meetings for the betterment of the students.There have been various competitive programmes such as essay contest, debate, oratorical programmes, class presentation, internal examination,etc. during 2080/81B.S.

### Strengths

There is co ordination among teachers in academic activities and conducive environment for education in pleasant natural surrounding.

### Weaknesses

But there is the lack of modern technical teaching materials.There is no facility of e-library.We can also see the least number of students enrollment under the Faculty of Humanities.

**Opportunities**

The rate of students can be increased because of a number of feeder schools in existence in the neighborhood.We must focus on more and more participation of students in studies and research work.

**Threats**

We have no facility of smart board and the availability of Wifi in the classroom.We must have the facility of new technology.

**Future Plan**

There is the need to arrange the extra classes specially for weak students.We have to make arrangements for interaction programmes among students and arrange educational and research oriented trips.

**Conclusion**

To sum up the report I would like to say that we must provide the sufficient text books and reference books to the students and teachers. At last we can say that studying English can help students get jobs. By doing our duty honestly we can improve the quality of the students and their results.

# स्टेकहोल्डर सम्बन्ध सेल )एसआरसी(

तेह्रथुम क्याम्पसमा स्थापित **स्टेकहोल्डर सम्बन्ध सेल )SRC)** को उद्देश्य क्याम्पस र विभिन्न स्टेकहोल्डरबीचको सम्बन्धलाई सुदृढ बनाउने तथा समन्वयलाई प्रभावकारी बनाउने हो। यस सेलले विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, उद्योग, स्थानीय संस्था तथा समुदायका अन्य समूहहरूबीच संवाद, सहकार्य र समन्वयलाई प्रवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

**SRC ले निम्न प्रमुख कार्यहरूमा ध्यान केन्द्रित गर्छ:**

- **सम्पर्क र समन्वय:** क्याम्पसका विभिन्न विभाग तथा बाह्य संस्थासँगको सम्पर्क, सहकार्य र समन्वयलाई सहज र प्रभावकारी बनाउने ।
- **कार्यक्रम तथा गतिविधि आयोजना:** स्टेकहोल्डरहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न विविध कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्ने ।
- **फिडब्याक सङ्कलन र सुधार:** सरोकारवालाबाट प्राप्त फिडब्याक संकलन गरी क्याम्पसको शैक्षिक तथा प्रशासनिक सुधारमा योगदान गर्ने ।
- **समुदाय सेवा:** समुदायसँगको सम्बन्ध मजबुत बनाउन सामाजिक सेवा तथा जनउपयोगी कार्यक्रम सञ्चालन गर्ने।

**तेह्रथुम क्याम्पसको SRC द्वारा संचालन भएका प्रमुख गतिविधिहरू**

- Non-credit Course अन्तर्गत ६० घण्टाको English Language class सञ्चालन ।
- Non-credit Course अन्तर्गत तेह्रथुम बहुप्राबिधिक शिक्षालय संग MOU गरी शिक्षालयको सहकार्यमा Mushroom Farming and Dairy Producer ९० घण्टाको कार्यक्रम सम्पन्न ।
- आठराई गाउँपालिकाका ८ वटा संस्थासँग औपचारिक भेटघाट तथा छलफल
- आठराई गाउँपालिकाका ८ वटा माध्यमिक विद्यालयमा भ्रमण, समन्वय तथा संवाद
- आठराई गाउँपालिकाका माध्यमिक विद्यालय कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरू संग भेटघाट तथा छलफल
- महिला हिंसाविरुद्ध सचेतना कार्यक्रम सञ्चालन
- आठराई गाउँपालिकाका स्थित सरस्वति मा. वि. मा Outreach कार्यक्रम सम्पन्न
- क्याम्पसका गतिविधिहरू विभिन्न सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण
- क्याम्पसको वार्षिक उत्सव कार्यक्रम सफलतापूर्वक सम्पन्न
- पाँचथर जिल्ला फिदिम नगरपालिका प्रमुख, उपप्रमुख लगायत कार्यपालिकासँग समुदायसँग सम्बन्ध सुधार कार्यक्रम सम्पन्न ।
- पाँचथर जिल्ला फिदिम नगरपालिकाको सुड्निमा आधारभूत विद्यालयको शैक्षिक भौतिक एवम् उद्यमशिलता कार्यको अवलोकन
- विद्यार्थी भर्ना अभिवृद्धिका लागि घरदैलो अभियान सञ्चालन

**आगामी कार्यक्रमहरू**

- विद्यार्थी भर्ना अभिवृद्धिका लागि घरदैलो अभियान सञ्चालन
- वातावरणीय तथा लागूपदार्थ दुरुपयोगविरुद्ध सचेतनामूलक कार्यक्रम
- राजनीतिक दल, जनप्रतिनिधि तथा क्याम्पस सरोकारवालासँग संवाद तथा छलफल कार्यक्रम
- समुदाय लक्षित वित्तीय साक्षरता तथा उद्यमशीलता कार्यक्रम
- क्याम्पससँग सरोकारवालाको फिडब्याक सेसन सञ्चालन
- स्टेकहोल्डर नेटवर्कलाई अझ सक्रिय बनाई दायरा विस्तार गर्ने
- विभिन्न संस्थासँग सहकार्य तथा पार्टनरसिप कार्यक्रम सञ्चालन
- समुदायमै आधारित outreach कार्यक्रम सञ्चालन

# नेपाली विभाग तथा अर्थशास्त्र विभाग

**विभागीय प्रमुख**
**नेपाली तथा अर्थशास्त्र विभाग**

## परिचय

तेह्रथुम बहुमुखी क्याम्पस त्रिभुवन विश्वविद्यालयका ६२ वटा आङ्गिक क्याम्पसहरू मध्येको एक हो। वि.सं. २०१७ सालमा स्थापित यस क्याम्पसले हालसम्म यस क्षेत्रको शैक्षिक उन्नयनमा महत्त्वपूर्ण योगदान प्रदान गरेको छ । उच्चशिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित यस क्यापसबाट उत्पादित जनशक्तिहरूले राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त गरिसकेका छन् । स्थापना कालदेखि आजसम्म पनि निरन्तर रुपमा यस क्याम्पसको उन्नयनमा संलग्न सम्पूर्ण अविभावकहरूमा नेपाली विभाग हार्दिक आभार प्रकट गर्दछ । राष्ट्र विकासका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न आगामी दिनहरूमा अझ जिम्मेवारीका साथ लाग्ने वाचा गर्दै यहाँहरूबाट पनि थप सहयोग र सहकार्यका लागि अझ धेरै आशावादी बन्दै विभागीय गतिविधिहरूलाई प्रभावकारी, योजनाबद्ध र पारदर्शी बनाउने उद्देश्यका साथ गत शैक्षिक सत्रको समीक्षा गरी चालु शैक्षिक सत्रको योजना सहित यो वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

## १. पृष्ठभूमि

सङ्घीय नेपालका ७७ जिल्लाहरूमध्ये कोशी प्रदेशमा अवस्थित ऐतिहासिक, धार्मिक, सामाजिक, राजनीतिक , पर्यटकीय र शैक्षिक दृष्ट्रिले छुट्टै पहिचान बोकेको तेह्रथुम जिल्लाको आठराई गाँउपालिका अत्यन्त रमणीय  स्थान हो। वि.सं. १९७५ मा उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले त्रिचन्द्र कलेजको स्थापना भएपछि नेपालका विभिन्न ठाँउहरूमा विद्यालय र महाविद्यालयहरू खुल्ने कार्य प्रारम्भ भयो । २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । यसै क्रममा सम्पूर्ण आठराईबासी एवम् स्थानीय शिक्षाप्रेमीहरूको अथक प्रयासस्वरूप यस क्षेत्रको केन्द्रमा रहेको आठराई गा.पा.को चुहानडाँडामा २०१७ साल जेष्ठ २१ गते स'रूमा वीरेन्द्र इन्टर कलेज नामबाट सञ्चालित यो क्याम्पस २०३७ सालमा तेह्रथुम क्याम्पसमा रुपान्तिरित भएर२०६३ साल कार्तिक २६ गतेदेखि तेह्रथुम बहुमुखी क्याम्पसका रुपमा परिचित छ। कोशी प्रदेश अन्तर्गतका पूर्वी पहाडी जिल्लाहरू तेह्रथुम, पाँचथर र ताप्लेजुडका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले सीमित भौतिक सामग्री र मानवीय स्रोत साधनबाट खोलिएको यस सरकारी (आङ्गिक) क्याम्पसबाट ठूलो सङ्ख्यामा सक्षम जनशक्ति उत्पादन भैसकेको छ । यस क्याम्पसका कारण बिभिन्न व्यक्तिहरूले आ-आफ्नो जीवनस्तर उकास्नका साथै देश विकासमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

पूर्वी पहाडी क्षेत्रमा गुणस्तरीय शिक्षा प्रदान गर्न सफल एकमात्र सरकारी संस्थाका रुपमा चिनिने यस क्याम्पसमा मानविकी सङ्कायतर्फ चारवर्षे स्नातक (बि.ए.) र स्नातकोत्तर (एम.ए.) एवम् शिक्षा शास्त्र सङ्कायतर्फ चार वर्षे बि.एड.र बी.बी. एस. अध्ययन अध्यापन हुने यस क्याम्पसमा हाल १९ जना प्राध्यापक, ९जना कर्मचारी र करिव २५०  जना विद्यार्थी रहेका छन्। मानविकी सङ्कायतर्फ स्नातक तहमा ऐच्छिक विषयका रुपमा अङ्ग्रेजी, नेपाली, गणित, जनसङ्ख्या अध्ययन, राजनीतिशास्त्र, अर्थशास्त्र र इतिहास विषयहरू रहेका छन् भने स्नातकोत्तर(एम.ए.) तहमा जनसङ्ख्या अध्ययन विषयको अध्ययन अध्यापन भइरहेको छ । शिक्षशास्त्र सङ्कायतर्फ विशिष्टीकरण विषयका रुपमा नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, गणित शिक्षा, जनसङ्ख्या शिक्षा विषय रहेका छन्। यस क्याम्पसमा नेपाली, अङ्ग्रेजी जनसङख्या , राजनीति शास्त्र र अभ्यास शिक्षण गरी पाँचवटा

विभागहरू रहेका छन् । नेपाली विभागमा विभाग निमार्णका लागि आवश्यक सदस्य सङ्ख्या नभएका कारण तत्कालीन समयमा विभाग गठन गर्दा नेपाली र अर्थशास्त्र विषयलाई मिलाएर विभाग गठन गरिएको थियो तर वर्तमान अवस्थामा नेपाली विभागका सदस्यको सङ्ख्या थप भएकाले नेपाली विभाग छुट्टै विभाग बन्न सक्ने अवस्थामा रहेको छ । यस विभागमा कार्यरत शिक्षकहरूको विवरण यस प्रकार रहेको छ :

| क्र.सं. | शिक्षकको नाम | पद | विषय | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | निधिरत्न न्यौपाने ( विभागीय.प्रमुख) | शिक्षण सहायक | नेपाली | एम.ए., आचार्य एकवर्षे बि.एड |
| २ | ईश्वरीप्रसाद डाँगी (सदस्य) | शिक्षण सहायक | अर्थशास्त्र | एम.ए. |
| ३ | धर्मराज गौतम ( सदस्य) | शिक्षण सहायक | नेपाली | एम.ए., एकवर्षे बि.एड |
| ४ | सोमनाथ घिमिरे ( सदस्य) | शिक्षण सहायक | नेपाली | एम.ए. एकवर्षे बि.एड, एम्.फिल. |
| ५ | योगेश काफ्ले (सदस्य) | शिक्षक | नेपाली शिक्षा | एम.एड् .एम.फिल. |
| ६ | पूर्णकुमारी रोका (सदस्य) | शिक्षक | नेपाली | एम.ए.,एकवर्षे बि.एड |

**२.उद्देश्य**

यस विभागका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- पठनपाठन कार्यलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्नु,
- अनुसन्धानका माध्यमबाट शिक्षक र विद्यार्थीको ज्ञानलाई अझ फराकिलो बनाउनु,
- विद्यार्थी र शिक्षकका बिचको दुरीलाई छोट्याई शिक्षण कार्यलाई प्रभावकारी बनाउनु,
- क्याम्पसमा रहेका अन्य बिभागहरू एवम् सम्बद्ध कार्यालयहरूसँग समन्वय गरी प्राज्ञिक कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्नु ,
- सूचना प्रविधिलाई प्रयोग गर्दै शिक्षणलाई प्रविधि मैत्री बनाउनु,
- विद्यार्थीको शैक्षिक स्तरलाई उकास्न समय समयमा आन्तरिक मूल्याङ्कन परीक्षा सञ्चालन गर्नु,
- तोकिएको समयमा पाठ्यक्रमले तोकेका पाठ्यांशहरूको पठनपाठन नसकिएमा अतिरिक्त कक्षा सञ्चालन गरी पाठ्यांश पूरा गर्नु ।

**३. विभागीय गतिविधिहरूः**

गत शैक्षिक सत्रमा यस विभागले सम्पन्न गरेका कार्यहरूलाई बँदागतरुपमा निम्नुसार उल्लेख गरिएको छ :

- त्रि.वि. प्राध्यापक संघ क्याम्पस एकाइ समिति एवम् अनुसन्धान व्यवस्थापन एकाइ (कअ)ले प्रकाशन गर्ने अनुसन्धानमूलक प्रणयन र (Reasherch journal) पत्रिकामा लेख रचना उपलब्ध गराउनका लागि विभागीय छलफल गरिएको,
- स्नातक तहको आन्तरिक मूल्याङ्कन सम्बन्धी विषयमा छलफल, योजना निर्माण र कार्यान्वयन गरिएको
- परीक्षा पश्चमार्जनबारे छलफल गरिएको,
- विषयगत शिक्षकको अनुपस्थितिमा कक्षा व्यवस्थापन गरिएको,
- क्याम्पस स्तरीय प्रतियोगितात्मक नृत्य, कविता वाचन, गजल वाचन, अक्षरलेखन,चित्रकला, निबन्धलेखन, लगायतका साहित्यिक कार्यक्रमहरू सञ्चालन गरिएको ।

**४. भावी योजनाः**

नेपाली विभागका आगामी योजनालाई निम्नानुसार उल्लेख गरिएको छ :

- अनुसन्धान एवम् प्रज्ञिक उन्नयनका लागि सेमिनार तथा गोष्ठी सञ्चालन गर्ने,
- विद्यार्थीहरूको अध्ययन कार्यलाई व्यवस्थित गर्न त्रैमासिक रुपमा आन्तरिक मूल्याङ्कन गर्ने,
- शिक्षकहरूको प्राज्ञिक क्षमता अभिवृद्धिका लागि प्रोत्साहन तथा सिफारिस गर्ने,
- चौमासिक रुपमा क्याम्पस स्तरीय प्रतियोगितात्मक साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने,
- विद्यार्थीहरूलाई व्यावहारिक लेखनमा सक्षम बनाउन प्रयोगात्मक पक्षमा जोड दिने,
- स्नातकतहको आन्तरिक मूल्याङ्कन परीक्षाका सम्बन्धमा छलफल गर्ने,
- बि.ए. तेस्रो वर्षका लघु शोधपत्र र नेपाली पत्रकारिता विषयको प्रयोगात्मक परीक्षालाई अझ व्यवस्थित र प्रयोगमूखी बनाउने,
- परीक्षा परिणामपश्चात विद्यार्थीहरूको कमजोरीका पक्षलाई पहिचान गरी उक्त कमजोरीहरू निराकरण गर्ने बारेमा छलफल गर्ने,
- विषयगत शिक्षकको अनुपस्थितिमा कक्षा व्यवस्थापनका बारेमा छलफल गर्ने,
- विभागका सदस्यहरूबाट भएका अनुसन्धानात्मक कार्य तथा प्राज्ञिक लेखनबारे छलफल र अन्तर्क्रिया गर्ने,
- विषय शिक्षकको कक्षा शिक्षणलाई प्रभावकारी बनाउन कक्षा सुपरिवेक्षण गरी प्राविधिक सहयोग गर्ने,
- सिकाइ सहजीकरण प्रक्रियामा सूचना तथा प्रविधिको प्रयोगका विषयमा छलफल गर्ने,
- स्नातक तहमा नेपाली विषयको परीक्षा परिणामको विश्लेषण गर्ने

- गुणस्तर प्रत्ययन तथा प्रमाणीकरण कार्यका लागि आवश्यक सहयोग जुटाउने ।

**५ .विभागका वर्तमान चुनौतीहरू**

यस विभागका वर्तमान चुनौतीहरूलाई बुँदागत रुपमा यसरी प्रस्तुत गरिएको छ :

- विद्यार्थीको नियमित उपस्थिति नहुनु
- अतिरिक्तकक्षाको व्यवस्थापन नहुनु
- कक्षा छाड्ने प्रवृतिमा वृद्धि हुनु
- भाषिक पृष्ठभूमिगत विविधता देखिनु
- आन्तरिक मूल्याङ्कनको प्रभावकारितामा समस्या देखापर्नु
- प्राध्यापकहरूको शैक्षिक उपलब्धिमा ह्रास आउनु
- शिक्षकको निरन्तर पेशागत विकासमा ह्रास आउनु
- विद्यार्थीका स्तरले गुणस्तरमा पारेको प्रभाव
- स्रोत साधनसम्पन्न पुस्तकालय नहुनु
- क्याम्पसको भौगोलिक अवस्थिति
- कक्षा कोठामा सूचना तथा सञ्चार प्रविधिको पर्याप्त उपयोग नहुनु
- शैक्षिक तथा सन्दर्भसामग्रीको उपलब्धता र प्रयोग नहुनु
- शिक्षाशास्त्र संकायमा अर्थशास्त्र शिक्षा विषय नहुनु
- स्नातकोत्तरतहमा नेपाली विषयको अध्यापन नहुन

**६ विभागका विद्यमान चुनौति समाधानका उपायहरू :**

उपर्युक्त चुनौती तथा समस्याहरू समाधान गर्नका लागि विभागले निम्नानुसारका उपायहरू अवलम्वन गर्नुपर्ने देखिन्छ :

- नियमित रुपमा विभागको बैठक बसी आवश्यक कार्यहरू सम्पन्न गरी सोका बारेमा अझ व्यवस्थित अभिलेखीकरण गर्ने,
- विद्यार्थीलाई क्याम्पसमा नियमित उपस्थित गराउन उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गर्ने,अतिरिक्तकक्षाको व्यवस्थापन गर्ने,
- कक्षा छाड्ने प्रवृतिलाई न्यूनीकरण गर्न उपचारात्मक शिक्षणको व्यवस्था गर्ने,
- भाषिक पृष्ठभूमिगत विविधताबाट उत्पन्न समस्याको समाधानका लागि विद्यार्थीको भाषिक पृष्ठभूमि र नेपाली भाषा प्रयोगको स्तर पहिचान गरी नेपाली भाषामा बोध र अभिव्यक्तिको स्तर बढाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने,
  - प्राध्यापकहरूलाई शैक्षिक योग्यता वृद्धि गर्न उत्प्रेरित गर्ने,

- शिक्षकको निरन्तर पेशागत विकासको उन्नयनका लागि सञ्चालित तालिम, गोष्ठी, कार्यशालामा सहभागी गराउने,
- विद्यार्थीको स्तरले गुणस्तरमा पारेको विषयगत प्रभावलाई विचार गरेर उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीलाई क्याम्पसमा भर्ना हुने वातावरण सिर्जना गर्न छात्रवृत्तिको वितरणलाई थप व्यवस्थित बनाउने,
- पुस्तकालयलाई स्रोत साधन सम्पन्न बनाउन विषयगत पाठ्य तथा सन्दर्भ सामग्रीको व्यवस्था गर्न पहल गर्ने,
- अनुसन्धानात्मक तथा प्राज्ञिक लेखनमा संलग्नता बढाउन विभागमा सहकार्यको वातावरण सिर्जना गर्ने,
- क्याम्पसको भौगोलिक विकटतालाई मध्यनजर गरी टाढाबाट आउने विद्यार्थीको सहजताका लागि बसको नियमित सञ्चालनका लागि विभागका तर्फबाट प्रशासनसमक्ष पहल गर्ने,
- क्याम्पसको स्तर उन्नयन गर्न अन्तर्विभागीय सहकार्यलाई निरन्तरता दिने,
- सिकाइ सहजीकरणलाई समय सापेक्ष बनाउन सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने,
- शैक्षिक तथा सन्दर्भ सामग्री उपलब्ध गराएर वा विद्यार्थीहरूबाट समेत सङ्कलन गरेर सिकाइलाई प्रभावकारी बनाउने ,
- शिक्षाशास्त्र संकायतर्फ अर्थशास्त्र शिक्षा विषय थप गर्न पहल गर्ने,
- स्नातकोत्तर तहमा नेपाली विषय थप गर्नका लागि पहल गर्ने ।

**७ निष्कर्ष:**

नेपाली विभाग यस क्याम्पसको सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने विभागमध्ये एक हो । नेपाली विषय यस क्याम्पसको स्नातक तहमा अनिवार्य र ऐच्छिक (मेजर, माइनर) विषयका रुपमा अध्ययन अध्यापन भैरहेको छ । नेपाली विषय एकातिर सबै विद्यार्थीहरूका लागि अनिवार्य विषय र पढाइको माध्यम भाषाका रुपमा रहेको छ भने अर्कातिर मेजर, माइनर र इलेक्ट्रिभ विषयका रुपमा अध्ययन गर्न मिल्ने किसिमले व्यवस्थापन गरिएको छ । यसरी क्याम्पसका अधिकांश विद्यार्थीहरूको पढाइको माध्यम भएकाले नेपाली विषयको स्तर उन्नयन गर्नमा यस विभागको महत्वपूर्ण भूमिका रहेको छ । यसरी अधिकांश विद्यार्थीको रोजाईको विषयका रुपमा स्नातक तहमा नेपाली विषय रहेपनि स्नातकोत्तर तहमा यस विषयको पढाइको व्यवस्था नभएकाले विद्यार्थीहरू अन्यत्र पढ्न जान वाध्य भएका छन । विविध समस्या र चुनौतिहरू रहँदारहदै पनि समन्वय, एकता र सहकार्य गर्दै आफ्नो विषय र समग्र क्याम्पसको गुणस्तरलाई उकास्नका लागि यस क्याम्पसका प्राध्यपकहरूबाट सक्दो प्रयास भैरहेको छ । उच्च शिक्षाप्रतिको घट्दो जन आस्थामा परिवर्तन गरी राज्यका लागि आवश्यक पर्ने समयानुकूल, गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नुपर्ने गहन जिम्मेवारी पूरा गर्नका लागि यस विभागबाट अझ प्रभावकारी योजनाहरू निर्माण गरी त्यसलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

# Academic Audit Report

Annual Report

Krishna Prasad Niroula
Member

## 1. Executive Summary

This section provides a brief overview of the academic audit conducted at Terhathum Multiple Campus. It outlines the objectives, scope, key findings, and recommendations. The audit aimed to assess the quality, efficiency, and effectiveness of academic programs, teaching methodologies, student outcomes, and institutional support services.

## 2. Introduction

- **Institution Overview:**
  Terhathum Multiple Campus is located in Aathrai Rural Municipality -6, Chuhandada and offers BBS., B.Ed., and BA programs, Bachelors level and Masters level program. It aims to provide quality education and foster academic excellence in Business management, English, Nepali, Population studies, Political Science, Economics etc.
- **Audit Objectives:**
  The primary objective of this academic audit is to evaluate the academic quality assurance processes, teaching-learning strategies, curriculum implementation, faculty performance, and student achievement.
- **Scope of Audit:**
  The audit covers all academic programs, faculty evaluation, student performance metrics, and the overall effectiveness of academic support services.

## 3. Methodology

The audit was carried out through a combination of:

- **Document Review:**
  Examining curriculum outlines, syllabi, academic calendars, student records, faculty credentials, and institutional reports.
- **Interviews and Surveys:**
  Conducting interviews with faculty, staff, students, and administrators. Surveys were distributed to gauge the satisfaction and feedback of stakeholders.

- **Classroom Observations:**
  Observing teaching methods, student engagement, and overall classroom dynamics.
- **Data Analysis:**
  Analyzing student performance, retention rates, and graduation rates.

**4. Key Findings**

- **Curriculum and Program Structure:**
  The curriculum for various programs is in line with academic standards, but some courses could be updated to reflect current needs and technological advancements. More interdisciplinary and practical training is recommended.
- **Teaching Quality:**
  Faculty members are generally well-qualified; however, there is a need for professional development in innovative teaching techniques and the integration of technology in the classroom. Some faculty members report a lack of resources for enhancing teaching effectiveness.
- **Student Performance and Outcomes:**
  The performance of students in offered programs or courses has been commendable, though areas such as Business management, English, Nepali, Population studies, Political Science, Economics etc. could benefit from enhanced focus. There is also a need to address the high dropout rates in BBS., B.Ed., and BA.
- **Academic Support Services:**
  The library, IT resources, and student counseling services are well-maintained but could be expanded to meet the growing demands. Students have expressed the need for more career services and internships.
- **Faculty Evaluation and Development:**
  Faculty evaluations are conducted annually; however, the process could be more comprehensive, including peer reviews and student feedback on teaching quality. Professional development programs are limited and should be more frequent.

**5. Strengths**

- Strong academic foundation in all programs or departments .
- Dedicated faculty with significant academic credentials.
- Robust student support systems, including academic advising and mentorship programs.
- Active participation in local community-based research and outreach.

**6. Areas for Improvement**

- Updating and diversifying the curriculum to meet current academic and market needs .
- Increased focus on digital literacy and online learning platforms.
- Expansion of professional development programs for faculty members.
- Strengthening career services and internship opportunities for students.
- More efficient use of institutional resources to support research initiatives.
- Institutional visit for the faculty is required .

**7. Recommendations**

Based on the findings, the following recommendations are made:

1. **Curriculum Revision:**
   Consider incorporating online learning and blended teaching methods.
2. **Faculty Development:**
   Establish regular workshops, seminars, and training programs to improve teaching skills, particularly in technology integration and interactive learning methods.
3. **Enhance Student Support:**
   Expand career services, internships, and counseling to ensure better career preparation and student well-being. Increase engagement with alumni for mentoring and job placement.
4. **Resource Optimization:**
   Invest in upgrading digital infrastructure and learning management systems. Ensure the library and research facilities are equipped with the latest resources.
5. **Strengthening Academic Monitoring:**
   Implement a more comprehensive faculty evaluation system that includes peer reviews and student feedback. Also, monitor student progress more closely to identify at-risk students early.

**8. Conclusion**

This academic audit has provided valuable insights into the strengths and challenges faced by Terhathum Multiple Campus. While there are many positive aspects to its academic offerings, there are also areas that require improvement to maintain and enhance the quality of education. By addressing the recommendations outlined in this report, the institution can foster an environment that supports academic excellence and student success.

# Campus Sanitation Management Cell

Annual Report

**Introduction**

We are doing our duty honestly as the members of the campus Sanitation Management Cell. During the year 2081/082 we planted the new plants near the new path walk to the new building of the campus. Near the new building we made the under-ground water tank for watering the new plants.

**Cell Members**

We are four members in this cell.We are doing our duty well. The name of the members as follows:

**1.Mr.Manoj Kumar •Choudhary-Co-ordinator**

2. Mr. Mahendra Katuwal - Member
3. Mr. Dharmraj Acharya - Member
4. Mrs. Tulsa Katuwal -Member

**Major Activities**

As we know sanitation is the process of keeping our campus free from dirt by removing waste, trash and garbage by cleaning the whole campus. We planted the different types of decorative plants and flowers near the new and old academic and administrative buildings.We organized six cell meetings to clean the premises of the campus.

**Strengths**

There is the co-ordination among the cell members, teaching and non-teaching staff and students to do the extra activities to make the eco-friendly environment of the campus for all.

**Weaknesses**

But there is the lack of sufficient tools for gardening.There is the need of the extra manpower to do the different activities in time.

**Opportunities**

We must include the more participants such as students and other communities to do the beautification of the campus.

**Threats**

The main challenge is how to maintain the whole premises neat and clean. There is no availability of vermicompost.

**Future Plan**

There is the need of trained gardener so we must request the T.U. to recruit the gardener for our campus.

**Conclusion**

To sum up the report I would like to say that no sanitation no beautification that's why we should do our duty honestly.

Manoj Kumar Choudhary
Co-ordinator
Campus Sanitation Management Cell

# Tracer Study Report

**Background**

The Graduate Tracer Study was carried out by the Tracer Study Committee of TMC in early 2080, covering 45 graduates from the Faculties of Education and Humanities. Such studies play an essential role in helping educational planners evaluate program effectiveness and determine how well academic training aligns with job market demands and graduates' personal and professional growth.

**Report Preparation Team**

**Coordinator: Chakrapani Bhattarai**

Member: Manoj Kumar Chaudhary

Member: Punya Prasad Siwakoti

**Objectives**

The primary objectives of the study were to:

- Track the current employment status of graduates.
- Analyze the utilization of acquired skills and assess job satisfaction.
- Examine labor mobility, unemployment, and underemployment trends.
- Evaluate the relevance of university training to graduates' personal development and career aspirations.

**Activities**

The study was conducted using both online and offline survey questionnaires. These tools collected information on further education, employment status, career goals, and the perceived quality of academic programs. Follow-up communication with graduates helped maintain a high response rate.

**Achievements (Key Findings)**

Numerical report on student promotion at different levels in the academic session 2081/082.

**Table 1**

*pass-out students by Gender and Employment status.*

| Program | Total pass out | Male | Female | Employed Male | Employed Female | Unemployed Male | Unemployed Female |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| B.A. | 5 | 4 | 1 | 2 | × | 2 | 1 |
| B.Ed. | 22 | 12 | 10 | 7 | 5 | 5 | 5 |
| M.A. | 18 | 14 | 4 | 11 | 3 | 3 | 3 |
| Total | 45 | 30 | 15 | 20 | 8 | 10 | 9 |

*Source:* Tracer Study,2082.

Based on the table,a total number of 45 students passed out in the academic session 2081/082 from three programs:B.A., B.Ed. and M.A. Out of them 30 were male and 15 were female which shows that male participation is significantly higher than female participation. Among the three programs B. Ed. produced the highest number of graduates (22 students) followed by M.A.(18 students) and B.A.(5 students),this indicates that B.Ed. is the most popular and accessible program whereas B.A. has the lowest enrollment and pass out rate.

Table 2

*Pass-out students by Gender and Employment status .*

| **Program** | **Total** | **Employed** | **Employment %** | **Unemployed** | **Unemployment %** |
|---|---|---|---|---|---|
| **B.A.** | 5 | 2 | 40% | 3 | **60%** |
| **B.Ed.** | 22 | 12 | 54.55% | 10 | **45.45%** |
| **M.A.** | 18 | 14 | 77.78% | 6 | **33.33%** |
| **Total** | 45 | 28 | 62.22% | 19 | **42.22%** |

Table 3

*Pass-out students by Gender and Employment status by* **Gender-wise**

**Employment rate (male) = 66.67%**

**Unemployment rate (male) = 33.33%**

**Employment rate (female) = 53.33%**

**Unemployment rate (female) = 60%**

**Threats / Challenges**

A substantial proportion of graduates (42.22%) were unemployed and economically inactive, raising concerns about the effectiveness of existing programs and the employability of graduates. Respondents also pointed out the need for improved facilities, particularly in the areas of library services, canteen management, and extracurricular support.

## Future Plan

The study recommends strengthening teaching and learning practices, upgrading library and canteen services, and improving infrastructure for extracurricular activities. These actions are expected to enhance the employability, satisfaction, and overall outcomes for future graduates.

## Conclusion

The Graduate Tracer Study provided valuable insights into the employment outcomes and professional development of TMC graduates. Although the academic programs were regarded as beneficial for skill enhancement, a significant number of graduates remain unemployed or underemployed. Addressing the identified gaps particularly in facilities and practical training will be crucial in improving future graduate success and institutional performance.

# शिक्षण अभ्यास विभागको प्रतिवेदन

योगेश काफ्ले
**विभागीय प्रमुख**
शिक्षण अभ्यास

**१.परिचय**

शिक्षा व्यक्तिको सामाजिक, बौद्धिक र पेशागत विकासको आधारभूत स्तम्भ मानिन्छ । परिवर्तनशील समाज, विकसित हुँदै गएको प्रविधि तथा नयाँ ज्ञान-विज्ञानका सन्दर्भमा शिक्षण प्रक्रियालाई र अद्यावधिक गर्नुपर्ने आवश्यकता पर्दछ । यसै सन्दर्भमा, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले स्नातक तथा स्नातकोत्तर तहमा सैद्धान्तिक अध्ययनसँगै व्यवहारिक अभ्यासलाई समाहित गर्दै शिक्षण अभ्यास कार्यक्रम अनिवार्य रुपमा समावेश गरेको छ । यस कार्यक्रमले विद्यार्थीलाई 'भविष्यका दक्ष शिक्षक बन्न आवश्यक सिप, क्षमताको विकास तथा कक्षा-व्यवहारको वास्तविक अनुभव दिलाउने अवसर प्रदान गर्दछ ।

**२.शिक्षण अभ्यासको उद्देश्य**

शिक्षण अभ्यासको मूल उद्देश्य विद्यार्थीहरूलाई व्यवहारमा शिक्षण प्रक्रियाको अनुभव प्रदान गर्नु हो । यस कार्यक्रमले विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रुपमा लागू गर्न सक्षम बनाउँदै व्यावसायिक दक्षता र शिक्षण सिप विकास गर्दछ। दक्ष र सक्षम शिक्षक बन्नका लागि शिक्षण तालिम अनिवार्य हुन्छ । शिक्षकको मुख्य भूमिका कक्षाकोठामा अध्यापन गर्नु, शिक्षण सामग्री निर्माण र प्रयोग गर्नु, प्रभावकारी शिक्षण विधि अपनाउनु, र विद्यार्थीलाई सकारात्मक ज्ञान हस्तान्तरण गर्नु हो। शिक्षण अभ्यासले यी सबै क्षमताहरूको विकासमा सहयोग पुऱ्याउँछ ।

**३.तेह्रथुम बहुमुखी क्याम्पसमा शिक्षण अभ्यासको विकासक्रम**

तेह्रथुम बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातक तहका पाठ्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । वि.सं. २०६०/०६१ मा एकवर्षे वि.एड. कार्यक्रम सुरू गरिएको थियो । अभ्यास शिक्षण पाठ्यक्रमको थालनी भने वि.सं. २०६३ मा भयो । तीनवर्षे वि.एड. (तत्कालीन) र चारवर्षे वि.एड.का अन्तिम वर्षमा वि.सं. २०६६ देखि शिक्षण अभ्यासलाई त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले तोकेको ढाँचामा सञ्चालन गर्दै आएको छ ।

**४. शैक्षिक सत्र २०८१/०८२ को शिक्षण अभ्यास**

शैक्षिक सत्र २०८१/०८२ मा चारवर्षे वि.एड. अन्तर्गत १५ जना छात्र-छात्राहरू शिक्षण अभ्यासमा सहभागी भए । तोकिएको पाठ्यक्रमअनुसार, नियमित कक्षा तालिकामा अभिमुखीकरण कार्यक्रम, लघु/सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, विद्यालय शिक्षण, र शैक्षिक योजना निर्माणजस्ता गतिविधिहरू वार्षिक कार्ययोजनाअनुसार सञ्चालन गरियो । विद्यालय

शिक्षणका लागि प्राथमिकताका आधारमा आठराई क्षेत्रका विद्यालयहरूलाई छनोट गरिएको थियो। यस प्रतिवेदनमा शैक्षिक वर्ष २०८१/०८२ मा सञ्चालित चारवर्षे वि.एड..को चालु पाठ्यांश अनुसार सञ्चालित शिक्षण अभ्यास कार्यक्रमसँग सम्बन्धित गतिविधिलाई प्रस्तुत गरिएको छ।

**५.शिक्षण अभ्यास पाठ्यांश परिचय**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायका क्याम्पसहरूमा सञ्चालित १ वर्षे, ३ वर्षे वि.एड. र २ वर्षे एम.एड. हुँदै हाल वि.एड.लाई चार वर्षे र एम.एड. लाई सेमेष्टर प्रणालीमा लगे पश्चात शिक्षालाई समय सापेक्ष बनाउदै लैजानका लागि कक्षा शिक्षणमा आउन सक्ने विभिन्न समस्याहरूलाई निराकरण गरी शिक्षकको पेशागत गुणको विकास गरी पेशालाई गुणस्तरीय र मर्यादित बनाउने दृष्टिकोणले शिक्षण अभ्यास एक महत्वपूर्ण पाठ्यांशको रूपमा विकास गरिएको छ। डीनको कार्यालयले तोकेको नियमानुसार वि.एड. मा शिक्षण अभ्यासमा समावेश हुन आवश्यक सर्तहरू पूरा गरे पश्चात शिक्षण अभ्यास विभागको सिफारिसमा तोकिएको विद्यालय/क्याम्पसहरूमा शिक्षण अभ्यासमा संलग्न हुन अनुमति दिइन्छ। स्नातक तह, वि.एड.मा शिक्षण अभ्यासको निर्धारित पाठ्यांश अनुसार निम्नानुसार कार्य, घण्टी, पूर्णाङ्क, उत्तीर्णाङ्क तोकिएको छ।

| क्र.सं. | कार्य विवरण | घण्टी/पिरियड | पूर्णाङ्क | उत्तीर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाठ्यभार | १५० | १०० | ४० | |
| २ | सूक्ष्म शिक्षण | २४ | १५ | ६ | आन्तरिक |
| ३ | सहपाठी शिक्षण | ४० | २० | ८ | आन्तरिक |
| ४ | विद्यालय शिक्षण | २० | २० | ८ | आन्तरिक |
| ५ | सहयोगी विद्यालय | - | ५ | २ | सहयोगी विद्यालय |
| ६ | बाह्य परीक्षक परीक्षण | - | ४० | १ | बाह्य |

## ६.शिक्षण अभ्यास विभाग

यस क्याम्पसमा निम्नानुसारको शिक्षण अभ्यास विभाग रहेको छ :

**विभागीय प्रमुख - श्री योगेश काफ्ले (**नेपाली शिक्षा)

विभागीय सदस्य - श्री निधिरत्न न्यौपाने (नेपाली)

विभागीय सदस्य - श्री जीवन पौडेल (जनसंख्या अध्ययन)

विभागीय सदस्य - श्री नवराज ओली (अङ्ग्रेजी शिक्षा)

विभागीय सदस्य - कृष्णप्रसाद निरौला (अङ्ग्रेजी शिक्षा)

विभागीय सदस्य - दुर्गा चम्लागाईं (पाठ्यक्रम)

## ७.शिक्षण अभ्यास विभागका प्रमुख कार्यहरू

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले जारी गरेको शिक्षण अभ्याससम्बन्धी नयाँ निर्देशिका अनुसार शैक्षिक वर्ष २०८१/०८२ को लागि स्नातक तह चौथो वर्षको अभ्यास शिक्षणसम्बन्धी वार्षिक कार्यसूची शिक्षण अभ्यास विभाग, सम्बन्धित विषय शिक्षकको संयुक्त सहभागितामा निर्माण गरी लागुगर्ने निर्णयानुसार सो कार्ययोजना अनुसार तपसिल बमोजिम शिक्षण अभ्यासका सम्पूर्ण कार्यहरू सम्पन्न गरिएको थियो ।

| **शैक्षणिक योजना निर्माण** | | **सूक्ष्म शिक्षण** | | **सहपाठी शिक्षण** | | **विद्यालय शिक्षण** | |
|---|---|---|---|---|---|---|---|
| देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म |
| *२०८१/११/ २९* | *२०८२/१/२६* | *२०८१/८/ ६* | *२०८१/९/ ४* | *२०८१/९/ १२* | *२०८१/११/ २९* | *२०८२/२/१६* | *२०८२/३/२०* |

- शिक्षण अभ्यासका गतिविधिहरूका लागि वार्षिक कार्ययोजना निर्माण।
- सूक्ष्म शिक्षण, सहपाठी शिक्षण तथा विद्यालय शिक्षणका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन।
- विद्यालय प्रिन्सिपल तथा शिक्षकहरूसँग निरन्तर समन्वय र छलफल।
- छात्र-छात्राको कक्षा अवलोकन, निरीक्षण।
- सहयोगी विद्यालय छनोट र बाह्य सुपरिवेक्षक नियुक्तिमा क्याम्पसलाई सहजीकरण।
- शिक्षण अभ्याससँग सम्बन्धित कार्यहरू एवम् कार्यतालिकाको निर्माण र कार्यान्वयनको बारेमा नियमित बैठक तथा छलफल गरिएको ,
- शिक्षण अभ्यासमा संलग्न हुने सबै विद्यार्थीहरू र यस विभागका सदस्यहरूको उपस्थितिमा २०८१ मंसिर ४देखि ५ गतेसम्म सूक्ष्म शिक्षणको अभिमुखीकरण र २०८१ पुसमा सहपाठी शिक्षण र २०८२ जेठ १८ गते विद्यालय शिक्षणको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ,
- विभागसँग सम्बन्धित प्राध्यापक तथा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँग भेटघाट, छलफल तथा अन्तरक्रिया गरिएको ,
- प्रभावकारी कक्षा निरीक्षण तथा अनुगमन गरिएको
- विद्यालय शिक्षणको लागि सहयोगी विद्यालय छनोट, बाह्य सुपरिवेक्षक नियुक्ती लगायतमा क्याम्पस प्रशासनलाई सहजीकरण गरिएको।

**८. सवल पक्षहरू**

वास्तविक फारम तथा सामग्री प्रयोग गर्दै व्यावहारिक अभ्यासमा जोड

अनुभवी र दक्ष प्राध्यापकद्वारा कार्यक्रम सञ्चालन

विभागीय सदस्यबीच समन्वय र सहकार्य

आवश्यक शैक्षिक सामग्रीको पर्याप्त उपलब्धता

विद्यार्थी, प्राध्यापक र विद्यालयबीच सुमधुर सम्बन्ध। ,

**९.आगामी कार्यक्रमहरू:**

शिक्षण अभ्यासलाई अझ व्यवस्थित र गुणस्तरीय बनाउने

विषयगत सुपरीवेक्षकका लागि प्रविधिमैत्री पुनर्ताजगी तालिम सञ्चालन

विद्यालय र क्याम्पसबिच नियमित अन्तरक्रिया कार्यक्रम

सूक्ष्म र सहपाठी शिक्षणलाई वास्तविक कक्षामा अनिवार्य रुपमा प्रयोगमा ल्याउने

प्रविधि र नयाँ शैक्षिक अभ्याससहित पाठ्यांशलाई अद्यावधिक गर्दै लैजाने

शिक्षण अभ्यास कार्यक्रमलाई अनुशासित, व्यवस्थित मर्यादित बनाउने

अभ्यास शिक्षणमा सहभागी विद्यार्थीहरू २०८१/२०८२ (वि.एड. चौथो वर्ष)

**अभ्यास शिक्षणमा संलग्न छात्र छात्रा शिक्षक विवरण**

| क्र.सं. | छात्रशिक्षकको नाम | ीवषय |
|---|---|---|
| १ | प्रयास भट्टराई | अंग्रेजी शिक्षा |
| २ | पुजा कन्दङ्वा | अंग्रेजी शिक्षा |
| ३ | सुमन आचार्य | जनसंख्या शिक्षा |
| ४ | लिलिस गुरूङ | जनसंख्या शिक्षा |
| ५ | मधवा नेपाली | जनसंख्या शिक्षा |
| ६ | बिकास मगर | नेपाली शिक्षा |
| ७ | पर्वता ओली | नेपाली शिक्षा |
| ८ | मेनुकादेवी लामा | नेपाली शिक्षा |
| ९ | सुवानी न्यौपाने | नेपाली शिक्षा |
| १० | दुर्गा कन्दङ्वा | नेपाली शिक्षा |
| ११ | झुमादेवी ठटाल | नेपाली शिक्षा |
| १२ | जमुनादेवी पाठक | नेपाली शिक्षा |

| | | |
|---|---|---|
| १३ | शोभा उप्रेती | नेपाली शिक्षा |
| १४ | जयेन्द्र चम्लागाईं | नेपाली शिक्षा |
| १५ | रेखा लिम्बू | नेपाली शिक्षा |

**निष्कर्ष**

तेह्रथुम बहुमुखी क्याम्पसको शिक्षण अभ्यास कार्यक्रम विद्यार्थीलाई दक्ष, उद्देश्यपूर्ण र व्यवहारिक शिक्षकका रुपमा विकास गर्ने एक महत्वपूर्ण माध्यम हो। विभागीय टोली, सहयोगी विद्यालय र प्राध्यापकहरूको सक्रियता तथा समन्वयका कारण २०८१/०८२ को शिक्षण अभ्यास सफलतापूर्वक सम्पन्न गरिएको छ । आगामी वर्षहरूमा प्रविधि, अनुसन्धान र नवीन शिक्षण विधिलाई समावेश गर्दै शिक्षण अभ्यासलाई झनै प्रभावकारी र आधुनिक बनाउने लक्ष्य विभागले राखेको छ ।

## Department of Population

## Annual Report

## १. Introduction (परिचय)

वि.स. २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना भएको एक महिनावर्षको लगतै अर्थात वि.स. २०१७ सालमा यस तेह्रथुम बहुमुखी क्याम्पसको स्थापना विरेन्द्र इन्टर कलेजको नामबाट भएको हो । त्रि.वि.का अरू सबै आङ्गिक क्याम्पसहरू जिल्ला सदरमुकाम अर्थात शहर केन्द्रित रहेका छन् भने तेह्रथुम बहुमुखी क्याम्पस विशुद्ध तेह्रथुम जिल्लाको सदरमुकाम बाहिर ग्रामीण भेगको आठराई गाँउ पालिका वडा नं - ६, चुहानडाँडामा रहेको छ । स'रूका वर्षहरूमा विभिन्न आरोह अवरोहरू यस क्याम्पसले झेल्दै आएको भएता पनि वि.स. २०३७ सालदेखि यस क्याम्पसमा मानविकी संकायको प्रवीणता प्रमाणपत्र तह (आइ.ए.) स'रूवात भएको पाइन्छ । सो तहमा सुरूवात देखिनै विभिन्न विषयहरूको पठनपाठन सञ्चालनमा रहेको भएता पनि जनसंख्या अध्ययन विषय वि.स. २०४५ सालदेखि मात्र स'रू भएक हो । यसै गरी तेह्रथुम बहुमुखी क्याम्पसमा मानविकी संकाय तर्फको स्नातक तह ( वि.ए.) को कक्षा सञ्चालन वि .स . २०४६ सालदेखि सुरूवात भएको र सो संकायमा जनसंख्या अध्ययन विषयको पठनपाठन वि. स .२०५५ साल देखि मात्र सञ्चालनमा रहेको पाइन्छ ।

तेह्रथुम बहुमुखी क्याम्पसमा शिक्षा शास्त्र संकायको एक वर्षे वि.एड. वि. स. २०६० सालमा र ३ वर्षे वि. एड ( हाल ४ वर्षे बि एड) वि.स. २०६३ साल देखि चालुमा छन् । जनसंख्या शिक्षा नामक विषय यि दुवै तह सुरू भए देखि नै सञ्चालनमा आएका छन् । त्यस्तै गरेर वि.स .२०७० साल माघ महिनादेखि तेह्रथुम बहुमुखी क्याम्पसमा स्नातकोत्तर तह (एम.ए.) मा जनसंख्या अध्ययन विषयको पठनपाठन सञ्चालनमा रहेको छ ।

हाल तेह्रथुम बहुमुखी कयाम्पसमा विभिन्न विषयका विभागीय प्रमुखहरूको नियुक्ति हुने गरेको भएता पनि वि.सं. २०७१ सालभन्दा अघि जनसंख्या अध्ययन विषयको विभागीय प्रमुखको नियुक्ति भएको पाइँदैन । त्यो समयमा यस विषयलाई अन्य विषयहरू जस्तै इतिहास, गणित आदि जस्ता विषयसमा समायोजन गरेर सोही विषयको विभागीय प्रमुखहरू नियुक्ति गरेको देखिन्छ । वि.सं. २०७१ साल पछि तेह्रथुम बहुमुखी क्याम्पसमा जनसंख्या अध्ययन विषय कै प्राध्यापकहरू नै विभागीय प्रमुख बनेको पाइन्छ ।

### २. विभागका सदस्यहरू

तेह्रथुम बहुमुखी क्याम्पस जनसंख्या अध्ययन विभागमा हाल कार्यरत प्राध्यापकहरूको विवरण निम्न अनुसार रहेको छ ।

१. जीवन पौड्याल : शिक्षण सहायक (विभागीय अध्यक्ष )

२ .पुन्यप्रसाद सिवाकोटी : शिक्षण सहायक ( विभागीय सदस्य )

३. चक्रणणि भट्टराई : शिक्षण सहायक ( " )

४. गणेश विमली : शिक्षण सहायक ( "  )

### ३. शैक्षिक कार्यक्रमहरू

यस तेह्रथुम बहुमुखी क्याम्पसमा जनसंख्या अध्ययन तथा जनसंख्या शिक्षा विषय विभिन्न तहमा सञ्चालन भएको छ । जसअनुसार, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत ४ बर्षे स्नातक तह ( वि.ए.) मा जनसंख्या अध्ययन विषय पढाइ हुँदै आइरहेको छ साथै सोही संकाय अन्तर्गत स्नातकोत्तर तह (एम .ए .) मा पनि जनसंख्या अध्ययन विषय ४ वटा सेमेस्टरमा सञ्चालित छन् । त्यसै गरेर  शिक्षा शास्त्र संकाय अन्तर्गत एक बर्षे वि. एड. मा जनसंख्या शिक्षा र सोही संकाय अन्तर्गत ४ बर्षे वि.एड.तहमा जनसंख्या शिक्षा विषय समावेश गरेर पढाई भइरहेको छ ।

### ४. मुख्य क्रियाकलापहरू

तेह्रथुम बहुमुखी क्याम्पसमा जनसंख्या अध्ययन विभागले चालु शैक्षिक वर्ष २०८१ / २०८२मा देहायानुसारका मुख्य कार्यहरू सञ्चालन गरेको छ ।

- आवधिक रूपमा विभागीय बैठकहरू बसेको,
- जनसंख्या विषयका विद्यार्थीहरूलाई सूक्ष्म शिक्षण र विद्यालय शिक्षणसम्बन्धी अभिमुखीकरण कक्षा सञ्चालन गरेको,
- प्रतिवेदन लेखनसम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन भएको,
- स्नातकोत्तर तहका विधार्थीहरूका लागि शोधपत्र लेखनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी विधार्थीहरूलाई पृष्ठपोषण प्रदान गरिएको,
- RMCद्वारा प्रकाशित Research Journal मा विभागका सम्पूर्ण सदस्यहरूद्वारा लिखित अनुसन्धानमा आधारित लेख रचना प्रकाशित भएको,
- जनसंख्या अध्ययन केन्द्रिय विभागद्वारा विभिन्न समयमा सञ्चालित Course refreshment, New course orientation training ,Research training मा सहभागिता भएको,
- मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालयमा स्नातक तथा स्नातकोत्तर तहमा जनसंख्या अध्ययन विषयको पाठ्यक्रम सुधारको सुझाव पेश गरिएको ।

### ५. सवल पक्षहरू

यस विभागका सवल पक्षहरू निम्नानुसार रहेका छन् ।

- अध्ययन अध्यापन प्रक्रियामा कुनै समस्या देखा परेमा शिक्षण समिति अध्यक्ष वा विभागीय प्रमुखमार्फत समाधान गरिने व्यवस्था,
- विश्वका जनसंख्या सम्बन्धी जल्दाबल्दा विषयवस्तुहरू को बारेमा विद्यार्थीहरूलाई सूचना प्रदान गर्न सफल,
- विभागका सदस्य तथा विद्यार्थीहरूलाई अनुसन्धानमूलक कार्यमा सरिक गराउन सकिएको,

- विद्यार्थीहरूलाई जनसंख्या र अन्य सामाजिक, आर्थिक, वातावरणीय पक्ष बीच अन्तरसम्बन्ध केलाउन सहयोग पुगेको,
- लोकसेवाका पाठ्यक्रममा समेत जनसंख्या विषयका विषयवस्तुहरू समावेश हुनुले विद्यार्थीहरूलाई उक्त परीक्षा हल गर्न सहज भएको ।

## ६. कमजोरीहरू

यस विभागका दुर्बल पक्षहरू देहाय अनुसार उल्लेख गरिएको छ :

- विभागीय क्रियाकलापहरू प्रभावकारी रूपमा सञ्चालन गर्न भरपर्दो विद्युत, विद्युतीय सामग्री तथा इन्टरनेटको अभाव रहेको,
- अनुसन्धान कार्य सञ्चालन गर्न आर्थिक अभाव भएको,
- आधुनिक तथा प्रविधियुक्त शैक्षिक सामग्रीहरूको अभाव,
- जनसंख्या अध्ययन विभागको विभागीय कार्यलय छुट्टै नभएको,
- जनसंख्या शिक्षा सम्बन्धीको पाठ्यक्रम तथा पाठ्यपुस्तक समयमा उपलब्ध हुन नसकेको ।

## ७. अवसरहरू

जनसंख्या अध्ययन विभागका अवसरहरूलाई निम्नानुसार उल्लेख गरिएको छ:

- जनसंख्या अध्ययन विभागका सम्पूर्ण सदस्यहरू अध्ययन अध्यापन कार्यमा लाग्नका लागि सबल, सक्षम, सक्रिय तथा युवा पुस्ता रहेका,
- क्याम्पस प्रभाव क्षेत्र अन्तर्गतका सम्पूर्ण माध्यमिक विद्यालयहरूमा जनसंख्या शिक्षा विषयको पठनपाठन भएको,
- सामाजिक अध्ययनका अन्य विषयहरू भन्दा नयाँ तथा जल्दो बल्दो विषयको रुपमा जनसंख्या अध्ययन हुनु,
- क्याम्पसमा विद्यार्थीलाई अध्ययन गर्न स्वच्छ एवं हरियाली युक्त वातावरणको अवस्था रहनु ।

## ८. चुनौतीहरू

कक्षा शिक्षण क्रियाकलापमा विद्यार्थीहरू सतप्रतिशत उपस्थित नहुनु ।

- कक्षामा विद्यार्थीको नियमित उपस्थिति न्यून हुनु,
- जनसंख्या विषय प्रतिको आकर्षण क्रमश घट्दै गएर विद्यार्थी भर्ना संख्या न्युन हुनु,
- विद्यार्थीहरूको कक्षा छोडने दर (Dropout rate) बढ्दै जानु,

- राज्यको निति तथा कार्यक्रम र शिक्षा मन्त्रालयले जनसंख्या विषयका जल्दाबल्दा विषयवस्तुहरूलाई गम्भिरताको रुपमा नलिनु,
- माध्यमिक तहमा जनसंख्या विषयलाई छुट्टै विषयका रुपमा नराखी अन्य विषयमा राखेर पठनपाठन गराउनु ।

**९. भावी योजना**

यस तेह्रथुम बहुमुखी क्याम्पस जनसंख्या अध्ययन विभागका भविष्यका योजनाहरू निम्नानुसार रहेका छन ।

- एकाइगत मासिक र त्रैमासिक परीक्षा सञ्चालन गर्ने र प्राप्त नतिजाका आधारमा विधार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्ने,
- अनुसन्धानमूलक लेख, प्रतिवेदन लेखनमा विद्यार्थी र शिक्षकको संयुक्त सहभागितामा आधारित भएर सञ्चालन गर्ने,
- स्नातक तह तेस्रो वर्ष (बि.एड.) को अनुसन्धान विधि विषयमा आधारित भएर विद्यार्थीहरूलाई अनिवार्य स्थलगत अवलोकनमा सरिक गराउने,
- वि.एड.चौथो वर्षका विद्यार्थीहरूका लागि जनसंख्या शिक्षामा परियोजना र गोष्ठी प्रभावकारी रूपमा र सञ्चालन गराउने,
- स्थलगत अवलोकनबाट प्राप्त भएका तथ्याङकलाई विश्लेषणका लागि Research तथा Data analysis सम्बन्धी प्रभावकारी तालिमको व्यवस्था मिलाउने,
- एम.ए तहका अधिकांश विद्यार्थीहरू **job holders** भएको हुनाले नियमित कक्षा लिन नसकेकोले उनीहरूलाई Teams मार्फत अनलाइन कक्षा सञ्चालन गर्ने ।

**निष्कर्ष**

विभिन्न अवसर र चुनौतीका बावजुद पनि जनसंख्या अध्ययन विभागले विभिन्न क्रियाकलाप गरेर जे जस्तो उपलब्धी हासिल गरेको छ त्यो त्यति सन्तोषजनक नरहेको भएता पनि आगामी दिनमा यसलाई थप उपलब्धीमुलक तथा व्यवहारिक बनाउदै लगिने कुरामा दुई मत छैन । यस विभागका भावी योजनाहरूलाई मध्यनजर गर्दै सशक्त बनाउदै लानुपर्ने आजको आवश्यकता रहेको छ ।

# Instructional Plan Management Cell (शैक्षणिक योजना व्यवस्थापन विभाग )

## १. पृष्ठभूमी

तेह्रथुम बहुमुखी क्याम्पसको समग्र संस्थागत विकासका लागि विश्वविद्यालय अनुदान आयोगबाट त्तब्ब अभचतषष्भम प्राप्त गर्न प्रयोजनका लागि कार्य गर्नका निम्ति मिति २०८०/०५/२७ गते बसेको यस तेह्रथुम बहुमुखी क्याम्पसको कार्य समितिको बैठकको निर्णय अनुसार instructional plan management cell को गठन भएको हो । उक्त Cell को निर्माण भएपश्चात यस Cells को TOR मा उल्लेख भए अनुसारका कार्यहरू तोकिएको समय अवधिभित्र सम्पादन गरिएका छन । यस प्रतिवेदनमा शैक्षणिक योजना व्यवस्थापन cell को उद्देश्य, वार्षिक गतिविधि, उपलब्धि, चुनौती र भावी योजनाको वारेमा संक्षिप्त विवरणहरू प्रस्तुत गरिएका छन् ।

## २. विभागका सदस्यहरू

तेह्रथुम बहुमुखी क्याम्पसको शैक्षणिक योजना व्यवस्थापन विभागमा जिम्मेवारी प्राप्त गरी कार्य गर्नका लागि तपसिलमा उल्लेख भए अनुसारका सदस्यहरू रहेका छन् :

श्री जीवन पौडेल ( संयोजक )

श्री निधिरत्न न्यौपाने (सदस्य)

श्री योगेश काफ्ले ( सदस्य )

## ३. उद्देश्य

- क्याम्पसको वार्षिक कार्य पात्रो तयार पार्नु,
- शैक्षणिक योजना तयार पार्ने प्रक्रिया सुधार गर्नु,
- शिक्षा प्रणालीको गुणस्तर वृद्धि गर्नु,
- शैक्षिक नीतिहरूको कार्यान्वयनमा सहयोग पुर्याउनु।

## ४. गतिविधि

तेह्रथुम बहुमुखी क्याम्पसमा शैक्षणिक योजना व्यवस्थापन विभागले चालु शैक्षिक वर्ष २०८१ /८२ मा निम्नानुसारका मुख्य कार्यहरू सञ्चालन गरेको छः

- आवश्यक परेको अवस्थामा नियमित बैठक बसेको,
- वार्षिक कार्य पात्रो निर्माणका लागि क्याम्पस प्रशासन, विद्यार्थी कल्याण प्रमुख तथा स्ववियुसँग सुझाव संकलन गरिएको,
- शैक्षणिक योजनालाई व्यवस्थित बनाउन तेह्रथुम बहुमुखी क्याम्पसमा रहेका अन्य शिक्षण विभागीय प्रमुखहरूसँग परामर्श, छलफल एवं सुझाव लिई कार्य गरिएको,

- आन्तरिक परीक्षालाई व्यवस्थित गर्न पहल गरिएको ।
- पुर्नताजकी कक्षा (Remiender class) गराउने सम्बन्धमा विभागमा छलफल गरी निष्कर्ष निकालिएको,
- यस क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरूलाई आ -आफ्नो विषयको annual teaching plan बनाउन जिम्मेवारी प्रदान गरिएको,
- अभ्यास शिक्षणलाई प्रभावकारी र अन्य प्रयोगात्मक परीक्षाहरूलाई व्यवस्थित गर्न जोड दिइएको,
- वार्षिक प्रतिवेदन लेखन कार्य तयार गरिएको ।

## ५. उपलब्धि

शैक्षणिक योजना व्यवस्थापन विभागले विभिन्न गतिविधिहरू सञ्चालन गरेर निम्न लिखित उपलब्धिहरू हासिल गरेको छ:

- शैक्षिक सत्र २०८०/८१ का लागि क्याम्पसमा विभिन्न शैक्षिक, अतिरिक्त एवं अन्य प्रशासनिक गतिविधिहरू समेटेर शैक्षिक पात्रो छपाइ कार्य भएको छ,
- शिक्षण विधिहरूमा सुधार भएको छ,
- आन्तरिक परीक्षा तोकिएको समयभित्र गर्न सकिएको छ,
- विद्यार्थीहरू पढाइको साथै अतिरिक्त क्रियाकलापमा बढी सहभागी भएका छन्,
- शैक्षिक पात्रोमा समावेश गराइएका विभिन्न कार्यक्रमहरूको कार्यान्वयनमा जोड दिइएको छ ।

## ६. चुनौती

- प्राविधिक, आर्थिक स्रोत र प्रशिक्षणको कमी देखिएको,
- केही योजनाहरूको कार्यान्वयनमा समय सीमाभित्र गर्न चुनौती,
- आन्तरिक परीक्षामा शतप्रतिशत विद्यार्थी उपस्थित नहुनु,
- यस विभागले कार्य गरे वापतकोअतिरिक्त पारिश्रमिक उपलब्ध नहुनु,
- कतिपय शैक्षिक पात्रोमा समावेश कार्यक्रमहरू विभिन्न कारणहरू जस्तै अचानक सार्वजनिक व बिदा, प्राविधिक त्रुटीले गर्दा समयमा नै सम्पन्न हुन नसक्नु ।

## ७. भावी योजना

- यस विभागका भावी योजनाहरू निम्नानुसार रहेका छन्
- विभिन्न विषयका विभागीय प्रमुखहरूसँग अन्तरक्रियात्मक छलफल सञ्चालन गर्ने,
- स्रोतको प्रबन्धमा सुधार गर्ने,
- आन्तरिक परीक्षालाई थप व्यवस्थित बनाउँदै शत प्रतिशत विद्यार्थीलाई उपस्थित गराउने,
- अतिरिक्त क्रियाकलाप कार्यक्रममा विशेष जोड दिने,

- क्याम्पस र सरोकारवाला बिच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,
- प्रयोगात्मक परीक्षालाई थप व्यवस्थित बनाउँदै लैजाने ।

## ८. निष्कर्ष

शैक्षणिक योजना व्यवस्थापन विभागले शिक्षामा गुणस्तर वृद्धि गर्न निरन्तर प्रयास गर्दै आएको छ । आगामी वर्षका लागि योजनाहरूलाई सफलतापूर्वक कार्यान्वयन गर्न थप स्रोत र सहयोग आवश्यक देखिन्छ । त्यसको लागि सम्बन्धित निकायसँग सहयोग एवं सहकार्यको पहल अनिवार्य गर्नुपर्ने हुन्छ ।

# पूर्वाधार निर्माण तथा व्यवस्थापन समिति

**पोष्टराज लामिछाने**
**संयोजक**

## १. पृष्ठभूमि

तेह्रथुम क्याम्पस शिक्षण, सिकाइ तथा अनुसन्धानका क्षेत्रमा उत्कृष्टता हासिल गर्ने उद्देश्यसहित अघि बढिरहेको एक प्रतिष्ठित शैक्षिक संस्था हो। क्याम्पसको दीर्घकालीन विकास सुनिश्चित गर्न भौतिक पूर्वाधारको संरक्षण, मर्मत, विस्तार तथा नियमित व्यवस्थापन अपरिहार्य मानिन्छ । विद्यमान संरचनाहरूको समयानुकूल मर्मतसम्भार, स्तरोन्नति र नयाँ पूर्वाधार निर्माणका कार्यलाई योजनाबद्ध रूपमा अघि बढाउनुपर्ने आवश्यकता महसुस भई पूर्वाधार निर्माण तथा व्यवस्थापन समिति गठन गरिएको हो। यस समितिले क्याम्पसमा रहेका सम्पूर्ण भौतिक संरचनाहरूको अवस्थाको मूल्याङ्कन गरी आवश्यक योजना तयारी, कार्यान्वयन तथा अनुगमन गर्ने प्रमुख जिम्मेवारी निर्वाह गर्नेछ । पूर्वाधारलाई दिगो, सुरक्षित, आकर्षक तथा वातावरणमैत्री बनाउने दिशामा समिति निरन्तर सक्रिय रहनेछ । समिति अन्तर्गतको योजनाबद्ध, पारदर्शी तथा उत्तरदायी क्रियाशीलताले क्याम्पसको सेवा प्रवाह र समग्र वातावरण उकास्न महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## २. उद्देश्य

- क्याम्पसका सबै भौतिक संरचनाहरूको नियमित मर्मतसम्भार तथा समयानुकूल स्तरोन्नति गर्नु,
- नयाँ पूर्वाधार निर्माणसम्बन्धी योजना बनाउने, कार्यान्वयन गर्ने र निरन्तर अनुगमन गर्नु,
- क्याम्पस परिसरको संरक्षण, सौन्दर्यीकरण तथा वातावरणीय व्यवस्थापनमा सहयोग पुऱ्याउनु ।

## ३. कार्य प्रगति

- चमेना गृह तथा क्याम्पस प्रमुख आवास क्षेत्रका शौचालयको मर्मतसम्भार सम्पन्न गरिएको,
- चमेना गृह तथा क्याम्पस प्रमुख आवासतर्फ जाने मार्गको ढलान निर्माण सम्पन्न,
- प्रशासनिक भवन अगाडि हरियाली तथा गार्डेनिङ कार्य सम्पन्न,
- प्रशासनिक भवनदेखि चमेना गृहसम्मको वाक–वे ढलान निर्माण गरिएको,
- क्याम्पसमा खानेपानी शुद्धीकरण फिल्टर प्रणाली जडान गरिएको,
- पुरानो शिक्षण भवनको मर्मत, सुधार तथा रंगरोगन कार्य सम्पन्न,
- प्रशासनिक भवनभित्र शौचालय मर्मत तथा नयाँ ढोका निर्माण गरिएको,
- निर्माणाधीन शैक्षिक भवनहरूको अनुगमन र व्यवस्थापन कार्य निरन्तर रूपमा गरिएको,
- आठराई गाउँपालिका तथा कोशी प्रदेश सरकारको सहकार्यमा निर्माण भइरहेका प्रशासनिक भवनहरूको नियमित अनुगमन तथा समन्वय कार्य गरिएको ।

**४. समिति**

श्री पोष्टराज लामिछाने – संयोजक
श्री दीपकराज उप्रेती – सदस्य
श्री गणेश विमली – सदस्य
श्री नारद आङहाङ – सदस्य
श्री नरेश पाल – सदस्य

## ५. निष्कर्ष

तेह्रथुम क्याम्पसका भौतिक पूर्वाधारहरूको संरक्षण, मर्मत, विस्तार तथा व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन गठित पूर्वाधार निर्माण तथा व्यवस्थापन समितिले क्याम्पसका प्राथमिकता र आवश्यकतालाई ध्यानमा राखी योजनाबद्ध रूपमा कार्य अघि बढाउनेछ। पारदर्शिता, गुणस्तर र समयपालनलाई प्रमुख मान्यता दिँदै समितिले क्याम्पसका पूर्वाधारलाई सुरक्षित, आकर्षक र संस्थागत विकासका दृष्टिले दिगो बनाउने लक्ष्य राखेको छ।

## पुरुष छात्रवासको प्रतिवेदन

**ईश्वरीप्रसाद डाँगी**
**होस्टल वार्डेन**

### १. परिचय

वि.सं. २०१७ जेठ २१ गते स्थापित तेह्रथुम बहुमुखी क्याम्पसले उच्च तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। प्रारम्भमा वीरेन्द्र इन्टर कलेज नामले परिचित यो संस्था २०३७ मा तेह्रथुम क्याम्पस र २०६३ मा तेह्रथुम बहुमुखी क्याम्पसका रूपमा रूपान्तरण भई अहिले आउँदा उत्कृष्ट शिक्षा प्रदान गर्ने लक्ष्यसहित सञ्चालनमा छ। मेची र कोशी क्षेत्रका पहाडी जिल्लाहरू तेह्रथुम, पाँचथर र ताप्लेजुङका विद्यार्थीलाई उच्च शिक्षा उपलब्ध गराउने उद्देश्यका साथ सीमित स्रोतबाट सुरु भएको क्याम्पसमा हाल दुई छात्रवासमध्ये एक कच्ची पुरुष छात्रवाससमेत सञ्चालन हुँदै आएको छ।

यस छात्रवासमा ८ कोठा रहेका छन्, जसमा प्रत्येकमा ४ खाट, २ टेबल, तथा विद्यार्थीहरूका लागि आवश्यक थाल, गिलास र भान्साका अन्य सामान क्याम्पस प्रशासनबाट उपलब्ध गराइएको छ। छात्रवास सेवाबाट लाभ लिन विद्यार्थीले वार्षिक रु. १५० शुल्क तिर्नुपर्छ र रु. २०० धरौटी बुझाउनुपर्ने व्यवस्था छ, जुन अध्ययन पूरा भएपछि फिर्ता गरिन्छ।

### २. छात्रवासका सामग्रीहरू

क्याम्पस जिन्सी शाखाबाट उपलब्ध गराइएका सामग्रीहरूको सूची यसप्रकार छः

| |
|---|
| • टेबल तथा चियर: ९ थान |
| • बेञ्च: २ थान |
| • खाट: ११ थान |
| • काठका र्याक: ३ थान |
| • ठूला टेबल: ९ थान |
| • काठको कुर्सी: १ थान |
| • ५०० लिटरका ड्रम: २ थान |
| • १५० लिटरको ड्रम: १ थान |
| • भान्सामा प्रयोग हुने सामग्री—ग्याँस, सिल्भर कराही, चियादानी, ड्याक्ची, प्रेसर कुकर, पन्यु, चुलेसी आदि |

यो छात्रवास भवन २०४१ सालमा जिल्ला पञ्चायतको सहयोगमा निर्मित हो। विद्यार्थीले खाना आफैं पकाउने चलन रहेको यस छात्रवासमा पहिले दाउरा प्रयोग गरिन्थ्यो भने अहिले सिलिन्डर ग्यास चुलो उपलब्ध गराइएको छ

### ३. क्रियाकलाप

- छात्रवासमा बस्ने विद्यार्थीले सौहार्दपूर्ण वातावरणमा अन्ताक्षरी, हिज्जे प्रतियोगिता, हाजिरीजवाफजस्ता मनोरञ्जनात्मक तथा सिकाइ–केन्द्रित गतिविधि सञ्चालन गर्दै आएका छन्।
- क्याम्पसमा आयोजित विभिन्न कार्यक्रमका प्रसाद, चिया तथा नास्ता व्यवस्थापनमा छात्रवासका विद्यार्थीहरू स्वयंसेवकका रूपमा सहभागी हुने गरेको पाइन्छ।

**४. समिति र बैठक**

छात्रवास सञ्चालनका लागि विद्यार्थीहरूको आन्तरिक समिति गठन गरिएको छ, जसले दैनिक समस्या समाधानमा सहयोग पुऱ्याउँछ । जटिल वा महत्वपूर्ण समस्या देखा परेमा समितिले होस्टल वार्डेनलाई जानकारी गराई समाधानका लागि पहल गर्छ ।

**समिति**

१ प्रेम विश्वकर्मा अध्यक्ष

२ बिकेन सुनुवार सदस्य

३ हिमाल लामा सदस्य

४ सुशील सुवेदी सदस्य

५ नवीन मिश्र सदस्य

**५. आचारसंहिता**

छात्रवासमा बस्न चाहने विद्यार्थीहरूले पालना गर्नुपर्ने नियमहरू समितिबाट तयार पारिएको आचारसंहितामा समेटिएका छन्, जसलाई सबै विद्यार्थीले मान्न सहमति दिएका छन् ।

**६. सवल पक्षहरू**

- छात्रवासमा ३२ जना विद्यार्थी बस्न सक्ने क्षमता ,
- शान्त, स्वच्छ तथा अध्ययन–अनुकूल वातावरण,
- खानेपानी र शौचालयको आधारभूत तथा व्यवस्थित व्यवस्था ।
- सम्पन्न भएका कार्य
- रङरोगन गरिएको
- किचन मर्मत गरिएको
- सिसि क्यामेरा र इन्टरनेट जडान गरिएको

**७. कमजोर पक्षहरू**

- छात्रवास भवन क्रमशः जीर्ण बन्दै गएको,
- २०७२ सालको महाभूकम्पका कारण तल्लो तलाका कोठाहरू क्षतिग्रस्त भई प्रयोगमा ल्याउन नसकिएको ,
- विद्युत आपूर्ति अव्यवस्थित तथा सोलार प्रणाली बिग्रिएको ,
- आधुनिक शौचालय र आवश्यक संरचनात्मक सुविधा अभाव ।

## ८. भावी योजना

- छात्रवासको नियमित मर्मतसम्भार तथा मर्मत–सानोभएको कार्य अघि बढाउने
- आधुनिक शौचालय, बाथरुम र खानेपानीको ट्याप निर्माण गर्ने,
- विभिन्न किसिमका फूल रोपी वातावरणलाई आकर्षक बनाउने,
- अतिरिक्त गतिविधिहरू विस्तार गरी विद्यार्थी क्षमता विकासमा जोड दिने,
- नयाँ संरचनात्मक सुविधा सहितको भवन निर्माण पहल गर्ने,
- आगलागी जोखिम न्यूनिकरणका लागि अग्नि–रेखा निर्माण तथा सुरक्षा व्यवस्था सुदृढ गर्ने।

## ९. निष्कर्ष

तेह्रथुम बहुमुखी क्याम्पसअन्तर्गत सञ्चालन हुँदै आएको पुरुष छात्रवासले २०४१ सालदेखि धेरै विद्यार्थीलाई उच्च शिक्षा प्राप्तिमा सहयोग पुऱ्याउँदै आएको छ। हाल भवन जीर्ण अवस्थामा पुगेको भए पनि यसको सुधार तथा विकासका लागि आवश्यक योजना अघि सार्नु महत्त्वपूर्ण रहेको छ, जसले भविष्यमा विद्यार्थीहरूलाई सुरक्षित, व्यवस्थित र अध्ययन–उपयुक्त वातावरण प्रदान गर्न मद्दत पुऱ्याउनेछ।

## उद्यमशीलता सहयोग कार्यक्रम

### १. परिचय

तेह्रथुम बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC) सँगको (QAA) कार्यान्वयनसम्बन्धी सम्झौता अनुसार **उद्यमशीलता सहयोग कार्यक्रम** क्याम्पसका विद्यार्थी, पूर्वविद्यार्थी तथा युवा शिक्षकहरूलाई उद्यमशीलता सम्बन्धी ज्ञान, अवधारणा र व्यवहारिक सिप प्रदान गर्ने उद्देश्यले तयार पारिएको हो । उद्यमशीलता आजको प्रतिस्पर्धात्मक युगमा व्यक्तिगत र सामाजिक विकासको महत्वपूर्ण साधन बनेको छ । क्याम्पसले यस कार्यक्रमको माध्यमबाट सहभागीहरूलाई **व्यावसायिक सोच, नवप्रवर्तन र सृजनशील क्षमता** विकास गर्न प्रोत्साहित गरेको छ । यसले विद्यार्थीहरूलाई **स्थानीय कच्चा पदार्थमा आधारित नयाँ व्यवसाय उद्यम सिर्जना, सञ्चालन र प्रवर्द्धन** गर्न सक्षम बनाउने लक्ष्य राखेको छ । यस कार्यक्रमले सहभागीहरूलाई स्वरोजगारतर्फ प्रेरित गर्न, व्यवसाय सञ्चालनका व्यवहारिक ज्ञान र सिप प्रदान गर्न तथा दीर्घकालीन रूपमा स्थानीय उद्यमी विकासमा योगदान पुर्‍याउन मद्दत गर्दछ।

**समिति**

१. **पोष्टराज लामिछाने – संयोजक**
२. **योगेश काफ्ले – फोकल पर्सन/सदस्य**
३. **कृष्णप्रसाद निरौला – सदस्य**

### २. उद्देश्यहरू

- संस्थागत गुणस्तर विकास र उद्यमशील संस्कृतिको प्रवर्द्धन
- क्याम्पसमा विद्यार्थी, शिक्षक र पूर्वविद्यार्थीबीच उद्यमशील सोच र व्यवहारिक दृष्टिकोण विकास गर्नु
- दीर्घकालीन रूपमा संस्थागत क्षमता र व्यवसायिक वातावरण सुदृढ पार्नु।

### ३. सृजनशीलता र नवप्रवर्तनको प्रोत्साहन

- विद्यार्थीहरूलाई नयाँ विचार, नवप्रवर्तन र समस्या समाधानका उपायहरू सिकाएर उद्यमशीलताको ज्ञान र सिप विकास गर्नु।
- व्यवसायिक योजना निर्माण र नवप्रवर्तनशील व्यवसाय मोडेल तयार गर्न प्रेरित गर्नु।
- **वातावरणमैत्री उद्यमलाई प्रोत्साहन र प्रारम्भिक पूँजी उपलब्ध गराउने**
- सहभागीहरूलाई स्थायी व्यवसाय सञ्चालनका लागि आवश्यक Seed Money प्रदान गरी व्यवसाय सुरु गर्न सहयोग गर्नु।
- वातावरणमैत्री उत्पादन र सेवा प्रवर्द्धन गर्ने व्यवसाय मोडेलको विकास।

### ४. स्थानीय व्यवसायहरूसँग सहकार्य

विद्यार्थीहरूलाई उद्यमशीलता क्षेत्रमा सम्भावित अवसर र बजार पहिचान गर्न सहयोग गरी व्यवसायिक सम्बन्ध, नेटवर्क र साझेदारी निर्माण गरी व्यवसायको दीर्घकालीन विकास सुनिश्चित गर्नु।

**५. शैक्षिक उत्कृष्टता र उद्यमशीलता संस्कृतिको एकीकरण**

क्याम्पसको शैक्षिक गतिविधि र उद्यमशीलता तालिमलाई जोडेर सहभागीहरूलाई व्यावहारिक शिक्षा र व्यवसायिक सिप प्रदान गरी दीर्घकालीन रूपमा स्थानीय उद्यमी विकासमा योगदान पुर्‍याउने वातावरण सिर्जना गर्नु गरिने छ।

६. **गतिविधिहरू**

- विश्वविद्यालय अनुदान आयोग ESP कार्यक्रमको मापदण्ड अनुसार ४० घण्टा अवधिको नन क्रेडिट कोर्स आव २०८१/०८२ को तालिममा सहभागी ५ ओटा व्यवसायिक योजनाहरु प्रस्तुतीकरण र पहिलो चरणको कार्यक्रम आठराई गाउँपालिका उपाध्यक्ष बलिराज इङनामको प्रमुख आतिथ्यतामा सम्पन्न भएको
- ESP कार्यक्रमको मापदण्ड अनुसार ४० घण्टा अवधिको नन क्रेडिट कोर्स आव २०८१/०८२ को तालिममा सहभागी मध्येबाट विश्विद्यालय अनुदान आयोगमा पेस भएका ५ ओटा व्यवसायिक योजना मध्ये आइडिया पिचिङको लागि छनोट भएका कफि सिलाम साक्मा सम्बन्धी प्रस्तावहरु प्रस्तुत गर्न शिक्षक कृष्णप्रसाद निरौला र विद्यार्थी पूजा कन्दङवालाई विश्वविद्यालय अनुदान आयोग पठाइएको।
- विश्व विद्यालय अनुदान आयोग र क्याम्पस विच ESPको विषयमा भएको सम्झौता अनुसार प्रत्येक आर्थिक वर्ष तालिम सञ्चालनका लागि आवश्यक पर्ने बजेट र उद्यमशीलता नन क्रेडिट कोर्सको पाठ्यक्रम र प्रस्तावित कार्यक्रमको तालिका अनुदान आयोगमा पेस गरिएको।

७**. उपलब्धिहरू**

- सहभागीहरूमा उद्यमशीलता सम्बन्धी अवधारणा, ज्ञान र व्यवहारिक सिप विकास
- व्यवसाय वातावरण विश्लेषण गर्ने क्षमता विकास
- उद्यमशील सोच, दृष्टिकोण र संस्कृतिको प्रवर्द्धन
- व्यवसायिक योजना निर्माणका लागि आवश्यक ज्ञान तथा व्यवहारिक सिप प्रदान।

**आगामी योजना**

१. **इक्युवेसन सेन्टर स्थापना** उद्यमशीलता र व्यवसायिक सिप विकासका लागि विशेष इक्युवेसन सेन्टर स्थापना गर्ने,

२. **व्यावसायिक तालिमको विस्तार** विद्यार्थी, पूर्वविद्यार्थी र युवा शिक्षकलाई व्यवसायिक योजना निर्माण, वित्तीय व्यवस्थापन, बजार विश्लेषण, उत्पादन र सेवा व्यवस्थापनमा तालिम प्रदान गर्ने ,

३. **प्रारम्भिक पूँजी** (Seed Money) **व्यवस्था** नयाँ व्यवसाय सुरु गर्न इच्छुक सहभागीहरूलाई आवश्यक प्रारम्भिक पूँजी उपलब्ध गराउने

४. **स्रोत र सामग्रीको उपलब्धता** स्थानीय कच्चा पदार्थ र व्यवसाय सञ्चालनका लागि आवश्यक उपकरण केन्द्रमार्फत उपलब्ध गराउने

५. **मार्केटिङ र नेटवर्किङ समर्थन** व्यवसाय प्रवर्द्धन, बजार पहुँच, साझेदारी र नेटवर्किङमा सहयोग गर्ने

६. **व्यावसायिक परामर्श सेवा** व्यवसाय सञ्चालन, कानुनी सल्लाह, वित्तीय योजना र जोखिम व्यवस्थापनमा नियमित परामर्श प्रदान गर्ने

७. **नवप्रवर्तन र सृजनशीलता प्रोत्साहन** नयाँ उत्पादन वा सेवा विकासका लागि सहभागीहरूलाई प्रेरित गर्ने

८. **प्रदर्शन, मूल्याङ्कन र पुरस्कार कार्यक्रम** उत्कृष्ट व्यवसायिक योजनाको प्रदर्शन, मूल्याङ्कन र पुरस्कार वितरणमार्फत प्रोत्साहन दिने

९. **सामुदायिक सहभागिता** स्थानीय व्यवसाय, किसान र उद्यमीहरूसँग सहकार्य गरी समुदायमैत्री व्यवसाय सञ्चालन गर्ने

१०. **दीर्घकालीन उद्यम विकास योजना** केन्द्र  दीर्घकालीन रूपमा उद्यमशीलता संस्कृतिको प्रवर्द्धन, स्वरोजगार सिर्जना र स्थानीय अर्थतन्त्रमा योगदान सुनिश्चित गर्ने।

# कम्प्युटर ननक्रेडिट कोर्स

## १. पृष्ठभूमि

तेह्रथुम बहुमुखी क्याम्पसले प्रविधिमूलक शिक्षा, दक्षता र व्यवहारिक सीपको विकासलाई क्याम्पसको शैक्षिक रूपान्तरण गर्न क्याम्पस कार्यसमितिको निर्णयानुसार कम्प्युटर ननक्रेडिट कोर्स सञ्चालन समिति गठन गरी यो कार्यक्रम प्रारम्भ भएको हो। स्थानीय तथा राष्ट्रिय रूपमा बढ्दो डिजिटल आवश्यकता र विद्यार्थीहरूको आईसीटी क्षमता अभिवृद्धिका लक्ष्यसहित सञ्चालित यस कार्यक्रमले क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू, पूर्वविद्यार्थी तथा कक्षा १२ को परीक्षा दिएर नतिजा पर्खाइमा रहेका युवाहरूलाई लक्षित गरेको छ। यो कार्यक्रम त्रिभुवन विश्वविद्यालय, उपकुलपति कार्यालय, योजना निर्देशनालयअन्तर्गत रहेको विश्वविद्यालय अनुदान आयोग (UGC) को उच्च शिक्षामा विशिष्टता प्रवर्धन (HERP) अन्तर्गतको विस्तारित कार्यसम्पादनमा आधारित लगानी कार्यक्रम (EPI) अनुसार क्याम्पस र UGC बीच भएको पारस्परिक सम्झौता र कार्यसम्पादन सूचक (Performance Indicator–15) को कार्यविधि अनुरूप सञ्चालन गरिएको हो। कार्यक्रमअन्तर्गत क्याम्पसले सूचना प्रविधिसम्बन्धी आधारभूत सीप, डिजिटल साक्षरता, कम्प्युटर प्रयोगमा दक्षता, र शैक्षिक तथा व्यावसायिक जीवनमा आवश्यक डिजिटल उपकरणहरूको प्रयोगसम्बन्धी ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले व्यवस्थित पाठ्यक्रम तयार पारेको छ।

यस कार्यक्रमले विद्यार्थीहरूलाई कम्प्युटरका आधारभूत सिप जस्तै टाइपिङ, फाइल व्यवस्थापन, अफिस प्याकेज (Word, Excel, PowerPoint), इन्टरनेट तथा इमेल प्रयोग जस्ता व्यवहारिक सिपमा दक्ष बनाउने लक्ष्य राखेको छ। साथै, सूचना प्रविधिमा कम पहुँच भएका ग्रामीण तथा दूरदराजका विद्यार्थीहरूलाई पनि डिजिटल समानता (digital equity) स्थापना गर्ने दीर्घकालीन उद्देश्य यस कार्यक्रमसँग जोडिएको छ।

## २. उद्देश्यहरू

१. विद्यार्थीहरूलाई कम्प्युटरको आधारभूत ज्ञान र दक्षता प्रदान गर्नु ,
२. डिजिटल उपकरण र सफ्टवेयरको प्रयोगमा आत्मनिर्भर बनाउनु ,
३. शैक्षिक, प्रशासनिक र व्यक्तिगत कार्यमा कम्प्युटरको प्रयोग गर्न योग्य बनाउनु,
४. डेटा व्यवस्थापन, प्रेजेन्टेशन, रिपोर्ट लेखन र इन्टरनेट स्रोतहरूको प्रभावकारी प्रयोग सिकाउनु ,
५. डिजिटल सुरक्षा, साइबर जागरूकता र इन्टरनेट एथिक्समा सचेत बनाउनु।

## ३. सञ्चालन समिति

योगेश काफ्ले — संयोजक
खडगनारायण गुरागाई — सदस्य
कृष्णप्रसाद निरौला — सदस्य

## ३. कोर्स अवधि र संरचना

Basic Computer Course 45 hr
Computer Office Package Course 90 hr

## ४. गतिविधिहरू:

तेह्रथुम बहुमुखी क्याम्पसले कम्प्युटर ननक्रेडिट कोर्स सञ्चालनका लागि विभिन्न गतिविधिहरू सञ्चालन गरेको छ:

- इच्छुक विद्यार्थीहरूबाट दरखास्त आह्वान गरिएको ,
- दरखास्त स्वीकृत भएपछि विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ,

- ❖ सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरू सञ्चालन गरिएको ,
- ❖ कक्षा बिहान र बेलुका सञ्चालन गरिएको ।

**५. उपलब्धि:**

कम्प्युटर ननक्रेडिट कोर्सले निम्न उपलब्धिहरू हासिल गरेको छ:

- ✓ सहभागीहरूमा कम्प्युटर आधारभूत ज्ञान र व्यवहारिक सिप विकास भएको
- ✓ शैक्षिक र प्रशासनिक कार्यमा कम्प्युटर प्रयोगमा आत्मनिर्भरता अभिवृद्धि
- ✓ डिजिटल रिपोर्ट लेखन, प्रेजेन्टेशन र डाटाबेस व्यवस्थापन क्षमता विकास
- ✓ साइबर सुरक्षा र डिजिटल सचेतनामा जागरूकता बढाएको
- ✓ सहभागीहरूलाई प्रमाणपत्र वितरण

✓ Basic Computer Course र Office Package Course मा विद्यार्थीहरूको उत्साहजनक सहभागिता, कक्षा सञ्चालनको लचिलो व्यवस्था (बिहान र बेलुका), र व्यावहारिक आधारमा आधारित शिक्षणका कारण यो कोर्स क्याम्पसकै उत्कृष्ट विद्यार्थी सहयोग कार्यक्रमहरूमध्ये एक बन्न सफल ।

**६. चुनौतीहरू:**

कम्प्युटर प्रयोगशालाको सीमित स्रोत र उपकरण
सबै विद्यार्थीहरूको प्रारम्भिक दक्षतामा भिन्नता
इन्टरनेट र नेटवर्क स्थिरता समस्या

**७. भावी योजना**

- ❖ कोर्सलाई थप विस्तार गर्दै गुणस्तरीय प्रविधि शिक्षा उपलब्ध गराउने।
- ❖ कोर्समा अझ धेरै विद्यार्थीहरूको सहभागिता सुनिश्चित गर्न विभिन्न प्रचार-प्रसारका कार्यक्रम सञ्चालन गर्ने।
- ❖ भविष्यमा थप उन्नत प्रविधि तथा सीपहरूमा आधारित कोर्सहरू थप्ने योजना बनाउने।

**८.निष्कर्ष**

कम्प्युटर ननक्रेडिट कोर्ष सञ्चालनले तेह्रथुम बहुमुखी क्याम्पसका विद्यार्थीहरूलाई आधुनिक डिजिटल युगमा आवश्यक पर्ने आधारभूतदेखि प्रारम्भिक व्यावसायिक स्तरसम्मका सिपहरू प्रदान गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । कोर्समार्फत विद्यार्थीहरू कम्प्युटरको प्रयोग, फाइल व्यवस्थापन, इन्टरनेट उपयोग, अफिस प्याकेज जस्ता व्यवहारिक सिपमा दक्ष बन्न सकेका छन्, जसले उनीहरूको शैक्षिक कार्यसम्पादनमा सहजता ल्याउनुका साथै भविष्यको रोजगारी वा उच्च शिक्षामा प्रतिस्पर्धी बन्ने क्षमताको विकास गरेको छ । सक्रिय सहभागिता, सिकाइमा सकारात्मक परिवर्तन र डिजिटल आत्मविश्वासमा वृद्धि हुनु यस कोर्षको उल्लेखनीय उपलब्धि मानिन्छ। दीर्घकालीन रूपमा हेर्दा, यस्तो कार्यक्रमले स्थानीय स्तरमै प्रविधिमैत्री मानवसंसाधन उत्पादन गरी समुदायको समग्र विकासमा सहयोग गर्ने आधार तयार गरेको छ ।

# आन्तरिक परीक्षा व्यवस्थापन सेल

## १. परिचय

तेह्रथुम बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC) द्वारा तोकिएको *QAA प्रमाणपत्र* (Accreditation) प्राप्त गर्न आवश्यक पूर्वशर्तहरू पूरा गर्ने उद्देश्यले मिति २०८०/०५/२७ को क्याम्पस कार्यसमितिको निर्णय अनुसार **आन्तरिक परीक्षा व्यवस्थापन सेल** स्थापना गरेको हो। यस सेलको प्रमुख उद्देश्य क्याम्पसमा सञ्चालन हुने आन्तरिक मूल्यांकनलाई **नियमित, व्यवस्थित, पारदर्शी र गुणस्तरीय** बनाउनु र कक्षाकोठामा विद्यार्थी सिकाइमा देखिने कमजोरी पहिचान गरी सुधारका उपायहरू लागू गर्नु हो। आन्तरिक परीक्षा क्याम्पसको शैक्षिक गुणस्तर बढाउने आधारभूत तत्व भएकाले यस सेलले तोकिएको कार्यविधिअनुसार सम्पूर्ण गतिविधि समयमै सम्पन्न गरेको छ।

## २. आन्तरिक परीक्षाका उद्देश्यहरू

- ❖ विद्यार्थीको शैक्षिक उपलब्धि र प्रगतिको समग्र मूल्यांकन गर्ने
- ❖ नियमित सिकाइ प्रक्रियालाई पारदर्शी बनाउँदै कक्षाकोठाको सिकाइ वातावरण सुधार गर्ने
- ❖ कमजोर विद्यार्थीलाई सुधारको अवसर प्रदान गर्ने र पृष्ठपोषण प्रणालीलाई प्रभावकारी बनाउने
- ❖ प्रतिस्पर्धात्मक, अनुशासित र सिकाइमैत्री वातावरण निर्माण गर्ने
- ❖ पाठ्यक्रम, अध्यापन विधि, र शैक्षिक योजना कार्यान्वयनको प्रभावकारिता मापन गर्ने
- ❖ विद्यार्थीलाई फाइनल परीक्षाका लागि तयार गराउने तथा परीक्षा प्रक्रियासँग व्यवहारिक रूपमा परिचित गराउने
- ❖ शिक्षक तथा विद्यार्थी दुवैका लागि शैक्षिक समय व्यवस्थापन अनुगमन गर्ने अवसर प्रदान गर्ने

## ३. आन्तरिक परीक्षा व्यवस्थापन समिति

**संयोजक:** योगेश काफ्ले
**सदस्य:** पूर्णकुमारी रोका
**सदस्य:** महेन्द्र थपलिया

## ४. मुख्य गतिविधिहरू

- ✓ सम्बन्धित विभागीय प्रमुखहरूसँग समन्वय गर्दै परीक्षा सञ्चालन गर्ने कार्य सफलतापूर्वक सम्पन्न
- ✓ परीक्षा सञ्चालन, नतिजा विश्लेषण तथा प्रगति विवरणका बारेमा क्यामास प्रशासनमा नियमित छलफल
- ✓ विषय शिक्षकले कक्षागत एकाइ परीक्षा सञ्चालन गरी मूल्यांकन प्रणाली थप व्यवस्थित बनाइएको
- ✓ आवश्यकता अनुसार नियमित बैठक बस्दै परीक्षा व्यवस्थापनमा देखिएका चुनौतीको सामाधान गर्न छलफल गरेको
- ✓ विद्यार्थी कल्याण प्रमुख, क्याम्पस प्रशासन तथा स्ववियुसँग सुझाव संकलन गरिएको
- ✓ विभागीय प्रमुख र प्राध्यापकहरूसँग परामर्श गर्दै पृष्ठपोषण कक्षा सञ्चालनको व्यवस्था।

५. उपलब्धिहरू

- आन्तरिक परीक्षा सञ्चालनका सबै गतिविधि शैक्षिक पात्रोमा समायोजन गरी समयमै पूरा गरिएका
- शिक्षण विधिमा सुधार देखिएको
- परीक्षा तोकिएको समयसीमाभित्र सम्पन्न
- विद्यार्थीको कक्षामा उपस्थिति र सहभागिता तुलनात्मक रूपमा वृद्धि
- शैक्षिक पात्रो कार्यान्वयनमा लक्ष्यअनुसार प्रगति।

६. चुनौतीहरू

- प्राविधिक र आर्थिक स्रोतको अपर्याप्तता
- केही विद्यार्थी आन्तरिक परीक्षामा नियमित रूपमा उपस्थित नहुनु
- पृष्ठपोषण कक्षा सञ्चालनका लागि पर्याप्त समय तथा जनशक्ति अभाव
- समयमा विद्यार्थीको मार्क्स सम्बन्धित विभागमा नबुझाउने
- ननिजा प्रकाशनमा संबन्धित विभाग र विषय शिक्षकको समन्वय नभएको ।

**७. भावी योजना**

आन्तरिक परीक्षामा १००% विद्यार्थी उपस्थिति सुनिश्चित गर्ने
पठन–पाठन तथा मूल्यांकन प्रक्रिया सुधार गरी उत्तीर्ण दर वृद्धि गर्ने
परीक्षा व्यवस्थापनमा डिजिटल प्रणाली ( MIS Software) थप प्रभावकारी रूपमा प्रयोग गर्ने
पृष्ठपोषण तथा अभिमुखीकरण कक्षा नियमित सञ्चालन गर्ने
विभागीय समन्वयलाई अझ सुदृढ बनाउँदै गुणस्तरीय मूल्यांकनमा जोड दिने ।

**८. सुझावहरू**

क्याम्पसले वार्षिक शैक्षिक कार्यतालिका कडाइका साथ पालन गर्नुपर्छ ।
कमजोर विद्यार्थीका लागि पृष्ठपोषण तथा अतिरिक्त कक्षा अनिवार्य व्यवस्था गर्नुपर्छ ।
उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई प्रोत्साहनस्वरूप छात्रवृत्ति तथा पुरस्कार उपलब्ध गराउनुपर्ने ।
परीक्षा अघि विद्यार्थीका लागि अभिमुखीकरण सञ्चालन गर्न आवश्यक ।
शिक्षक तथा विद्यार्थी दुवैका लागि नियमित परामर्श तथा शैक्षिक अनुगमन कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

**९. निष्कर्ष**

आन्तरिक परीक्षा व्यवस्थापन सेलले क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि गर्ने महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। नियमित र पारदर्शी मूल्यांकन प्रणालीले विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको छ। यद्यपि, स्रोत व्यवस्थापन, प्रविधिक साधन, र विद्यार्थी उपस्थिति जस्ता केही चुनौतीहरू कायम छन्। आगामी वर्षहरूमा प्रभावकारी योजना, डिजिटल प्रणालीको व्यापक प्रयोग, र नियमित अनुगमनमार्फत आन्तरिक परीक्षा व्यवस्थापनलाई अझ सुदृढ बनाउने लक्ष्य रहेको छ ।

# महिला छात्रावास प्रतिवेदन

पूर्णकुमारी रोका
महिला छात्रावास वार्डेन

## १. परिचय

वीरेन्द्र इन्टर कलेजका नामबाट वि.सं. २०१७ साल जेठ २१ गते स्थापनागरिएको यस संस्थाले वि.सं. २०३७ सालमा तेह्रथुम क्याम्पसको रुप लियो र २०६३ सालकात्तिक २६ गतेदेखि तेह्रथुम बहुमुखी क्याम्पसका रुपमा सञ्चालन हुँदै आएको छ । तात्कालीन मेची र कोशी अञ्चलका पहाडी जिल्ला तेह्रथुम, पाँचथर र ताप्लेजुङका विद्यार्थीलाई उच्च शिक्षा उपलब्ध गराउने उद्देश्य सहित सीमित भौतिक र मानवीय स्रोतसाधनबाट सुरू भएको यो क्याम्पसमा हाल दुईवटा छात्रावासमध्ये एक कच्ची महिला छात्रावास रहेको छ। कूल ३२ जना छात्रा बस्न मिल्ने गरी निर्माण गरिएको छात्रावासमा ८ वटा कोठा छन्, प्रत्येक कोठामा ४/४ वटा खाट र अध्ययन टेबलको व्यवस्था गरिएको छ। क्याम्पस प्रशासनले प्रत्येक छात्रालाई १/१ थान थाल, बटुका, गिलास तथा खानापकाउने प्रयोजनका लागि प्रेसर कुकर र कराही उपलब्ध गराएको छ । हाल यस छात्रावासमा २२ जना छात्रा बसोबास गरिरहेका छन् प्रतिविद्यार्थी वार्षिक रू. १५० शुल्क तथा रू. २०० धरौटी लिने व्यवस्था छ । अध्ययन पूरा भएपछि उपलब्ध गराइएका सामानफिर्ता गरेपछि क्याम्पस प्रशासनबाट धरौटी रकम फिर्ता गरिन्छ ।

**क्याम्पस जिन्सी शाखाबाट प्राप्त सामाग्रीहरूको विवरण निम्नानुसार छ :**

**सामान सूची**

| | |
|---|---|
| खाट - | २८ थान |
| साइनबोर्ड - | २ थान |
| बेञ्च - | १ थान |
| डेक्स - | १ थान |
| गाग्री - | २ थान |
| प्रेसर कुकर ५ लि.- | १ थान, ३ लि.- १ थान |
| चुलेसी - | १ थान |
| कराही - | २ थान (१ ठूलो, १सानो) |
| भाँडो - | २ थान |
| स्टिलको आरी - | १ थान |
| ग्यास सेट - | १ सेट |
| कुक-र्‍याक - | ७ थान |
| टेबल - | ७ थान |
| कुर्चीं - | ६ थान (काठको) |
| चियादानी - | १ थान |
| ड्रम ५०० लि.- | १ थान |
| ड्रम १०० लि.- | १ थान |

| | |
|---|---|
| सोलार सेट - | १ (पाता, ब्याट्री, ९वटा बल्ब) |
| डाडु तथापन्यूँ - | १/१ थान |

यस छात्रावासको निर्माण स्थानीय शिक्षाप्रेमीहरू लक्ष्मीप्रसाद उप्रेती, पार्वतीरमण उप्रेती, डा. शंकर उप्रेती र डा. वेदप्रकाश उप्रेतीले गरेका हुन् । स्व. मेदनीप्रसाद उप्रेती र स्व. टीकादेवी उप्रेतीको सम्मानमा उप्रेती परिवारका तीन छोराहरू तथा नाति वेदप्रकाश उप्रेतीको संयुक्त रू. २,००,००० (अक्षरेपीदुई लाख) लगानीमा भवन निर्माण भई २०४९ वैशाख २७ गते तात्कालीन प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालाद्वारा उद्घाटन गरिएको हो । प्रारम्भिक समयहरूमा छात्रावासमा खानापकाउन क्याम्पसले भान्से व्यवस्थागर्ने गर्थ्यो, हाल विद्यार्थी स्वयं खाना तयार गर्ने व्यवस्था छ । पहिले दाउराको भरमा खाना बनाउनु पर्नेमा हाल क्याम्पसले सिलिण्डर ग्याँस चुलो उपलब्ध गराएको छ । २०४९ देखि २०६५ सम्म टुकी /लालटिनको सहारामा पढ्नु पर्ने वातावरण रहेको थियो भने २०६५/०६६ सालमा माननीय सुशीला कन्दङ्वा (क. वर्षा) को पहलमा सोलार पाता जडान गरिएको र हाल केन्द्रीय प्रसारणबाट विद्युत् उपलब्ध छ । छात्रावास वरिपरि ढुङ्गामाटाको गाह्रोले घेरिएको छ, यद्यपि अझ सुरक्षित बनाउन गह्रोको माथिबाट काँडेतार आवश्यक देखिन्छ ।

## २. क्रियाकलापहरू

- छात्राहरू आपसी सद्भाव, पारिवारिक भावना, सुरक्षित वातावरणका साथ बसोबास र अध्ययनगर्दै आएका छन् ।
- छात्रावासको रेखदेख तथा समस्या समाधानका लागि क्याम्पसबाट होस्टल वार्डेन तोकिएको छ ।
- साना समस्या विद्यार्थीहरूले स्वयं समाधानगर्ने प्रयास गर्दछन् जटिल समस्या विद्यार्थी समितिमार्फत होस्टल वार्डेन र क्याम्पस प्रशासनमा पेस हुन्छ ।
- क्याम्पसमा आयोजित कार्यक्रम–जस्तै श्रीपञ्चमी, स्वागत, बिदाइ–का प्रसाद तथा चियानास्ता तयारीमा छात्राहरू सक्रिय सहभागी हुन्छन् ।
- इन्टरनेट सुविधा उपलब्ध हुँदा पाठ्यक्रम र आयोगका विषयहरूको तयारीमा सहजता पुगेको छ ।
- छात्रावास तथा विद्यार्थी सुरक्षा सुनिश्चित गर्न सिसिटीभी क्यामेरा जडान गरिएको छ ।
- समय-समयमा अन्ताक्षरी, हिज्जे, हाजिरीजवाफ जस्ता अतिरिक्त गतिविधि सञ्चालन हुन्छन् ।

## ३. समिति गठन

छात्रावास सञ्चालन तथा समस्या व्यवस्थापनका लागि छात्रावासवासी विद्यार्थीहरूबाट एक समिति गठन गरिएको छ । यस समितिले आन्तरिक समस्या समाधान, वार्डेनसमक्ष रिपोर्ट तथा क्याम्पस प्रशासनमा आवश्यक समन्वयको जिम्मेवारी वहन गर्दछ ।

**समितिका सदस्यहरू**

१. नवीना घिमिरे - अध्यक्ष

२. करिना खवास - सदस्य

३. दीक्षा गुरूङ - सदस्य

४. सक्कुलक्सम - सदस्य

५. माधवा नेपाली - सदस्य

६. सुजता तामाङ - सदस्य

७. मेनुका विष्ट - सदस्य

८. सुजता ओली - सदस्य

९. सिजन लिम्बू - सदस्य

**४. आचारसंहिता निर्माण र कार्यान्वयन**

छात्रावासको सुव्यवस्थित र अनुशासित सञ्चालनका लागि आचारसंहिता निर्माण गरिएको छ । स्वतन्त्रविद्यार्थी समिति गठन गरी उक्त समितिद्वारा तयार पारिएको आचारसंहिता सबै छात्राले पालनगर्न सहमति गरेका छन् । छात्रावासभित्रै नियमहरू समेटिएको होडिङ बोर्ड समेत टाँगिएको छ ।

**५. उपलब्धि**

- भान्साघर ढलान गरी व्यवस्थित गरिएको,
- भवनको भित्री तथा बाहिरी भागमा रङरोगन गरिएको,
- छात्रावासतर्फ जानका लागि ढलान सहितको बाटो निर्माण
- शौचालयको प्यान परिवर्तन,
- बगैंचा निर्माण,
- छात्रावास वरिपरि कम्पाउन्ड वाल व्यवस्थापन,
- छात्रामा पठन संस्कृतिको विकास,
- उज्यालोका लागि पर्याप्त विद्युत् व्यवस्था,
- इन्टनेट सेवा विस्तार,
- सुरक्षा अभिवृद्धिका लागि सिसी क्यामेरा जडान ।

**६. कमजोर पक्षहरू**

- मूल गेट कच्ची र कमजोर हुनु,
- ढुङ्गामाटाको गह्रोका कारण कम्पाउन्ड पूर्ण सुरक्षित नहुनु,
- कोठाको भूईं माटोको हुनु,

- माथिल्लो तलातर्फ जाने काठे भर्याङ कमजोर हुनु,
- उपलब्ध फर्निचर विद्यार्थीहरूका लागि प्रयाप्त नहुनु ।

**७. भावी योजना**

- कम्पाउन्ड वालको माथिबाट काँडेतार जडान,
- महिला मैत्री शौचालय तथा खानेपानी धाराको निर्माण,
- अतिरिक्त क्रियाकलाप थप गर्दै लैजानु,
- दैनिक अध्ययन कार्यतालिकाको प्रभावकारी कार्यान्वयन,
- कोठाको भूईँ ढलान,
- भर्याङ पुनर्निर्माण,
- आवश्यक फर्निचर उपलब्ध गर्ने ।

**८. निष्कर्ष**

तेह्रथुम बहुमुखी क्याम्पस अन्तर्गत २०४९ साल वैशाख २६ गते क्याम्पसको स्वामित्वमा आएको महिला छात्रावासले स्थापना दिन देखि नै धेरै छात्रालाई उच्च शिक्षा हासिल गर्न सहजीकरण गरेको छ । ३२ जना क्षमतायुक्त यस छात्रावासले विशेष रुपमा टाढा-टाढाबाट पढ्न आउने छात्रालाई प्राथमिकता दिँदै आएको छ । अहिले पनि छात्रावासमा बस्दै आएका छात्राहरू सुरक्षित, शान्ततथा पढाइ-अनुकूल वातावरणमा अध्ययनरत छन् ।

# Internal Quality Assurence Cell (IQAC)

**तेह्रथुम बहुमुखी क्याम्पसको (IQAC) युनिट**

| | |
|---|---|
| पोष्टराज लामिछाने: | संयोजक |
| निधिरत्न न्यौपाने: | सदस्य |
| चक्रपाणि भट्टराई: | सदस्य |
| गणेश विमली : | सदस्य |
| नारद आङ्बुहाङ: | सदस्य (प्रशासन प्रमुख) |
| नवराज ओली: | सदस्य (sat प्रमुख) |
| मिलन बुढाथोकी: | सदस्य (स्ववियु अध्यक्ष) |
| सोमनाथ घिमिरे: | सदस्य सचिव |

**१. पृष्ठभूमि**

तेह्रथुम बहुमुखी क्याम्पसको समग्र शैक्षिक, प्रशासनिक एवम् संस्थागत मूल्याङ्कन तथा विकासका लागि विश्वविद्यालय अनुदान आयोगबाट QAA certified प्राप्ति प्रकियाका लागि कार्य गर्ने उद्देश्यका साथ मिति २०८०/०५/२७ गते बसेको यस तेह्रथुम बहुमुखी क्याम्पसको कार्य समितिको बैठकको निर्णयअनुसार IQAC cell गठन भएको हो । उक्त cell को निर्माण भएपश्चात सञ्चालनसम्बन्धी निर्देशिका तथा यस Cells को TOR मा उल्लेख भएअनुसारका कार्यहरू तोकिएको समय अवधिभित्र सम्पादन भएका छन् ।

**उद्देश्यहरू:**

- तेह्रथुम बहुमुखी क्याम्पसमा आन्तरिक गुणस्तर सुनिश्चित र सुधार गर्ने,
- विश्वविद्यालय अनुदान आयोग **UGC** बाट QAA प्रमाणीकरण प्राप्त गर्ने प्रक्रिया सहज बनाउने,
- क्याम्पसको शैक्षिक एवम् संस्थागत विकासमा दीर्घकालीन योगदान पुऱ्याउने,
- शैक्षिक, प्राज्ञिक,अनुसन्धान र प्रशासनिक सेवाप्रवाहको गुणस्तर अभिवृद्धि गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा क्याम्पसको पहिचान र प्रतिस्पर्धात्मक क्षमतामा बृद्धि गर्ने,
- क्याम्पसको अभिलेखीकरण प्रकृयालाई व्यवस्थित एवम् चुस्तदुरूस्त बनाउने,
- गुणस्तरीय शिक्षा प्रदान गर्दै विद्यार्थीहरूको शैक्षिक क्षमता एवम् सीप विकासमा ध्यान केन्द्रित गर्ने,
- संस्थागत सुधार र शैक्षिक उन्नयनका लागि व्यवस्थित ढङ्गले कार्य गर्ने ।

**२.चालु आर्थिक वर्ष २०८१/०८२ को प्रगति विवरण :**

तेह्रथुम बहुमुखी क्याम्पसमा **QAA** प्राप्तिको प्रयोजनार्थ IQAC गठनपछि चालु शैक्षिक सत्र २०८१/०८२ मा निम्नलिखित मुख्य कार्यहरू सञ्चालन गरिएको छ :

- सन् २०२४ जनवरी २८ मा विश्वविद्यालय अनुदान आयोगबाट आशयपत्र (LOI) रिपोर्ट स्वीकृत भएपश्चात् Self Study Report (SSR) तयार गरी मिति २०८१।०१।०६ गते त्रिभुवन विश्वविद्यालयसमक्ष पेस गरिएको,
- मिति २०८१।०१।१६ गते त्रिभुवन विश्वविद्यालय त्रि.वि. QAA शाखाले आवश्यक सल्लाह र सुझावसहित विश्वविद्यालय अनुदान आयोगमा पेस गर्न सिफारिस गरिदिएको,
- मिति २०८१। ०१।१६ गते Self Study Report (SSR) विश्वविद्यालय अनुदान आयोग (UGC) समक्ष पेस गरिएको,
- SSR (Self Study Report) विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरमा पेस गरेपछि त्यस रिपोर्टका सम्बन्धमा आयोगले पृष्ठपोषण मागेको हुनाले उक्त पृष्ठपोषण तयार गर्नका निमित्त बिभिन्न सेलसँग परामर्श बैठक बसी आवश्यक पृष्ठपोषण तयार गरिएको,
- **QAA** सम्बन्धी आवश्यकतानुसार नियमित रुपमा IQAC का बैठकहरू आयोजना गरिएको,
- विभागीय प्रमुखहरूसँग परामर्श र छलफल गरी सुझाव सङ्कलन गरिएको,
- SSR रिपोर्ट पृष्ठपोषण तयारीका लागि जिम्मेवारी बाँडफाँड गरिएको,
- SSR रिपोर्ट पृष्ठपोषण तयारीका निमित्त आवश्यक सूचना र कागजातहरू सङ्कलन गरिएको,
- क्याम्पस भित्रका भौतिक स्रोत र शैक्षिक गतिविधिहरूको आन्तरिक मूल्याङ्कन गरिएको,
- शिक्षक, कर्मचारी, विद्यार्थी एवम् सरोकारवालासँग QAA प्रक्रियाबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- स्थिति विश्लेषण SWOT -Strength, Weakness, Opportunity, Threat Analysis प्रारम्भ गरिएको,
- क्क्च रिपोर्टको पृष्टपोषणका लागि आवश्यक कार्ययोजनाका प्रारुप तयार गरिएको,
- विश्वविद्यालय अनुदान आयोगसँग समन्वय गरी आवश्यक सुझाव र निर्देशनहरू लिइएको,

**३. चुनौती र आगामी योजनाहरू**

**चुनौतीहरू**

- SSR रिपोर्ट तयारीका लागि आवश्यक विस्तृत सूचना तथा आवश्यक कागजात सङ्कलनमा कठिनाई ।
- क्याम्पसका सबै विभाग र शाखाबाट समुचित समन्वय र समयमै जानकारी प्राप्त गर्न कठिन ।
- कागजात व्यवस्थापन तथा प्रमाण सङ्कलनको प्राविधिक पक्षमा अपूर्णता ।
- क्याम्पस परिवारभित्र QAA प्रक्रियाबारे पूर्ण जानकारी तथा सहकार्यमा कमी ।
- QAA प्रमाणीकरणका मापदण्ड पूरा गर्न कठिनाई ।
- आवश्यक दक्ष जनशक्तिको अभावले तोकिएको समयमा सबै कार्य सम्पन्न गर्न कठिनाई ।

- आवश्यक शैक्षिक तथा प्रशासनिक सुधार कार्यक्रम सञ्चालनका लागि सीमित स्रोत साधन ।
- क्क्च को मापदण्ड अनुसार सम्पूर्ण तथ्याङ्क व्यवस्थापन तथा दस्तावेजीकरणमा चुनौती ।
- विश्वविद्यालय अनुदान आयोग (UGC) बाट समयमै परामर्श, सुझाव तथा निर्देशन प्राप्त गर्न कठिनाइ
- आन्तरिक मूल्यांकन तथा आत्मसमीक्षा प्रक्रियालाई निष्पक्ष र वैज्ञानिक ढंगले सञ्चालन गर्ने चुनौती ।

**आगामी योजनाहरू :**

- प्रमाण सङ्कलनका लागि विशेष कार्यदल गठन गरी जिम्मेवारी तोक्ने ।
- क्याम्पसभित्र विभागीय प्रमुखहरूसँग नियमित समन्वय बैठक राख्ने ।
- सरोकारवालाहरूसँग सुमधुर सम्बन्ध स्थापित गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- कागजात व्यवस्थापन प्रणालीलाई डिजिटल माध्यमबाट व्यवस्थित बनाउने ।
- सम्पूर्ण क्याम्पस परिवारलाई QAA प्रक्रिया र यसको महत्त्व बारे अभिमुखीकरण तालिम सञ्चालन गर्ने
- कार्यतालिकालाई व्यवहारिक बनाएर कार्यप्रगति नियमित अनुगमन गर्ने ।
- क्क्च च्भउयचत तयार गरी त्रि.वि. र विश्वविद्यालय आयोग समक्ष पेस गर्ने ।
- बाह्य स्रोतहरू (सहयोगी निकाय, पूर्वविद्यार्थी, आदि) मार्फत स्रोत साधन व्यवस्थापन प्रयास गर्ने ।
- SSR मापदण्डअनुसार कार्यविभाजन र कार्यसञ्चालनका लागि योजनाबद्ध कार्य गर्ने ।
- UGC र सम्बन्धित निकायहरूसँग सक्रिय सम्पर्क गरी समयमै परामर्श लिने ।
- विभागीय प्रमुख तथा सदस्यहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने ।
- आन्तरिक मूल्यांकन समितिको गठन गरी निष्पक्ष आत्मसमीक्षा सुनिश्चित गर्ने ।
- विश्वविद्यालय अनुदान आयोगबाट QAA प्रमाणीकरण पत्र प्राप्त गर्ने ।

**४. निष्कर्ष**

तेह्रथुम बहुमुखी क्याम्पसले आन्तरिक गुणस्तर सुनिश्चित गर्दै विश्वविद्यालय अनुदान आयोग (UGC) बाट QAA प्रमाणीकरण प्राप्त गर्नका लागि आवश्यक मापदण्ड तथा पूर्वाधार निर्माण,सूचना तथा कागजात सङ्कलन, रिपोर्ट तयारी, तथा समन्वयात्मक कार्यहरू प्रभावकारी रुपमा अगाडि बढाइएको छ । सीमित स्रोत, साधनका बाबजुद क्याम्पसले समयमा नै महत्पूर्ण कार्यहरू सम्पन्न गर्नु उल्लेखनीय उपलब्धी हो । विभागीय समन्वय, सूचना व्यवस्थापन, कागजात सङ्कलन तथा नीतिगत ढाँचाको विकास जस्ता कार्यहरू सफलतापूर्वक सम्पन्न गरिएका छन् । यस कार्यलाई योजनाबद्ध ढंगले कार्य अघि बढाइएकाले आगामी दिनमा QAA प्रमाणीकरण प्राप्त गर्ने लक्ष्य प्राप्त हुनेमा विश्वस्त हुन सकिन्छ । तथापि, प्राविधिक दक्षता, स्रोत-साधनको कमीका कारण र सहकार्यमा सहकर्मीका बिचमा अझ सुदृढता आवश्यक देखिन्छ । अभिमुखीकरण, सूचना डिजिटाइजेसन, तथा आन्तरिक मूल्याङ्न जस्ता प्रक्रियालाई अझ प्रभावकारी बनाएर क्याम्पसले दीर्घकालीन गुणस्तरीय सुधार हासिल गर्ने कुरामा यो सेल स्पष्ट रहेको छ ।

## Department of Political Science, Mathematics

गोविन्दकुमार सुवेदी
विभागीय प्रमुख

**१. परिचय**

तेह्रथुम बहुमुखी क्याम्पसको स्थापना वि .सं २०१७ मा भएको हो । सुरुवाती चरणमा यहाँ प्रविणता प्रमाण-पत्र तहको मात्र पढाइ सञ्चालन हुन्थ्यो। पछि २०४६ मा त्रि.वि.कार्यकारी परिषद्को २३६ औं बैठकले मानविकी र सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह सञ्चालनको अनुमति दिएपछि, त्यही वर्षदेखि राजनीतिशास्त्र विषय ऐच्छिकका रूपमा सञ्चालनमा आयो । २०६३ पछि मात्र यहाँ विभिन्न विभागहरू संरचनात्मक रूपमा गठन हुन थालेका हुन् । एक विषयमा पाँचजना प्राध्यापक आवश्यक पर्ने मापदण्डअनुसार राजनीतिशास्त्र तथा अन्य विषयहरूको मिलनबाट विभाग गठन गरिएको थियो। हाल गणित र राजनीतिशास्त्र मिलेर नयाँ विभाग सञ्चालनमा छ ।

**२. विभागका सदस्यहरू**

हाल विभागमा कार्यरत प्रमुख प्राध्यापकहरूः

१. श्री गोविन्दकुमार सुवेदी – विभागीय प्रमुख

२. श्री लोकेन्द्र सिटौला – विभागीय सदस्य

**३. शैक्षिक कार्यक्रम**

मानविकी र सामाजिकशास्त्र संकायअन्तर्गत स्नातक तहमा राजनीतिशास्त्रको नियमित पढाइ यहाँ सञ्चालन भइरहेको छ। वि.सं. २०६५–२०७७ सम्म शिक्षाशास्त्र विभागमा पनि राजनीतिशास्त्र एक पेपरको रूपमा पढाइन्थ्यो, तर चार वर्षे नयाँ संरचनामा सो पेपर समावेश नभएपछि यतिबेला शिक्षाशास्त्रतर्फ यो विषय उपलब्ध छैन। यद्यपि नजिकैका वर्षहरूमा पुनः ऐच्छिकका रूपमा समावेश गर्ने सम्भावना भने कायम छ । अर्कोतर्फ, गणित विषय पनि विद्यार्थीका लागि ऐच्छिक उपलब्ध भए तापनि शिक्षक उपलब्धता र विद्यार्थी संख्या न्यूनताका कारण केही चुनौतीहरू छन्। क्याम्पसले आगामी सत्रमा यी बाधा समाधान गरेर प्रभावकारी रूपमा पढाइ सञ्चालन गर्ने योजना बनाएको छ ।

**४. मुख्य क्रियाकलाप**

राजनीतिशास्त्र विभागले सैद्धान्तिक र व्यवहारिक दुवै पद्धतिमा शिक्षण–अधिगम सञ्चालन गर्दै आएको छ। सैद्धान्तिक पक्षमा व्याख्यान विधि उपयोग गरिन्छ भने व्यवहारिक पक्षमा विभिन्न प्रयोगात्मक तथा अवलोकनात्मक गतिविधि गरिन्छ। विद्यार्थीलाई सरकारी संरचना बुझाउन स्थानीय सरकार तथा कार्यालयहरूको अवलोकन भ्रमण गराइन्छ। साथै वृक्षारोपण, वक्तृत्वकला प्रतियोगिता, हाजिरीजवाफ र नेतृत्व विकासमुखी कार्यक्रमहरूले विद्यार्थीको आत्मविश्वास तथा सामाजिक सहभागिता बढाउन मद्दत गरेको छ ।

**५. सवल पक्षहरू**

- राजनीतिशास्त्र विषय राज्य सञ्चालन, सार्वजनिक नीति, सुशासन र नेतृत्व विकासका लागि अत्यन्त उपयोगी,
- लोकसेवा आयोगका अनेकौं परीक्षामा यसको समावेश हुनु विषयको महत्त्वको प्रमाण हो ,
- क्याम्पसमा अलग विभाग गठन भएकोले शैक्षिक कार्यक्रम व्यवस्थित र लक्ष्यउन्मुख रूपमा सञ्चालन गर्न सहज भएको ,
- विषयले भविष्यमा राजनीतिक नेतृत्व र सामाजिक सेवामा योगदान गर्ने क्षमता भएका विद्यार्थी निर्माणमा मद्दत गरेको छ ।

## ६. कमजोरीहरू

- एउटै विभागमा फरक–फरक विषय समायोजन हुँदा विशिष्ट विषयमा विशेषज्ञता कमजोर हुनसक्ने,
- विभागीय सदस्य संख्या न्यून हुँदा छलफल, योजना तथा गतिविधिमा प्रभावकारिता घट्ने,
- समय–समयमा हुने सेमिनार तथा गोष्ठीले नियमित कक्षा सञ्चालनमा प्रभाव पार्ने,
- विद्यार्थी उपस्थिति कम हुनु र सिकाइ वातावरण कमजोर हुनु,
- स्मार्ट बोर्ड, इन्टरनेट आदि आधुनिक प्रविधिको अभाव,
- पाठ्यपुस्तक तथा सामग्री समयमै प्राप्त नहुनु र विद्यार्थीको आर्थिक अवस्था कमजोर हुनु।

## ७. अवसरहरू

- राजनीतिशास्त्रको महत्व हाल थप वृद्धि भइरहेको छ । उपयुक्त परिमार्जनसहित यो विषय सरकारी सेवामा प्रवेश गर्न चाहने विद्यार्थीलाई अझ प्रतिस्पर्धी बनाउन सक्षम ,
- विभागीय सदस्यहरूलाई तालिम, गोष्ठी, सेमिनार आदिमा सहभागितामार्फत क्षमता अभिवृद्धि गर्ने अवसरहरू प्रशस्त छन्,
- साथै यस विषयको लोकप्रियताले क्याम्पसमा अध्ययन वातावरण सुधार गर्ने, अनुसन्धान संस्कृति विकास गर्ने तथा विद्यार्थीलाई सिर्जनात्मक कार्यतर्फ प्रोत्साहित गर्ने सम्भावना बढाएको छ ।

## ८. चुनौतिहरू

- कक्षामा विद्यार्थीको न्यून तथा अनियमित उपस्थितिले सिकाइमा असर,
- भर्ना राम्रो भए पनि चौथो वर्षसम्म विद्यार्थी कायम राख्न कठिन,
- राज्यले गणित र राजनीतिशास्त्र विषयको प्रभावकारिता पर्याप्त रूपमा नआकलन गर्नु,
- माध्यमिक तहमा राजनीतिशास्त्र अलग ऐच्छिक विषयको रूपमा नपर्नु,
- श्रम, सिप र व्यवहारिक–उन्मुख कार्यक्रमहरू विभागीय रूपमा न्यून हुनु ।

## ९. भावी योजना

विभागका आगामी प्राथमिकताहरूमा निम्न समावेश छन्–

- शिक्षक–विद्यार्थी सहकार्यमा अनुसन्धानमूलक लेख तथा प्रतिवेदन तयार गर्ने,
- नियमित एकाइगत, मासिक तथा त्रैमासिक मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा लागू गर्ने ,
- स्थलगत अवलोकनलाई अनिवार्य बनाउँदै त्यसैका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने,
- विभागीय अनुसन्धानलाई तथ्य–विश्लेषण र व्यवहारिक अध्ययनमुखी बनाउने।

## निष्कर्ष

तेह्रथुम बहुमुखी क्याम्पसको राजनीतिशास्त्र तथा गणित विभागले अवसर र चुनौतीबीच महत्वपूर्ण उपलब्धिहरू हासिल गर्दै आएको छ। तथापि, अझ सुदृढ र परिणाममुखी प्रगति हासिल गर्न विभागीय योजना, स्रोत परिचालन र नवप्रवर्तनशील शिक्षण पद्धति आवश्यक छ। यी सबै प्रयासहरूले भविष्यमा विद्यार्थीको सिकाइ, गुणस्तर र व्यावसायिक क्षमतामा उल्लेखनीय सुधार ल्याउने छ ।

# शैक्षिक सूचना व्यावस्थापन प्रणाली EMIS

# वार्षिक प्रतिवेदन

## EMIS Unit

| | |
|---|---|
| सोमनाथ घिमिरे : | संयोजक |
| योगेश काफ्ले : | सदस्य |
| खड्गनारायण गुरागाइँ : | सदस्य |

### पृष्ठभूमि

वि.सं. २०१७ जेठ २१ गते यस क्षेत्रका समाजसेवी एवम् बुद्धिजीविहरूको सक्रियतामा स्थापना भएको यस क्याम्पसले विगतदेखि वर्तमान सम्ममा यथेश्ट मात्रामा शैक्षिक जनशक्ति उत्पादन गरिसकेको छ । विगतमा मानविकी तथा सामाजिक शास्त्र संकाय मात्र भएको यस क्याम्पसमा वर्तमानमा मानविकीका अतिरिक्त शिक्षाशास्त्र र व्यवस्थापन संकाय थप भई बहुमुखी क्याम्पसका रूपमा सञ्चालनमा रहेको छ । यस क्याम्पसमा स्नातक तहका अतिरिक्त जनसंख्या विषयमा स्नातकोत्तर तह पनि सञ्चालनमा रहेको छ । त्यसै गरेर अन्य विषयहरूमा पनि स्नातकोत्तर तह सञ्चालन गर्ने तयारी भइरहेको छ । यहाँ स्नातक तथा स्नातकोत्तर तहमा गरी जम्मा २५० जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । त्यसैगरी यस क्याम्पसमा १९ जना प्राध्यापक, ९ जना कर्मचारीहरू रहेका छन् । क्याम्पसमा प्रशासन शाखा, लेखा शाखा, परीक्षा शाखा, पुस्तकालय शाखा र स्टोर शाखा रहेका छन् ।

क्याम्पसका सम्पूर्ण क्रियाकलापलाई व्यवस्थित एवम् चुस्तदुरूस्त बनाएर समयअनुकूल प्रविधिमैत्री बनाउनका लागि एकीकृत शैक्षिक व्यावस्थापन प्रणालीको आवश्यकता भएकाले मिति २०८०/१०/२३ गते क्याम्पसमा सफ्टवेर जडान गरी उक्त सफ्टवेरमार्फत क्याम्पसका सम्पूर्ण कागजातहरूलाई अध्यावधिक गर्ने कार्य निरन्तर रूपमा अगाडि बढिरहेको छ । सफ्टवेरमार्फत हालसम्म ३१४ जना विद्यार्थी, २८ जना शिक्षक कर्मचारीको विवरण एवम् ९८६१ पाठ्यपुस्तक दर्ता भइसकेका छन् । सफ्टवेरमा दर्ता गर्ने कार्य निरन्तर रूपमा अगाडि बढिरहेको छ । यसैगरी मोवाइल एपको पनि प्रयोग भइरहेको छ । सफ्टवेरमार्फत हालसम्म निम्न कार्य भइरहेको छ ।

| मानविकी तथा सामाजिक शास्त्र संकाय | शिक्षाशास्त्र संकाय | व्यवस्थापन संकाय | स्नातकोत्तर तह |
|---|---|---|---|
| पहिलो वर्ष (१८ जना) | पहिलो वर्ष (३५जना) | पहिलो वर्ष (१३जना) | पहिलो सेमेस्टर (१९ जना) |
| दोस्रो वर्ष (नयाँ र पुरानो गरी जम्मा १७जना) | दोस्रो वर्ष ( नयाँ र पुरानो गरी जम्मा ६३जना) | दोस्रो वर्ष (१३ जना) | दोस्रो सेमेस्टर(८ जना) |
| तेस्रो वर्ष (८ जना) | तेस्रो वर्ष (४५जना) | | तेस्रो सेमेस्टर |
| चौथो वर्ष (१८जना) | चौथो वर्ष (४९जना) | | चौथो सेमेस्टर(१८ जना) |

## एकीकृत शैक्षिक व्यावस्थापन प्रणालीको उद्देश्य

एकीकृत शैक्षिक व्यावस्थापन प्रणालीले शैक्षिक एवम् प्रशासनिक कार्यलाई चुस्त दुरूस्त राख्न सहयोग पुग्दछ । परम्परागत शैक्षिक एवम् प्रशासनिक तौरतरिकाहरूलाई समयानुकूल परिमार्जित र व्यवस्थित गराउदै एकीकृत रूपमा क्याम्पसका कार्यहरूलाई छिटो र छरितो तरिकाले कार्य सम्पन्न गर्नु गराउनु नै एकीकृत शैक्षिक व्यावस्थापन प्रणालीको उद्देश्य रहेको छ ।

## एकीकृत शैक्षिक व्यावस्थापन प्रणालीमा समावेश गरिएका कार्यक्रमहरूको विवरण

### शैक्षिक कार्यतर्फ

स्नातक तहका विद्यार्थीहरूको विवरण वार्षिक प्रणाली अनुसार र स्नातकोत्तर तहका विद्यार्थीहरूको विवरण सेमेस्टरका आधारमा गरिएको छ । जम्मा २५० जना विद्यार्थीहरू इन्ट्री गरिएको छ । क्याम्पसका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूलाई लक्षित गरी मोवाइल एप सञ्चालनमा आएको छ । उक्त एप अहिलेसम्मा ९२ जनाले डाउनलोड गरिसकेका छन् । यसबाट समग्र क्याम्पसका शैक्षिक एवम् प्रशासनिक कार्यहरूको जानकारी प्राप्त गर्न सकिने भएको छ । यसबाट सरोकारवाला सबैले क्याम्पसका सम्पूर्ण जानकारी सहज तवरले गरिरहेका छन् ।

**प्रशासनिक कार्यतर्फ**

**प्रशासनतर्फका कार्यहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरएको छ ।**

| प्रशासन शाखा | लेखा शाखा | स्टोर शाखा | पुस्तकालय शाखा |
|---|---|---|---|
| सम्पूर्ण अभिलेखहरू सफ्टवेरमा अद्यावधिक गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको | लेखासम्वन्धी सम्पूर्ण कार्यहरू सफ्टवेरमा अद्यावधिक गर्ने कार्य भइरहेको | सम्पूर्ण सामग्रीहरू सफ्टवेरमा अद्यावधिक गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको | यस शाखामा जम्मा ९८६१ पुस्तकहरू दर्ता गर्ने तथा वार कोड टाँस्ने कार्य सम्पन्न भएको साथै अन्य पुस्तकहरू पनि दर्ता गर्ने र त्यसमा बारकोड टाँस्ने कार्य भइरहेको |

**EMIS को उपलब्धि**

क्याम्पसमा एकीकृत शैक्षिक व्यावस्थापन प्रणाली जडान भएपश्चात शैक्षिक, प्रशासनिक, लेखा, स्टोर एवम् पुस्तकालयका परम्परागत माध्यमबाट गरिने कार्यहरूलाई परिवर्तन गरी छिटो र छरितो रूपमा सेवा प्रदान गर्न सहयोग पुगेको छ । यस प्रणालीका माध्यमबाट क्याम्पसका सम्पूर्ण सूचनाहरू क्याम्पसमा भौतिक रूपमा उपस्थित नभई पनि सरोकारवालाहरूले प्राप्त गरेका छन् । यसले गर्दा क्याम्पस प्रशासन र सरोकारवाला सबैलाई राहत महसुस भएको छ ।

**निष्कर्ष**

एकीकृत शैक्षिक व्यावस्थापन प्रणालीले क्याम्पसका समग्र गतिविधिहरूलाई व्यवस्थित गर्दै सरोकारवालाहरूमा छिटो, छरितो एवम् व्यवस्थित तरिकाले सेवा साथै सूचना सम्प्रेषण गराउने भरपर्दो स्रोतका रूपमा कार्य गरेको छ । यसका माध्यमबाट परम्परागत खाता प्रणालीलाई विस्थापित गरी इलेक्ट्रोनिक माध्यमबाट कार्य सम्पन्न हुने भएकाले यो विश्वसनीय एवम् भरपर्दो माध्यम बनेको छ ।

## By–laws Cell

संयोजक
श्री पोष्टराज लामिछाने

### १.परिचय

तेह्रथुम बहुमुखी क्याम्पसको समग्र संस्थागत सुधार ,सुशासन, गुणस्तर अभिवृद्धि तथा प्रशासनिक प्रक्रियालाई विधिपूर्ण र व्यवस्थित बनाउन आवश्यक नीति, निर्देशिका तथा कार्यविधिहरूको विकास र कार्यान्वयन गर्ने उद्देश्यले By–laws Cell गठन गरिएको हो। यस सेलले क्याम्पसमा आवश्यक पर्ने विभिन्न नीतिहरूको तर्जुमा, परिमार्जन, अद्यावधिक तथा व्यवस्थापन कार्य गर्दै क्याम्पसलाई विश्वविद्यालय अनुदान आयोग (UGC) को QAA मापदण्ड अनुरुप संस्थागत विकासतर्फ उन्मुख गराउने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। By–laws Cell क्याम्पसका विभिन्न समितिहरू, विभागीय इकाइहरू तथा सम्बन्धित निकायहरू सँग समन्वय गर्दै कार्य सञ्चालन गर्दछ । सेलले तयार पारेका नीति तथा कार्यविधिहरू क्याम्पस कार्य समितिमा स्वीकृति गराई कार्यान्वयनमा ल्याउने प्रक्रिया अघि बढाउने गर्दै आएको छ।

### २. उद्देश्य

- क्याम्पसको नीति, कार्यविधि र योजनाहरूलाई व्यवस्थित, अद्यावधिक र आवश्यकता अनुसार विकास तथा तर्जुमा गर्ने ,
- क्याम्पसका आन्तरिक कार्य सम्पादनलाई नियमित र पारदर्शी बनाउन आवश्यक कानुनी तथा प्राविधिक दस्तावेजहरू तयार पार्ने ।

### ३. कार्यक्षेत्र

- क्याम्पसमा आवश्यक पर्ने विभिन्न नीति, कार्य विधि र निर्देशिका तर्जुमा गर्नु ,
- अन्य समितिहरू तथा विभिन्न सेलहरूबाट प्राप्त कार्यविधिहरूको परीक्षण, परिमार्जन र अन्तिम रुप दिने ,
- तयार पारिएका नीति तथा कार्यविधिलाई स्वीकृतिका लागि क्याम्पस कार्य समितिमा पेश गर्ने ,
- राष्ट्रिय तथा विश्वविद्यालय स्तरका सम्बन्धित निर्देशिका तथा कार्यविधिहरू सँग समन्वय राख्दै क्याम्पसमा लागू
- गर्न आवश्यक दस्तावेजहरू विकास गर्ने ,
- समयानुकूल नीति तथा कार्य विधिको संशोधन तथा अद्यावधिक गर्ने ।

### ४. समिति

श्री पोष्टराज लामिछाने -संयोजक
श्री दीपक राज उप्रेती -सदस्य
श्री नरेश पाल -सदस्य

### ५.कार्य प्रगति विवरण

१) शिक्षक तथा कर्मचारी नियुक्ति कार्य विधि २०८०
२) आन्तरिक परीक्षा सञ्चालन निर्देशिका २०८०
३) शिक्षक तथा कर्मचारी कार्य सम्पादन मूल्यान निर्देशिका २०८०
४) पुस्तकाल यव्यवस्थापन तथा सञ्चालन कार्य विधि २०८०

५) ततबब सञ्चालन कार्य विधि २०८०
६) अनुसन्धान सञ्चालन निर्देशिका २०८०
७) भ्ःक्ष्क सञ्चालन सम्बन्धी निर्देशिका २०८०
८) विद्यार्थी कल्याण सम्बन्धी निर्देशिका २०८०
९) गुनासो सुनुवाई तथा व्यवस्थापन कार्य विधि २०८०
१०) IQAC सञ्चालन कार्य विधि २०८०
११) Alamuni Association कार्य विधि २०८०

## ६. आगामी योजना

१)क्याम्पसमा नीति तथा कार्य विधिको निरन्तर समीक्षा review र आवश्यकता अनुसार अद्यावधिक गउमबतभ गर्ने
२) नयाँ शैक्षिक, प्रशासनिक तथा आर्थिक नीति तथा निर्देशिका निर्माण गर्ने,
३) क्याम्पसमा ICT तथा Digitization नीति तथा कार्यविधि विकास गर्ने ,
४) आन्तरिक गुणस्तर सुधार तथा मूल्याङ्कन Internal Quality Assurance सम्बन्धी थप कार्य विधिहरू तर्जुमा गर्ने
५) अनुसन्धान प्रवर्द्धनका लागि थप प्रोत्साहन नीति तथा अनुसन्धान अनुदान कार्य विधि तयार गर्ने,
६) वातावरणीय संरक्षण तथा हरित क्याम्पस निर्माण सम्बन्धी कार्यविधि विकास गर्ने ।
७) विद्यार्थी र अभिभावक सँग प्रभावकारी सम्पर्क (Stakeholder Communication) नीतितयार गर्ने ,
८) Social safeguard नीति निर्माण गर्ने ,
९) आन्तरिक परीक्षा, कर्मचारी मूल्याङ्कन तथा पुस्तकालय व्यवस्थापन निर्देशिकाको कार्यान्वयन प्रभावकारी बनाउन अनुगमन संयन्त्र निर्माण गर्ने ,
१०)विश्वविद्यालय अनुदान आयोग तथा त्रि.वि.का मापदण्ड अनुसार समय समयमा नयाँ कार्य विधि निर्माण तथा कार्यान्वयन गर्ने

**निष्कर्ष :**

तेह्रथुम बहुमुखी क्याम्पसको संस्थागत विकास,शैक्षिक सुधार र प्रशासनिक पारदर्शिता सुनिश्चित गर्न By-law Cell महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । सेलले आवश्यक नीति, कार्य विधि तथा निर्देशिकाहरूको तर्जुमा, परिमार्जन र कार्यान्वयन गरी क्याम्पस लाई गुणस्तरीय र विधि पूर्ण संस्थाको रुपमा विकास गर्ने दिशामा उल्लेखनीय योगदान पुऱ्याएको छ । हाल सम्म विभिन्न महत्वपूर्ण कार्य विधिहरू र निर्देशिकाहरू निर्माण गरी लागू गरिसकेको तथा आगामी दिनहरूमा थप सुधार र नवीन नीतिहरू निर्माण गर्ने समन्वय, सहभागिता र निरन्तर सुधारको सिद्धान्तमा आधारित रही यो सेलले क्याम्पसको गुणस्तर सुनिश्चित गर्न महत्वपूर्ण रणनीतिक पहलहरू अगाडि बढाइरहेको छ ।यसरी, By-laws Cell को निरन्तर सक्रियता र प्रभावकारी कार्य सञ्चालन मार्फत क्याम्पसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो शैक्षिक गुणस्तर र संस्थागत साख अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

# स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)

## वार्षिक प्रतिवेदन

**मिलन बुढाथोकी**

**१. परिचय**

तेह्रथुम बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) विद्यार्थीको अधिकार, नेतृत्व र सहभागिताको लागि निरन्तर सक्रिय संस्था हो। यो प्रतिवेदन स्ववियुले शैक्षिक वर्ष २०८१/८२ मा सञ्चालन गरेका गतिविधि, उपलब्धि, चुनौती र आगामी योजनाको सरल, मानव–मैत्री र औपचारिक प्रस्तुतिकरण हो। हाम्रो मुख्य उद्देश्य क्याम्पसमा अध्ययनरत विद्यार्थीको शैक्षिक, सामाजिक, स्वास्थ्य, प्राविधिक र व्यक्तित्व विकासमा योगदान पुऱ्याउनु हो।

**२. पूर्व स्ववियु सभापतिहरू**

१. रुद्रकुमार कन्दङ्गवा
२. खगेन्द्रकुमार पोमु
३. नारायण थपलिया
४. मोहन उप्रती
५. टीकाराम बाँस्कोटा
६. सर्णबहादुर कन्दङ्गवा
७. भुपालकुमार सेन्दाङ्ग
८. टंकप्रसाद धमला
९. राजेन्द्रकुमार भट्टराई
१०. प्रकाश गौतम
११. गणेश विमली (२०५७–२०६२) सहमतिय संयोजक
१२. रत्न कन्दङ्गवा (२०६२–११–१३) सहमतिय सभापति
१३. ताराप्रसाद दाहाल (२०७९ चैत्र–२०८१ चैत्र १७)

**३. निर्विरोध निर्वाचित पदाधिकारी (२०८१/८२)**

- **मिलन बुढाथोकी – अध्यक्ष**
- **लिलादेवी बाँस्कोटा – उपाध्यक्ष**
- **विकास मगर – सचिव**
- **नविन कन्दङ्वा – सहसचिव**
- **नविना घिमिरे – कोषाध्यक्ष**

**सदस्यहरू:**

- शोभा कन्दङवा
- रुपनारायण कन्दङवा
- मनिता तामाङ
- सुनिता इनाम
- सिम्रन संयक
- प्रतिक्षा मगर

## ४. कार्यक्रम तथा गतिविधिको विवरण

### ४.१ विद्यार्थी हितका प्रमुख कार्यक्रमहरू

स्ववियुले क्याम्पस र विद्यार्थीको समग्र विकासका लागि निम्न महत्वपूर्ण कार्यहरू सम्पन्न गऱ्यो:

1. **विद्यार्थी संख्या वृद्धि पहल** – क्याम्पस प्रशासनसँग मिलेर विभिन्न नजिकका पालिकामा भ्रमण गर्दै क्याम्पसको जानकारी, अवसर र सुविधाबारे अभिमुखीकरण प्रदान गरियो।
2. **विद्यार्थी स्वास्थ्य बीमा सेवा लागू गर्ने पहल** – विद्यार्थीहरूले तिरेको स्वास्थ्य शुल्क उपयोगी बनाउने लक्ष्यसहित पाँचथर जिल्ला अस्पतालमा सेवा उपलब्ध गराउन पहल गरिएको छ।
3. **स्ववियु कोठा स्थानान्तरण र नयाँ शिक्षण भवन** – स्ववियुको कार्यालय स्थानान्तरण गर्दै नवनिर्मित शिक्षण भवन निर्माणका प्रक्रियामा सक्रिय सहयोग।
4. **पठन–पाठन अनुगमन** – त्रिविको नियमअनुसार कक्षा सञ्चालन, समयपालना र सिकाइ प्रक्रियाको नियमित अनुगमन।
5. **लाइसेन्स फारम तथा तयारी कक्षा** – २०८०/८१ दुवै वर्ष विद्यार्थीको लाइसेन्स अनलाइन फारम भर्ने व्यवस्था तथा तयारी कक्षा सञ्चालनका लागि पहल।
6. **नन–क्रेडिट कोर्सको निर्णयमा सहभागिता** – क्याम्पसमा सञ्चालन हुने नन–क्रेडिट कक्षाको निर्णय प्रक्रियामा विद्यार्थी प्रतिनिधित्व।
7. **संस्थागत विकासका छलफलहरू** – क्याम्पस विकास तथा गुणस्तरीय शिक्षा सम्बन्धी विभिन्न औपचारिक छलफल तथा बैठकमा सक्रिय सहभागिता।
8. **QAA प्रक्रियामा योगदान** – क्याम्पसलाई QAA प्रक्रियातर्फ अघि बढाउन विभिन्न समितिमा बसेर विद्यार्थीको प्रतिनिधित्व गर्दै काम।
9. **व्यवस्थापन समिति बैठकमा १००% उपस्थिति** – क्याम्पसका महत्वपूर्ण निर्णयमा विद्यार्थी हितका एजेन्डा प्रस्तुत र कार्यान्वयनमा भूमिका।
10. **विद्यार्थी समस्या समाधान** – दुई वर्षको अवधिभर विद्यार्थीबाट आएका विभिन्न समस्या, सुझाव र आवश्यकताहरूलाई संवेदनशील रूपमा सम्बोधन।

### ४.२ सरसफाइ अभियान र अध्ययन अनुमतिपत्र फारम

२०८१ साउन २४ मा क्याम्पस तथा आसपासको क्षेत्रमा सरसफाइ अभियान सञ्चालन गरियो।

विद्यार्थीका लागि अध्ययन अनुमतिपत्र फारम भर्ने सहयोग कार्यक्रम सम्पन्न भयो।

### ४.३ तीनदिने खेलकुद प्रतियोगिता

मंसिर ५–७ मा फुटबल र भलिबल खेलका तीनदिने प्रतियोगिता सम्पन्न भयो यस कार्यक्रमले टीमवर्क, नेतृत्व, शारीरिक तन्दुरुस्ती र प्रतिस्पर्धात्मक भावना विकासमा सहयोग पुऱ्यायो।

## ५. प्रमुख उपलब्धिहरू

- विद्यार्थी नेतृत्व र सामाजिक सचेतनामा वृद्धि
- क्याम्पस वातावरण सफा, सुरक्षित र व्यवस्थित बनाउन योगदान
- खेलकुद, स्वास्थ्य र शैक्षिक गतिविधिमा विद्यार्थी सहभागिता वृद्धि
- QAA प्रक्रियामा विद्यार्थीको अर्थपूर्ण भूमिका
- विद्यार्थी समस्या समाधानतर्फ उत्तरदायी व्यवहार

## ६. चुनौतीहरू

- कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेटको अभाव
- सबै विद्यार्थीलाई समान रूपमा सहभागी गराउन कठिनाइ
- समय व्यवस्थापन तथा पूर्वाधार सीमितता

## ७. आगामी योजना

- दीर्घकालीन बजेट व्यवस्थापन र स्रोत परिचालन
- करियर परामर्श, प्राविधिक सीप र नेतृत्व विकास कार्यक्रम विस्तार
- समावेशी सहभागिता सुनिश्चित गर्न समुदाय–स्तरको समन्वय
- सरसफाइ अभियानलाई निरन्तरता

## ८. निष्कर्ष

शैक्षिक वर्ष २०८१/८२ मा स्ववियुले सञ्चालन गरेका सबै कार्यक्रमले क्याम्पस वातावरण सुधार, विद्यार्थी विकास र संस्थागत प्रगतिमा सकारात्मक योगदान पुऱ्याएका छन्। विद्यार्थीको आवश्यकता, सुझाव र आकांक्षा बुझ्दै सिर्जनशील र उत्तरदायी गतिविधि सञ्चालन गर्नु नै स्ववियुको मुख्य उद्देश्य हो ।

# विद्यार्थी कल्याण शाखा

## अतिरिक्त क्रियाकलाप प्रतिवेदन

**लोकेन्द्र सिटौला**
**संयोजक**

### १. परिचय

वि.सं. २०१७ मा *वीरेन्द्र इन्टर कलेज* नामबाट स्थापित यो शैक्षिक संस्था २०३५ सालमा *तेह्रथुम क्याम्पसर* पछि २०६३ सालदेखि *तेह्रथुम बहुमुखी क्याम्पस* नामकरणसहित निरन्तर सञ्चालनमा रहेको छ। क्याम्पसमा विद्यार्थीहरूको अधिकार, कल्याण, परिचर्या तथा नेतृत्व विकासका उद्देश्यले विद्यार्थी कल्याण तथा खेलकुद शाखा क्रियाशील छ । त्रिभुवन विश्वविद्यालयको *विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयसम्बन्धी कार्य व्यवस्थापन प्रणाली–२०६७* को परिच्छेद ४, उपदफा १ बमोजिम क्याम्पसमा विद्यार्थी कल्याण शाखा प्रमुखको व्यवस्था गरिएको छ। तेह्रथुम बहुमुखी क्याम्पसमा २०६९ असोज १२ गतेदेखि यो निकाय औपचारिक रूपमा स्थापित भई सक्रिय रूपमा कार्यरत छ। शाखा प्रमुखको कार्यकाल दुई वर्षको हुन्छ।यस शाखाले विद्यार्थीको हकहित संरक्षण, सिकाइ वातावरण सुधार, व्यक्तिगत–पारिवारिक समस्यामा समन्वय तथा जोखिम व्यवस्थापनमा सहयोग गर्दै आएको छ। अतिरिक्त क्रियाकलाप अन्तर्गत क्याम्पसमा दुई प्रमुख प्रकारका गतिविधिहरू सञ्चालन गरिन्छ। यसमा **बौद्धिक तथा सिर्जनात्मक क्रियाकलाप** (वक्तृत्वकला, हाजिरी जवाफ, कविता वाचन, नृत्य आदि)र **शारीरिक तथा खेलकुद क्रियाकलाप** (फुटबल, भलिबल, ब्याडमिन्टन, टेबलटेनिस आदि)यी गतिविधिलाले विद्यार्थीको मानसिक तथा शारीरिक विकासलाई सन्तुलित रूपले अघि बढाउँछ।

### २. सम्पन्न गरेका प्रमुख क्रियाकलाप

- २०८१ श्रावण ३२ गते प्राध्यापक विद्यार्थी र अभिभावकहरु समेतको उपस्थितिमा छात्रवृत्ति कार्यक्रम सम्मन्न गरियो ।
- २०८१ असोज १६ गते प्राध्यापक कर्मचारी र विद्यार्थीहरु विच दशैँ तिहार र पर्वको अवसरमा शुभकामना आदन प्रदान कार्यक्रम सम्पन्न गरियो।
- २०८१ मंसिर २० मा लैंङ्गिक हिंसा बिरुद्धको जनचेतना कार्यक्रम सम्पन्न।
- २०८१ मंसिर २३ गते क्याम्पसका सम्पूर्ण संकाय र तहका विद्यार्थीहरुलाई छात्रवृत्त वितरण गर्ने कार्य सम्पन्न गरियो ।
- २०८१ पौष ८ मा क्याम्पसमा तिनै संकायका प्रथम वर्षका विद्यार्थीहरुका निमित्त अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।
- २०८१ माघ २१ गते सरस्वती पूजाका साथै अन्तर सदानात्मक हाजिरीजवाफ, लोक नृत्य प्रतियोगिता र म्युजिकल चेयर जस्ता कार्यक्रम सम्पन्न गरियो।
- २०८१ माघ २९ र ३० गते २ दिन फुटवल, भलिवल लगायत विविध खेलकुदका कार्यक्रमहरु सम्मन्न गर्नुका साथै प्रथम र हुनेलाई नगद पुस्कार मेडल र प्रमाण पत्र समेत वितरण गरियो।
- २०८१ फागुन १५ गते सम्पूर्ण प्रध्यापक, कर्मचारी र विद्यार्थीहरुको शैक्षिक भ्रमणका साथै बनभोज कार्यक्रम सम्पन्न।

- २०८१ चैत्र ०१ मा यस क्याम्पसका प्राध्यापक तथा कर्मचारी हरुको सम्युक्त बैठक बस्यो यसको उद्येश्य स्ववियू निर्वाचन २०८१ चैत्र ५ गते सम्पन्न गर्ने भन्नेमा केन्द्रीत भएकोले यस सम्बन्धमा छलफल गरियो ।
- २०८१ चैत्र २१ मा यस तेह्रथुम बहुमुखी क्याम्पसको स्ववियू निर्वाचन समिति संयोजक श्री दिपकराज उप्रेतीको संयोजकत्वमा स्ववियु निर्वाचन कार्यसमितिलाई बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न गरियो ।
- २०८१ जेष्ठ जेष्ठ २१ गते यस क्याम्पसको वार्षिक उत्सव परेकोले यस कार्यक्रम लाई व्यवस्थित तरिकाले मनाउनका लागि सम्पूर्ण प्राध्यापक , कर्मचारी र स्ववियुका प्रतिनिधि बिच गहन छलफल गरियो ।
- २०८२ जेष्ठ २१ गते यस क्याम्पसको ६५ औं वार्षिक उत्सव क्याम्पस परिवार र व्यवस्थापन समिति सदस्यहरु र समुदाय समेतको उपस्थितिमा उद्धाटन कार्यक्रम सम्पन्न गरियो

**३. अवसरहरू (Opportunities)**

- सामूहिक उत्तरदायित्व र सहकार्यको भावना विकास हुने,
- व्यक्तिगत कौशल तथा क्षमता विस्तार हुने सम्भावना,
- खेलकुदमा सहभागी भई प्रतिभा प्रदर्शन गर्ने अवसर प्राप्त हुने,
- गीत, कविता, वक्तृत्वकला आदिमा प्रतिभा पहिचान गराउने वातावरण,
- सिकाइलाई उर्जाशील, रोचक र व्यावहारिक बनाउन सकिने सम्भावना,
- क्याम्पसलाई जिल्ला तथा प्रदेशस्तरका प्रतियोगितामा प्रतिनिधित्व गराउने मौका बढ्ने,
- विद्यार्थीहरूको नेतृत्व क्षमता अभिवृद्धि हुने वातावरण तयार हुने,
- विभिन्न क्लब, समिति वा टोलीमा संलग्न भई टिमवर्क तथा सहकार्य कौशल विकसित गर्ने अवसर,
- साहित्य, कला, खेलकुद लगायत विविध क्षेत्रका विज्ञ तथा प्रशिक्षकहरूसँग प्रत्यक्ष सम्पर्क तथा सिकाइ अवसर प्राप्त हुने,
- विद्यार्थीहरूको आत्मविश्वास वृद्धि भई भविष्यमा रोजगारी र प्रतिस्पर्धात्मक परीक्षामा उपयोगी हुने,
- क्याम्पसको प्रतिष्ठा तथा पहिचान स्थानीय समुदायमा अझ मजबुत हुने,
- पूर्वविद्यार्थी समाजसँग जोडिँदैनेटवर्किङ (Networking)को राम्रो अवसर सिर्जना हुने,
- अन्तर–क्याम्पस प्रतियोगिता तथा सहकार्य कार्यक्रममार्फत अनुभव आदान–प्रदान गर्ने अवसर बढ्ने,
- क्याम्पसमा विविधता, समावेशिता र सहभागितामूलक वातावरण निर्माण गर्न सहयोग पुग्ने,
- सिकाइ वातावरणलाई कौशल–मुखी, व्यवहारिक र जीवनोपयोगी बनाउन दीर्घकालीन सम्भावना निर्माण हुने ।

**भावी कार्ययोजना**

- अतिरिक्त क्रियाकलाप अन्तर्गत *इन्डोर* र *आउटडोर* गतिविधि नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्ने विद्यार्थीहरूलाई निरन्तर सक्रिय बनाउने उद्देश्यले प्रेरणादायी तथा सिर्जनात्मक कार्यक्रम विस्तार गर्ने,
- प्राध्यापक, कर्मचारी, विद्यार्थी, व्यवस्थापन समिति, पूर्वविद्यार्थी समाज तथा विदेशमा रहेका सरोकारवालासँग नियमित अन्तरक्रिया गर्ने,

- हरेक शैक्षिक सत्रमा वार्षिक खेलकुद महोत्सव आयोजना गर्ने व्यवस्था मिलाउने,
- विद्यार्थीहरूको बौद्धिक क्षमता परीक्षणका लागि वक्तृत्व, कविता, हाजिरीजवाफ प्रतियोगिता नियमित गर्ने,
- क्लबहरू (साहित्य क्लब, खेलकुद क्लब, कला क्लब) गठन गरी विद्यार्थी नेतृत्वमा सञ्चालन गर्ने,
- खेलकुदका लागि आवश्यक सामग्री र पूर्वाधार नियमित रूपमा अभिलेख, व्यवस्थापन र विस्तार गर्ने,
- प्रतिभाशाली विद्यार्थीलाई विद्यालय, नगरपालिका र प्रदेश स्तरका प्रतियोगितामा प्रतिनिधित्व गराउने अवसर बढाउने,
- अतिरिक्त क्रियाकलापमा सक्रिय विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने प्रावधान विकास गर्ने,
- मानसिक स्वास्थ्य, साइबर सुरक्षा, नेतृत्व विकास आदि विषयमा थिमेटिक अभिमुखीकरण तथा तालिम सञ्चालन गर्ने,
- महिला विद्यार्थीहरूको सक्रिय सहभागिता बढाउन महिला–मैत्री कार्यक्रम र खेलकुद सञ्चालन गर्ने,
- पूर्वविद्यार्थी समाजसँग सहकार्य गरी क्यारियर काउन्सेलिङ, रोजगार तथा स्किल–डेभलपमेन्ट कार्यक्रम आयोजना गर्ने।

**निष्कर्ष**

तेह्रथुम बहुमुखी क्याम्पस अन्तर्गत सञ्चालित विद्यार्थी कल्याण शाखाले क्याम्पसका विद्यार्थीहरूको समग्र विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। मानसिक, बौद्धिक, सांस्कृतिक तथा शारीरिक कौशल विकासका उद्देश्यले आयोजना गरिएका विभिन्न अतिरिक्त क्रियाकलापहरूले विद्यार्थीहरूको क्षमता अभिवृद्धि, आत्मविश्वास वृद्धि र नेतृत्व कौशल विकासमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । व्यवस्थापन समिति, प्राध्यापक, स्थानीय निकाय, पूर्वविद्यार्थी समाज तथा सरोकारवालाको सहकार्यले क्याम्पसमा आवश्यक पूर्वाधार विकास, स्वास्थ्य सुरक्षा व्यवस्था, सांस्कृतिक कार्यक्रम, काउनसेलिङ तथा खेलकुद गतिविधि थप प्रभावकारी भएका छन् । विद्यार्थी कल्याण शाखाले सञ्चालन गरेका कार्यक्रमहरूले न केवल शैक्षिक सिकाइलाई व्यवहारिक र जीवनोपयोगी बनाएको छ, बल्कि विद्यार्थीहरूलाई सकारात्मक, सक्रिय र जिम्मेवार नागरिकका रूपमा विकसित हुन प्रेरित पनि गरेको छ । आगामी दिनमा समन्वय, स्रोतसाधन परिचालन, कौशल विकास तथा सहभागीमूलक कार्यक्रमहरूको विस्तारमार्फत यस शाखाले क्याम्पसको स्तरोन्नतिमा अझ महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

## छात्रवृत्ति छनौट समितिको वार्षिक प्रतिवेदन

लोकेन्द्र सिटौला

**१. परिचय**

विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयसम्बन्धी कार्य, व्यवस्थापन प्रणाली २०६७ को परिच्छेद ४ को उपदफा १ बमोजिम क्याम्पस विद्यार्थी कल्याण प्रमुखको व्यवस्था भएको छ। सोही व्यवस्थाअन्तर्गत तेह्रथुम बहुमुखी क्याम्पसमा २०६९ असोज १२ देखि विधिवत रुपमा यो निकाय प्रमुखको व्यवस्था हुँदै आएको छ।

**छात्रवृत्ति छनौट समितिको उद्देश्य र भूमिका**

१. विद्यार्थीहरूको आर्थिक समस्यालाई मध्यनजर गर्दै आवश्यक सहयोग उपलब्ध गराउनु,
२. प्रतिभाशाली र मेहनती विद्यार्थीहरूको अध्ययनमा निरन्तरता सुनिश्चित गर्नु,
३. विपन्न, लोपन्मुख र पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्राथमिकता दिनु ,
४. सहिद परिवार र अपाङ्गता भएका विद्यार्थीको अधिकार सुनिश्चित गर्नु ,
५. छात्रवृत्ति वितरण प्रक्रिया पारदर्शी र न्यायोचित बनाउनु,
६. दाताहरू र संस्थाबीच सहकार्य स्थापित गरी कोष वृद्धि गर्नु,
७. विश्वविद्यालयका नियम र नीति अनुसार छात्रवृत्ति वितरण गर्नु,
८. विद्यार्थीहरूलाई छात्रवृत्ति अवसरबारे जानकारी उपलब्ध गराउनु,
९. आर्थिक सहयोगको प्रभावकारी र समयमै वितरण सुनिश्चित गर्नु,
१०. विद्यार्थीहरूको अध्ययन प्रेरणा र सामाजिक समानताको संवर्द्धन गर्नु,

**२. सम्पन्न भएका मुख्य क्रियाकलाप**

- २०८१ साल मंसिर २३ गतेका दिन यस क्याम्पसका तिनै संकाय मानविकी 'शिक्षाशास्त्र व्यवस्थापन संकाय प्रथम वर्षमा अध्ययनरत १२ जना विद्यार्थीहरूले जनही १५००० का दरले विश्वविद्याल अनुदान आयोगबाट प्राप्त हुने छात्रवृत्ति प्राप्त गरे।
- दाताहरुको आफ्नैहातबाट यस क्याम्पसका सबै संकाय र सबै तहमा अध्ययनरत ६जना विद्यार्थीहरूले जम्मा ३२००० छात्रवृत्ति प्राप्त गरे ।
  दाताहरुले राखेको कोषको व्याजबाट क्याम्पस मातहतको कोषबाट विए प्रथम र दोस्रो नयाँ तेस्रो पुरानो , विएड प्रथम, तेस्रो नयाँ र पुरानो र चौथ बर्षका जम्मा १३ जना विद्यार्थीले ६७००० नगद प्राप्त गरे।
- त्रि.वि.को नियमानुसार सबै तह र संकायका कूल विद्यार्थीहरूमध्ये २०% विद्यार्थीहरूले पूरुष र
- महिला जेहन्दार ३६००
- ५०% नि :शुल्क १२ जनाले ३६००० छात्रवृत्ति प्राप्त गरे।
- २५% नि :शुल्क विएड प्रथम र दोस्रो वर्षमा अध्ययनरत १० जना विद्यार्थीहरूले १५००० प्राप्त गरे।

# SchoaLarship Provided from the Campus

In the Campus, apart from the schoaLrships provided by T.U., many schoaLrships are provided to the competent, *Dalit* and *Janajati* students. The following table shows the detail about schoaLrships and their donors:

| S.N. | *Schoalarship name* | Total fund (in Rs.) | Estd. year B.S. | Donor of SchoaLrships |
|---|---|---|---|---|
| 1 | Bishnu Thapaliya Schoalarship Fund | 50000 | 2044 /2079 | Bhanu Prasad Thapaliya Son Dr. Roshan Thapaliya |
| 2 | Meharman Scholraship Fund | 25000 | 2052 | Kul Bahadur Khadka |
| 3 | Laxmi-Tara Scholarship Fund | 100000 | 2063 | Laxmi Prasad Upreti<br>Late Tara Upreti |
| 4 | Swarna Mahotsab Scholarship Fund | 100000 | 2068 | All the Lecturers of TMC (2068) |
| 5 | Golden Jubilee Scholarship Fund | 50000 | 2068 | All the Administrative staff of TMC (2068) |
| 6 | Ganga-Geha Scholarship Fund | 199000 | 2068 | Purusottam Mishra and Shastika Mishra |
| 7 | Bhakta Raj Samyak Scholarship Fund | 50000 | 2068 | Bhakta Raj Samyak |
| 8 | Ganga Prasad Aacharya Memorial Fund | 50000 | 2068 | Gauri Prasad Aacharya<br>and his brothers |
| 9 | Devaka Memorial Scholarship Fund | 50000 | 2068 | Rewati Thapaliya and his brothers |
| 10 | Puspalila Memorial Memorial Scholarship | 10,1000 | 2068 | Chhabilal Thapiliya and his sons |
| 11 | Ganga Maya Dangi oli Memorial Scholarship | 200000 | 2076 | Yagya Prasad Oli |
| 12 | Bhanu Prasad Thapaliya Memorial Scholarship Fund | 50000 | 2079 | Bhanu Prasad Thapaliya son Dr. Roshan Thapaliya |
| 13 | Bhuwan Mahani Thapaliya | 50000 | 2079 | Bhanu Prasad Thapaliya son Dr. |

| | | | | |
|---|---|---|---|---|
| | Memorial Scholarship | | | Roshan Thapaliya |
| 14 | Lok Nath Thapaliya Memorial Scholarship Fund | 50000 | 2068 | Narendra and Bharat Thapaliya |
| 15 | Haricharan Memorial Scholarship | 50100 | | Laxmi Devi and Mana Maya Sitaula |
| 16 | Bhola Nath Memorial Scholarship Fund | 50100 | | Dili Ram Sitaula |
| 17 | Krishna katuwal Fund | 7000 | 2068 | Krishna katuwal |
| 18 | Dharani Dhar Neupane Memorial Scholarship Fund | 150000 | 2079 | Son/daughter of Dharani Dhar Neupane |
| 19 | Sherpa Kaila Memorial Scholarship Fund | 50000 | 2071 | Laxmi, Tara Upraty |
| 20 | Ganga Bahadur Acharya Memorial Schoalrship Fund | 50000 | 2068 | Gauri Prasad Acharya and Ten Brothers |
| 21 | Singharaj Tamang Memorial Schoalrship Fund | 102500 | 2080 | Kamala Tamang |
| 22 | Muktinath Harimaya Siwakoti Scholarship Fund | 12000 per year | 2080 | Siwakoti Family |

**निष्कर्ष**

छात्रवृत्ति छनौट समिति तेह्रथुम बहुमुखी क्याम्पसमा विद्यार्थीहरूको आर्थिक सहयोग, अध्ययन निरन्तरता र सामाजिक समावेशिताको सुनिश्चितताका लागि अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। समितिले सञ्चालन गरेका कार्यक्रमहरूले विशेषगरी विपन्न, लोपन्मुख, सहिद परिवार तथा प्रतिभाशाली विद्यार्थीहरूलाई अध्ययनमा निरन्तरता दिन, आवश्यक सहायता उपलब्ध गराउन र आत्मविश्वास अभिवृद्धि गर्न सहयोग पुर्‍याएको छ। दाताहरू, क्याम्पस प्रशासन, स्थानीय समुदाय र पूर्वविद्यार्थी समाजसँगको सहकार्यले छात्रवृत्ति कोषको दिगो व्यवस्थापन र वितरण प्रक्रिया पारदर्शी तथा न्यायोचित बन्न सुनिश्चित गरेको छ। यसरी वितरण भएका छात्रवृत्तिले न केवल विद्यार्थीहरूको शैक्षिक प्रगति र बौद्धिक क्षमतामा योगदान पुर्‍याएको छ । सामाजिक समानता र सहभागिताको भावना विकासमा समेत सकारात्मक प्रभाव पारेको छ । आगामी दिनमा थप स्रोतसाधन परिचालन, नवीन कार्यक्रम तथा समावेशी नीतिहरूमार्फत समिति विद्यार्थीहरूको समग्र विकासमा अझ सशक्त योगदान पुर्‍याउने छ ।

# विद्यार्थी गुणस्तर सर्कल (Student Quality Circle – SQC)

## प्रतिवेदन

### १. प्रस्तावना

तेह्रथुम बहुमुखी क्याम्पसमा विद्यार्थी गुणस्तर सर्कल (SQC) गठनको मुख्य उद्देश्य गुणस्तरीय पठनपाठन, प्रशासन र विद्यार्थीबीच समन्वय, र क्याम्पसको समग्र शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउनु हो। यस सर्कलले विद्यार्थी, शिक्षक र प्रशासनबीच सहकार्यलाई सुदृढ गर्दै शैक्षिक सुधार र विकासको मार्गदर्शन गर्ने कार्य गर्दछ।

**समिति:**

- मिलन बुढाथोकी – संयोजक
- लिलादेवी बाँस्कोटा – सदस्य
- नवीना घिमिरे – सदस्य

### २.कक्षाहरूको अनुगमन

विभिन्न तह र वर्षका कक्षाहरू नियमित सञ्चालन भएको/नभएको जानकारी संकलन गरी प्रशासनलाई समयमै जानकारी दिइएको छ । यसले पठनपाठनमा सुधार र निगरानी सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

### ३. विद्यार्थी र प्रशासनबीच सहकार्य

अ तिरिक्त क्रियाकलापहरूमा विद्यार्थी र प्रशासनबीच सहकार्य तथा समन्वय कायम गरिएको छ। यस अन्तर्गत खेलकुद, सांस्कृतिक कार्यक्रम र शैक्षिक गोष्ठीहरूमा सक्रिय सहभागिता सुनिश्चित गरिएको छ।

### ४. राय सुझाव संकलन

गुणस्तरीय पठनपाठन सुनिश्चित गर्न तयार गरिएको प्रश्नावलीमार्फत विभिन्न तह र वर्षका विद्यार्थीहरूबाट राय सुझाव संकलन गरियो। संकलित सुझावहरूले भविष्यका शैक्षिक सुधारका लागि मार्गदर्शन प्रदान गर्नेछ।

### ५. Student Support System मा सहयोग

Student Support System अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरू जस्तै व्यक्तित्व विकास, परामर्श सेवा र अतिरिक्त शैक्षिक कार्यक्रमहरूमा सहयोग पुऱ्याइयो। यसले विद्यार्थीहरूको सक्रिय परिचालन र सहभागिता सुनिश्चित गरेको छ।

**६. प्रचारप्रसार**

क्याम्पसमा सञ्चालित विविध कार्यक्रम, गतिविधि र विशेषताहरूको प्रचारप्रसारमा SQC ले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसले क्याम्पसको पहिचानलाई थप सुदृढ बनाएको छ।

**७. शिक्षक मूल्याङ्कन**

शिक्षकहरूको सर्वाङ्गीण मूल्याङ्कन (360-degree evaluation) गर्न सर्वेक्षण फाराम तयार गरी विद्यार्थी, सहकर्मी र प्रशासनबाट मूल्याङ्कन संकलन गरियो। मूल्याङ्कन प्रतिवेदन प्रशासनलाई प्रस्तुत गरिएको छ।

**८. अभिलेखीकरण**

SQC द्वारा गरिएका क्रियाकलापहरूको अभिलेखीकरण (फोटो, मिनेट) प्रभावकारी रूपमा गरिएको छ। यसले भविष्यमा सन्दर्भ सामग्रीको रूपमा उपयोगी जानकारी उपलब्ध गराउँछ।

**९. अन्य कार्यहरू**

SQC ले आवश्यकताअनुसार विद्यार्थी समस्याहरूको समाधान, कार्यक्रम व्यवस्थापन र सहजीकरणसमेत सम्पन्न गरेको छ।

**१०. निष्कर्ष**

विद्यार्थी गुणस्तर सर्कलले क्याम्पसको शैक्षिक गतिविधि र प्रशासनलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ। आगामी दिनहरूमा SQC का कार्यक्रमलाई अझ व्यवस्थित र परिणाममुखी बनाउने छ ।

# गुनासो सुनुवाइ समिति

**१. परिचय**तेह्रथुम बहुमुखी क्याम्पसमा पारदर्शिता, उत्तरदायित्व र सेवा प्रवाहमा गुणस्तर थप उकास्ने उद्देश्यले गुनासो सुनुवाइ संयन्त्र स्थापना गरिएको हो। यस समितिले क्याम्पससम्बन्धी विविध गुनासोहरू समयमै संकलन, विश्लेषण, छलफल र समाधान गर्न निरन्तर रूपमा सक्रिय रहँदै आएको छ। प्रस्तुत प्रतिवेदनमा समितिले सञ्चालन गरेका मुख्य गतिविधिहरू सूचीकृत गरिएको छ।

**२. गुनासो सुनुवाइ संयन्त्रका उद्देश्यहरू**

१) गुनासो सुनुवाइका लागि आवश्यक कार्यविधि तयार गरी औपचारिक रूपमा प्रस्तुत गर्नु ,
२) विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी तथा अन्य सरोकारवालाबाट प्राप्त सुझाव र गुनासोलाई सम्बोधन गर्न आवश्यक छलफल सञ्चालन गर्नु ,
३) क्याम्पस परिसरमा सहज रूपमा देखिने स्थानमा गुनासो पेटिका राख्ने व्यवस्था मिलाउनु ,
४) क्याम्पसले प्रदान गर्ने सेवा तथा सुविधाहरू स्पष्ट रूपमा उल्लेख गरिएको बडापत्र क्याम्पस परिसरमै राख्ने ,
५) गुनासो पेटिकामा प्राप्त भएका उजुरी, सुझाव तथा गुनासोलाई आवश्यक प्रक्रिया अपनाई समाधान गर्नु ,
६) समितिबाट भएका सम्पूर्ण कार्यहरूको अभिलेखीकरण (फोटो तथा माइन्यूट सहित) गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु ,
७) क्याम्पस प्रशासनले तोकिएका अन्य जिम्मेवारी वा सहयोगी कार्यहरू सम्पन्न गर्नु ,

**३. सम्पन्न भएका कार्यहरू**

१) गुनासो सुनुवाइ संयन्त्र सञ्चालनका लागि आवश्यक कार्यविधि तयार पारेर क्याम्पसको By-Law Cell सेलमा विधिवत रूपमा पेश गरिएको ,
२) विद्यार्थी तथा अन्य सरोकारवालाले सहज रूपमा गुनासो राख्न सक्ने वातावरण निर्माण गरिने कार्यमा जोड दिइएको यसका लागि मुख्य प्रशासनिक भवनको पर्खालमा स्पष्ट देखिने गरी गुनासो पेटिका जडान गरिएको ,
३) क्याम्पसले उपलब्ध गराउने सेवा तथा सुविधाहरू समेटिएको बडापत्र क्याम्पस क्षेत्रका प्रमुख स्थान लाइब्रेरी, महिला तथा पुरुष होस्टल मा स्पष्ट देखिने गरी टाँसिएको, जसले विद्यार्थी, अभिभावक तथा बाह्य आगन्तुकहरूलाई आवश्यक जानकारी प्राप्त गर्न सहयोग पुऱ्याएको ,
४) गुनासो पेटिकामा प्राप्त गुनासोहरूमध्ये स्थानीय बासिन्दा जयमैनालीद्वारा उठाइएको मुद्दालाई प्राथमिकताका साथ सरोकारवालासँग छलफल गरी समाधान गरिएको ,
५) क्याम्पस परिवारका सदस्य विद्यार्थी, शिक्षक, कर्मचारी बीच देखापरेका विभिन्न समस्या तथा गुनासोलाई आपसी छलफल र समन्वयको माध्यमबाट समाधान गरिएको ,
६) क्याम्पस विकासका लागि आवश्यक ठहरिएका विविध कार्यहरू तथा क्याम्पस प्रशासनले अनुरोध गरेका अन्य सहायक गतिविधिहरूमा समिति निरन्तर सक्रिय रहँदै आएको

## ४. निष्कर्ष

गुनासो सुनुवाइ संयन्त्रले पारदर्शी, सहभागी र जवाफदेही अभ्यासलाई आफ्नो कार्यशैलीको केन्द्रमा राख्दै क्याम्पसको समग्र वातावरणमा सकारात्मक सुधार ल्याउने प्रयास निरन्तर जारी राखेको छ। प्राप्त गुनासोहरूलाई समयमै समाधान गर्ने कार्यसँगै भविष्यमा अझ सुचारु, प्रभावकारी र उत्तरदायी प्रणाली विकास गर्ने लक्ष्य समिति अघि बढाइरहेको छ।

# खरिद समिति

## १. परिचय

तेहथुम बहुमुखी क्याम्पसको शैक्षिक, प्रशासनिक तथा प्राविधिक क्रियाकलापलाई सुचारू, प्रभावकारी र आधुनिक बनाउन आवश्यक सामग्रीहरूको व्यवस्थापन तथा खरिद कार्य खरीद समिति मार्फत सञ्चालन गरिएको छ। यो प्रतिवेदनले चालु शैक्षिक वर्षमा सम्पन्न खरीद, स्थापना र उपयोग अवस्थाको संक्षिप्त विवरण प्रस्तुत गर्दछ।

## २. यस वर्ष सम्पन्न प्रमुख खरिदहरू

यस शैक्षिक वर्षमा क्याम्पसका विभिन्न शैक्षिक तथा प्रविधि सम्बन्धी आवश्यकता अनुसार निम्न सामग्रीहरूको खरिद तथा स्थापना गरिएको छः

क) ICT तथा कार्यालय सम्बन्धी सामग्री

1. मल्टिमिडिया प्रोजेक्टर – ४ थान, कक्षा कोठामा ICT आधारित शिक्षण सहज बनाउन प्रयोगमा ल्याइयो।
2. ल्यापटप – १ थान, प्रशासनिक र शैक्षिक निर्देशनका कार्यमा प्रयोग भइरहेको छ।
3. कलर प्रिन्टर – ४ थान, क्याम्पस प्रशासन, परीक्षा शाखा, RMC तथा Library सेवाका लागि All-in-One Desktop PC – १ थान, कार्यालय कार्यको दक्षता वृद्धि गर्न स्थापना गरिएको।

ख) भौतिक संरचना तथा सेवासम्बन्धी सामग्री

1. खानेपानी पाईप – ५,००० मिटर, क्याम्पस परिसरमा खानेपानीको व्यवस्थापन सुधारका लागि बिछ्याइयो।
2. Grass Cutter Machine – १ थान, क्याम्पस परिसरको सरसफाइ, हरियाली र सौन्दर्यीकरणका लागि।
3. पानी तान्ने मोटर – १ थान, पानी आपूर्तिमा नियमितता कायम राख्न प्रयोग गरिएको।

ग) सूचना–प्रविधि र सुरक्षा प्रणाली

- CC Camera— २० थान (Internet सहित Networking जडान सहित), क्याम्पस सुरक्षालाई डिजिटल बनाउँदै सम्पूर्ण क्याम्पस क्षेत्रमा CCTV प्रणाली जडान।
- Administrative Block, Library, परीक्षा कक्ष, क्यान्टिन, मुख्य प्रवेशद्वार तथा पार्किङ क्षेत्रमा कार्यान्वयन।
- रेजेन ल्यापटप १ थान

## ३. Networking तथा स्थापना कार्य

- सम्पूर्ण CC Camera लाई Internet Networking मार्फत क्याम्पस Surveillance Unit मा जोडियो।
- ICT उपकरणहरू (प्रोजेक्टर, लैपटप, कम्प्युटर, प्रिन्टर) सम्बन्धित शाखा र कक्षामा सुरक्षित रुपमा वितरण गरियो।
- खानेपानी व्यवस्थापनका लागि आवश्यक पाइप बिछ्याउने कार्य सम्पन्न।
- भौतिक संरचना व्यवस्थापन शाखा मार्फत Machine र Motor को नियमित मर्मतसम्भार सुनिश्चित गरिएको छ।

**४. खरिद प्रक्रियाको संक्षेप**

खरीद समिति बैठकले आवश्यकताका आधारमा निर्णय गरी सरकार तथा Tribhuvan University Procurement निर्देशिकाअनुसार दर रेट संकलन मूल्य तुलना आपूर्तिकर्ता छनोट सामग्री प्राप्ति, भेरिफिकेसन र अभिलेखीकरण स्थापना र संचालन सम्पूर्ण कार्यहरू पारदर्शिता, उत्तरदायित्व र आन्तरिक नियन्त्रण प्रणाली अनुसार सम्पन्न गरियो ।

**५. निष्कर्ष**

तेहथुम बहुमुखी क्याम्पसमा यस वर्ष सम्पन्न खरीद, स्थापना तथा प्राविधिक व्यवस्थापनले ICT आधारित शिक्षणलाई सहज र प्रभावकारी बनाएको, सुरक्षा र निगरानी प्रणालीलाई आधुनिक बनाएको, भौतिक संरचना तथा सेवामा सुधार ल्याएको देखिन्छ । समिति आगामी वर्षहरूमा झनै पारदर्शी, गुणस्तरीय र समयमै आवश्यक सामग्री व्यवस्थापन गर्न प्रतिबद्ध रहनेछ ।

## पुस्तकालय शाखाको वार्षिक प्रतिवेदन

**पृष्ठभूमि :**

कलेजको स्थापनाकालसँगै अध्ययन, अध्यापन र अनुसन्धान गर्न शिक्षक, विद्यार्थी र कर्मचारीहरूलाई पुस्तकालयको आवश्यकता परे तापनि तात्कालीन समयमा विद्यार्थी सङ्ख्या कम, आर्थिक अवस्था तथा भौतिक संरचना न्यून भएको कारणले पुस्तकालयको छुटै व्यवस्था नगरी क्याम्पस प्रशासनको कक्षबाटै विद्यार्थीहरूलाई पुस्तक उपलब्ध गराइन्थ्यो । त्यस समयमा पनि क्याम्पस प्रशासनको कक्षबाट नै पुस्तक लिनेदिने कार्य भएको थियो । पछि शैक्षिक संस्थाको लागि अध्ययन र चिन्तन मनन गर्ने मुख्य केन्द्र शैक्षिक पुस्तकालय ठानी शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने दाता श्री सीताराम प्रसाईद्वारा विं.स.२०४७ सालमा निर्मित भानुलाल हरिलाल स्मृति पुस्तकालये भवनबाट पुस्तकालय सम्बन्धी कार्य सञ्चालन भइरहेको छ । त्यसैगरी विं.स.२०६८ मा भक्तराज पुस्तकालय भवन समेत निर्माण भएता पनि उक्त पुस्तकालयमा पाठयक्रम बाहेकका पुस्तकहरू मात्र रहेकाले त्यसलाई व्यवस्थित र्गन सकिएको छैन । तेह्रथुम बहुमुखी क्याम्पस पुस्तकालय निर्देशिका -२०७९ अनुसार पुस्तकालय व्यवस्थापन तथा विकास समिति गठन गर्न वान्छनीय देखिएकाले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०(२०७३/२० सम्मको संसोधन सहित) को परिच्छेद १० नियम ४४ ले दिएको अधिकार प्रयोग गरी यस क्याम्पसले निर्देशिका बनाई कार्यान्वयमा ल्याएको छ । हाल यस पुस्तकालय शाखामा तपसिलका कर्मचारीबाट पुस्तकालयको सेवा सञ्चालन भइरहेको छ ।

१.अम्बिकादेवी चुडाल मुख्य कार्यालय सहायक
२. महेन्द्र थपलिया कार्यालय सहायक

**तेह्रथुम बहुमुखी क्याम्पस पुस्तकालय व्यवस्थापन तथा विकास समिति -२०८० मा ७ सदस्यीय समिति भएकामा मिति** (२०८०/०८/२५ को प्रथम बैठकबाट तपसिल बमोजिमको समिति रहेको छ ।

१) **संयोजक** - श्री गोविन्दकुमार सुवेदी- विभागीय प्रमुख,
२) सदस्य-श्री पूर्णकुमारी रोका- शिक्षक प्रतिनिधि,
३) सदस्य सचिव-श्री अम्विकादेवी चुडाल- पुस्तकालय शाखा प्रमुख

पुस्तकालयका पुस्तक तथा पत्रपत्रिकाहरूको मौजुदा अवस्था :

| क्र.स | विबरण | परिणाम | मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | अल्या २०८०/०८१ सम्मा खरिद बाट प्राप्त पुस्तक सङख्या | ९२६४ । थान | | |
| २ | आ.व.२०८१/०८२ खरिदवाट जम्मा पुस्तक | ७२। थान | ४८८०० | |
| ३ | २०८२ असार मषान्त | ९३३६ | | |

| | | | | |
|---|---|---|---|---|
| | सम्मक जम्मा पुस्तक संख्या | | | |
| ४ | अल्या २०८०/०८१उपहारबाट प्राप्त पूस्तक संङ्ख्या | २३० थान | | |
| ५ | आ.व.२०८२मा उपहार बाट प्राप्त पुस्तक संख्या | १८ थान | १००७१। | |
| ६ | २०८२ असार मषान्त सम्मक उपहारबाट आएका जम्मा पुस्तक संख्या | २४८थान | | |
| ७ | अल्या २०८०/०८१ प्रणयन | ३५ थान | | त्रि.वि.प्राध्यापक सङ्घ एकाई समिति तेह्रथुम वहुमुखी क्याम्पस |
| ८ | २०८१/०८२ मा प्राप्त प्रणयन संख्या) वर्षल २६,अङ्क ८ | १६थान<br>जम्मा ५१ थान | | |
| ९ | आठराई आवज | १३ थान | | ने.प्र.पा .संगठन इ.स . तेह्रथुम वहुमुखी क्याम्पस |
| १० | साहित्यक पत्रिका ह्याङ । | ४६ थान | | |
| ११ | अल्या २०८०/०८१ | १३७ थान | | |

| | | |
|---|---|---|
| | साहित्यक प्रतिवेदन<br>वि.एड. | |
| १२ | २०८२ मा थप प्रतिवेदन | १४ थान<br>जम्मा १५१ थान |
| १३ | अल्या तःाित्रा च्भकभबचअज व्यगचलबा ख्याज्ञि | ३६ थान |
| १४ | स्मारिका<br>)स्वर्णमह**ोत्सव** (<br>२०८०/२०८१ | |
| १५ | अल्या प्रलेस<br>२०८०/०८१ | ३० थान |
| १६ | अल्या ब्लास्ट ०८१ | १०० थान |
| १७ | अन्य पत्रपत्रिका<br>२०८०/०८१ | २०५ थान |
| १८ | अन्य पत्रिका<br>०८१/०८२ | १४ थान<br>जम्मा २१९ थान |
| १९ | तग व्यगचलबा द्दण्डज्ञ | १२ थान |
| २० | अल्या स्नाकोतर थेसिस ०८१ | ११ थान |

| | | |
|---|---|---|
| २१ | थेसिस ०८२ | ४ थान |
| | | जम्मा १५ थान |
| २२ | अल्य आलेख ०८१ | ५८ थान |
| २३ | तग बुलेटिन | |
| २४ | कान्तिपुर दैनिक पत्रिका ०८१ | १४० थान |
| | भौतकि सामाग्री | |
| २५ | काठक किताब राख्ने र्याक०८१ | २९ थान |
| २६ | स्टिलक किताब राख्ने र्याक २०८१ | ६ थान |
| २७ | स्टिलको किताब राख्ने दराज २०८२ | १ थान |
| २८ | काठको दराज ०८२ | १ थान |
| २९ | टेबल) स्टिल (०८२ | २ थान |
| ३ | बेन्च टेबल) रिडिङ् रूम( | २ थान |
| ३१ | कुर्सी | ३ थान |
| ३२ | पुस्तक हराएर डब्बल फाइन लिएका `जम्मा पुस्तक संख्या | २७१थान |

| | | |
|---|---|---|
| ३३ | लघु अनुसन्धान | २ थान |

**भावी कार्ययोजना**

- ❖ पुस्तकालय सम्बन्धी अभिमुखीकरण तालिम वा कार्यक्रम सञ्चालन गर्ने,
- ❖ Barcode reading mechine को व्यवस्था गर्ने ,
- ❖ पुराना भन्दा पुराना पुस्तकहरू थन्क्याउने ठाउँ वा र्याकको व्यवस्थापन गर्ने,
- ❖ केही पुस्तकहरू वाइन्डिङ गर्ने,
- ❖ सबै विद्यार्थीहरूलाई सेटै पुस्तक दिने व्यवस्था मिलाउने,
- ❖ Online resources access को व्यवस्था गर्ने

**Community Outreach Program Report**

# परिचय

तेह्रथुम बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोग) UGC) द्वारा सञ्चालन भइरहेको विस्तारित कार्यसम्पादनमा आधारित लगानी कार्यक्रम) EPI) अन्तर्गत क्याम्पस, समुदाय तथा सरोकारवालाबीच सहकार्य र सञ्जाल विस्तार गर्ने उद्देश्यले Community Outreach Program सञ्चालन गर्दै आएको छ। यो कार्यक्रम उच्च शिक्षाको पहुँच, गुणस्तर र प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्ने क्याम्पसको दीर्घकालीन रणनीतिसँग प्रत्यक्ष रूपमा जोडिएको छ। दुर्गम भौगोलिक अवस्थिति, सीमित आर्थिक स्रोत तथा विद्यार्थी संख्यामा रहेको उतार–चढावका बीच पनि क्याम्पसले शैक्षिक, सामाजिक र सामुदायिक साझेदारीलाई सुदृढ गर्दै स्थानीय तहका विद्यालयहरू, विद्यार्थी, शिक्षक, अभिभावक तथा समुदायबीच प्रत्यक्ष संवाद र सहकार्यको वातावरण निर्माण गर्न निरन्तर प्रयास गर्दै आएको छ। यही निरन्तरताको एक महत्वपूर्ण अंगका रूपमा यस अध्यावधिक Community Outreach Program कार्यान्वयन गरिएको हो।

## उद्देश्य

यस कार्यक्रमका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्

1. **माध्यमिक विद्यालय र क्याम्पसबीच सहकार्य सुदृढ गर्नु**
   कक्षा १२ सञ्चालन गरिरहेका विद्यालयहरूमा पुगेर उच्च शिक्षाको अवस्था, क्याम्पसका विशेषता, शैक्षिक चुनौती र अवसरबारे जानकारी आदान–प्रदान गर्ने।
2. **विद्यार्थीलाई उच्च शिक्षाबारे प्रेरित र अभिमुखीकरण गर्नु**
   अध्ययनपश्चात तेह्रथुम बहुमुखी क्याम्पसलाई उच्च शिक्षा प्राप्तिको उत्कृष्ट विकल्पका रूपमा परिचित गराउँदै विद्यार्थीमा सही शैक्षिक मार्गदर्शन प्रदान गर्ने।
3. **समुदाय, शिक्षक र अभिभावकबीच सकारात्मक धारणा निर्माण गर्नु**
   विद्यालय र समुदायसँग प्रत्यक्ष संवादमार्फत क्याम्पसप्रति विश्वास, सहकार्य र साझेदारीको मनोविज्ञान सुदृढ गर्नु।
4. **गुनासा, सुझाव र आवश्यकता पहिचान गर्दै सुधारका क्षेत्र तय गर्नु**
   विद्यालय तथा समुदायबाट प्राप्त अभिमतका आधारमा क्याम्पसको शैक्षिक तथा प्रशासनिक प्रणाली सुधार गर्न आधार तयार गर्ने।
5. **स्वास्थ्य, सरसफाइ तथा सामाजिक विषयमा सचेतना अभिवृद्धि गर्नु**
   विद्यालयस्तरमा लक्षित सचेतनामूलक गतिविधि—जस्तै, स्वास्थ्य चेतना कार्यक्रम—मार्फत विद्यार्थीको व्यवहारिक जीवनज्ञान र सामाजिक जिम्मेवारीप्रतिको जागरूकता बढाउने।

6. **UGC EPI कार्यक्रमअन्तर्गत क्याम्पसको आन्तरिक क्षमतामा सुदृढीकरण गर्नु**
   पारदर्शी सुशासन, गुणस्तरीय सेवा, प्रतिस्पर्धात्मक क्षमता र समुदायमैत्री संरचना निर्माण गरी क्याम्पसलाई दीर्घकालीन रूपमा सशक्त बनाउने।

**कार्यक्रमका उपलब्धि**

**क)माध्यमिक विद्यालयहरूसँग छलफल तथा अन्तरक्रिया**

विश्वविद्यालय अनुदान आयोगको विस्तारित कार्यसम्पादन आधारमा संचालित कार्यक्रम अन्तर्गत क्याम्पस र विभिन्न सरोकारवालाबीच सहकार्यको वातावरण विस्तार गर्न संवाद तथा अन्तरक्रियात्मक कार्यक्रम आयोजित गरियो। कक्षा १२ सञ्चालन गरिरहेका माध्यमिक विद्यालयहरूमा गएर उच्च शिक्षाको वर्तमान अवस्था, क्याम्पसको विशेषताहरू, गुणस्तर वृद्धि गर्न आवश्यक उपायहरू र विद्यार्थीसँग मेल खाने प्रोत्साहनका विधिबारे विस्तृत छलफल भयो । यस अन्तरक्रियामा क्याम्पस प्रमुख, प्राध्यापक, विद्यार्थी प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीले आ–आफ्नो दृष्टिकोण, अनुभव र विद्यालयको वास्तविक अवस्थाबारे अभिव्यक्ति राखे। कार्यक्रमले कक्षा १२ सकिएपछि उच्च शिक्षाका लागि तेह्रथुम बहुमुखी क्याम्पसलाई उत्कृष्ट गन्तव्य बनाउने प्रेरणा विद्यार्थी तथा विद्यालय समुदायलाई प्रदान गर्न सफल भयो । स्थलगत भ्रमण र प्रत्यक्ष संवादबाट प्राप्त सुझाव, गुनासो र चासोलाई सम्बोधन गर्दा क्याम्पस र उच्च शिक्षाप्रति सकारात्मक दृष्टिकोण थप मजबुत भएको देखियो । साथै, विद्यालयमा आवश्यक शैक्षिक, प्रशासनिक सुधार, विद्यार्थीमैत्री वातावरण निर्माण तथा गुणस्तर अभिवृद्धिका विषयमा विद्यालयहरूलाई व्यवहारिक सुझाव प्रदान गरियो।

त्यसैगरी, प्रणामि माध्यमिक विद्यालय, ईवाका २५० विद्यार्थीहरूलाई लक्षित गरी स्वास्थ्य चेतना सम्बन्धी एक दिने सचेतना कार्यक्रम सफलतापूर्वक सम्पन्न गरियो। उक्त कार्यक्रम आठराई गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख डा= विनय चौधरी तथा क्याम्पस प्रमुख पोष्टराज लामिछानेको सक्रिय सहजीकरणमा सम्पन्न भएको थियो। यस गतिविधिले विद्यार्थीहरूमा स्वास्थ्य, सरसफाइ र जीवनशैली सम्बन्धी सचेतनाको स्तर थप उकासिएको अनुभव गरियो ।

**निष्कर्ष**

विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षामा विशिष्टता प्रवद्र्धन अन्र्तगत विस्तारित कार्यसम्पादनमा आधारित लगानी ९भ्एद्यँ० ले हाम्रो जस्तो दुर्गममा अवस्थित र आम्दानीको स्रोत न्यून भएको क्याम्पसलाई आन्तरिक सवलतामा वृद्धिका साथै समुदाय, विद्यार्थी र सरोकारवाला बिच उत्पादनमूलक सम्बन्ध स्थापना गर्न सहयोग गरेको छ । क्याम्पसको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न, संस्थागत सुशासन हाँसिल गरी समग्र गुणस्तरीयता हासिल गर्न Community Outreach Program को ठूलो देन रहेको छ ।

# विद्यार्थी परामर्श तथा रोजगार सेल

## वार्षिक प्रतिवेदन (शैक्षिक सत्र: २०८१/८२)

**१. परिचय**

तेह्रथुम बहुमुखी क्याम्पसअन्तर्गत सञ्चालन हुँदै आएको विद्यार्थी परामर्श तथा रोजगार सेलले शैक्षिक सत्र २०८१/८२ मा विद्यार्थीहरूको शैक्षिक, व्यावसायिक तथा रोजगार सम्बन्धी मार्गदर्शनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। क्याम्पसमा अध्ययनरत तथा कक्षा १२ पास विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर, सीप विकास र रोजगारीका बारेमा प्रभावकारी परामर्श प्रदान गर्नु यस सेलको मुख्य उद्देश्य हो।

**२. प्रमुख गतिविधिहरू**

शैक्षिक परामर्श तथा अन्तरक्रिया कार्यक्रम

शैक्षिक वर्षभरि निम्न स्थानका माध्यमिक विद्यालयहरूमा पुगेर परामर्श तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो:

आठराई गाउँपालिका

ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिका

फेदाप गाउँपालिका (तेह्रथुम)

हिलिहाङ गाउँपालिका (पाँचथर)

**कार्यक्रमका मुख्य उद्देश्य:**

शैक्षिक गुणस्तर सुधारबारे जागरण

कक्षा १२ पछिका अध्ययन अवसरको जानकारी

क्याम्पसमा उपलब्ध सेवा, सुविधा, छात्रवृत्ति तथा कार्यक्रमहरूको परिचय

विद्यार्थी तथा अभिभावकसँग प्रत्यक्ष संवाद

**३ रोजगार तथा अवसर सम्बन्धी परामर्श**

- ✓ लोक सेवा आयोग, शिक्षक सेवा आयोग तथा स्थानीय तहका विज्ञापनहरू सम्बन्धी जानकारी नियमित रूपमा प्रदान
- ✓ विद्यार्थीहरूलाई प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन प्रोत्साहन
- ✓ आवेदन प्रक्रिया, तयारी विधि तथा सामग्री सम्बन्धी परामर्श ।

४**. कार्यक्रमहरूको प्रभाव**

क्याम्पसप्रति समुदाय र अभिभावकको विश्वास वृद्धि

विद्यार्थीहरूमा ICT सीप तथा डिजिटल साक्षरता उच्च

रोजगारप्रति आकर्षण र प्रतिस्पर्धात्मक सहभागिता वृद्धि

क्याम्पस–समुदाय सहकार्य मजबुत भएर नयाँ विद्यार्थी भर्नामा सकारात्मक प्रभाव ।

**५. चुनौतीहरू**

भूगोल तथा विद्यालयको पहुँचका कारण सबै स्थान कभरेज कठिन

दीगो कार्यक्रम विस्तारका लागि स्रोतको न्यूनता

परामर्श कक्ष तथा भौतिक संरचनाको अभाव

तालिम विस्तारका लागि प्राविधिक जनशक्ति अपर्याप्त ।

**६. आगामी वर्षका योजनाहरू (२०८२/८३)**

**१. विद्यार्थी परामर्श सेवा सुदृढीकरण**

नयाँ विद्यार्थीहरूका लागि अभिमुखीकरण कार्यक्रम संचालन शैक्षिक, मनोसामाजिक तथा करियर मार्गदर्शन नियमित रूपमा प्रदान

**२. रोजगारमूलक सीप विकास कार्यक्रम**

कम्प्युटर, नेतृत्व, सञ्चार कौशल र उद्यमशीलतासम्बन्धी छोटो तालिम स्थानीय उद्योग/संस्थासँग सहकार्य गरी 'इर्न–एण्ड–लर्न' कार्यक्रम सञ्चालन

**३. डेटाबेस व्यवस्थापन प्रणालीको विकास**

विद्यार्थीको शैक्षिक, सीप, रुचि तथा करियर लक्ष्यको डिजिटल तथ्यांक अभिलेख परामर्श तथा रोजगार प्रदान गर्न सहज बनाउने प्रणाली विकास

**४. सहकार्य विस्तार**

विभिन्न बैंक, कम्पनी, सहकारी, उद्योग तथा स्थानीय निकायसँग MoU स्थापना अन्तर्गत 'इन्टर्नसिप', 'अवधि-रोजगार' र 'फिल्ड एक्स्पोजर' कार्यक्रम सञ्चालन

**५. परामर्श कक्षको सुदृढीकरण**

सूचना बोर्ड, सामग्री, फर्म, डिजिटल सूचना तथा आवश्यक उपकरण व्यवस्थापन गोपनीयता र सहज पहुँचयुक्त सेवा सुनिश्चित

**६. विद्यार्थी छलफल तथा समूहगत कार्यक्रम**

विद्यार्थी गुणस्तर मण्डल (SQC) मार्फत समस्या पहिचान र समाधान कार्यक्रम विद्यार्थी नेतृत्व विकासका लागि 'टोल–टोलमा नेतृत्व' अभियान

**७. रोजगार मेलाको आयोजना**

स्थानीय तथा बाह्य रोजगारी संस्थाहरूसँग सहकार्य गरी वार्षिक करियर मेला विद्यार्थीलाई प्रत्यक्ष रूपमा रोजगारी तथा इन्टर्नसिप अवसर

**८. क्षमता विकास कार्यक्रम**

परामर्श र करियर सेवा प्रबन्धनमा नवीनतम प्रविधि तथा प्रवृत्तिको प्रयोग

**९. शैक्षिक भ्रमण तथा उद्योग अध्ययन**

विभिन्न उद्योग, बैंक, फार्म, सरकारी तथा निजी कार्यालयमा शैक्षिक भ्रमण विद्यार्थीलाई व्यवहारिक अध्ययनमा आधारित सिकाइ अवसर प्रदान

**८. निष्कर्ष**

विद्यार्थी परामर्श तथा रोजगार सेलले क्याम्पस, विद्यार्थी तथा समुदायबीच सकारात्मक सहकार्य स्थापित गरेको छ। रोजगार अवसर, सीप विकास तथा उच्च शिक्षामा प्रवेशका मार्गहरू सहज बनाउन यस सेलले महत्वपूर्ण भूमिका खेलिरहेको छ।

समिति:

१. श्री गोविन्दकुमार सुवेदी – संयोजक
२. श्री सोमनाथ घिमिरे – सदस्य
३. श्री नवराज ओली – सदस्

## Student Enrollment

After the PCL phase out, the students' enrolment is decreasing in TMC. The following table shows comparative details of students' enrolment position during and after PCL Phase out.

Student Enrollment


| **S.N.** | **New Admission of Student in Year** | **B. A.** | **B. Ed.** | **One Year B. Ed.** | **M.A.** | **BBS** | **Total** |
|---|---|---|---|---|---|---|---|
| 1. | 2078/79 | 13 | 86 | 9 | 20 | - | 128 |
| 2 | 2079/80 | 28 | 98 | - | 12 | - | 138 |
| 3. | 2080/81 | 6 | 32 | - | 11 | 12 | 45 |
| 4. | 2081/82 | 4 | 33 | - | 19 | 14 | 71 |

## Institutional and Human Resource Development Trend

The following table shows the institutional and Human Resource Development Trend of the TEMC:

**Tehrathum Multiple Campus, Chuhandanda**

**(Organizational Chart)**



## Details of Teaching Staff

| S.N. | Name | Designation | Teaching Subject |
|---|---|---|---|
| 1 | Posta Raj Lamichhane | Campus Chief | Account |
| 2 | Dipak Raj Upreti | Ass. Campus Chief | Economics |
| 3 | Lokendra Sitoula | Student Welfare Director | Poltical Science |
| 4 | Manoj Kumar Chaudari | Reader | English |
| 5 | Nidhi Ratna Neupane | Teaching Assistant | Nepali |
| 6 | Ishwori Prasad Dangi | Teaching Assistant | Economic |
| 7 | Punya Prasad Siwakoti | Teaching Assistant | Population Studies |
| 8 | Chakra Pani Bhattarai | Teaching Assistant | Population Studies |
| 9 | Dharma Raj Gautam | Teaching Assistant | Nepali |
| 10 | Jiban Paudel | Teaching Assistant | Population Studies |
| 11 | Govinda Kumar Subedi | Teaching Assistant | Poltical Science |
| 12 | Ganesh Bimali | Teaching Assistant | Population Studies |
| 13 | Som Nath Ghimire | Teaching Assistant | Nepali |
| 14 | Yogesh Kafle | Teaching Assistant | Nepali Edu. |
| 15 | Purna Kumari Roka | Teaching Assistant | Nepali |
| 16 | Nabaraj Oli | Teaching Assistant | English Edu. |
| 17 | Sharawoti Thapa | Part time | English |
| 18 | Krishna prasa Niraula | Part time | English Edu. |
| 19 | Durga Chamalagain | Part time | Curriculam |

## Details of Administrative Staff

| S.N. | Name | Designation |
|---|---|---|
| 1 | Ambika Devi Chudal | Head Assistant |
| 2 | Narad Angbuhang | Head Office Assistant |
| 3 | Naresh Pal | Assistant Account |
| 4 | Nirmala Devi Limbu | Assistant Store Keeper |
| 5 | Mahendra Thapaliya | Typist Gha |
| 6 | Khadga Narayan Guragain | It |
| 7 | Mahendra Katuwal | Watchman |
| 8 | Dharma Raj Achrya | Peon |
| 9 | Tulasha Katuwal | Cook |

## Campus Building (Old and New)



